# समलिङ्गी विवाह सम्बन्धी सर्वोच्च अदालतबाट भएको आदेश कार्यान्वयन तथा विद्यमान कानूनमा गरिएको अध्ययन प्रतिवेदन, २०८३

नेपाल कानून आयोग

नेपाल सरकार
**नेपाल कानून आयोग**
नयाँ बानेश्वर, काठमाडौं

## विषयसूची


**१. परिच्छेद-१ प्रारम्भिक**

१.१ पृष्ठभूमि.......................................................................................................१

१.२ अध्ययनको उद्देश्य र आवश्यकता.....................................................४

१.३ अध्ययनको विधि.........................................................................................४

१.४ अध्ययनको सीमा.........................................................................................४

१.५ अध्ययनको ढाँचा..........................................................................................५

१.६ अध्ययन गर्न आयोगबाट भएको निर्णय.................................................५

**२. परिच्छेद -२ समलिङ्गी विवाह सम्बन्धी अवधारणा**

२.१ परिचय.............................................................................................................६

२.२ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको वर्गीकरण.................................८

२.३ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको हक अधिकारका विषयमा नेपालमा हालसम्म भएका प्रयासहरू..........................................११

**३. परिच्छेद -३ विवाहसम्बन्धी संवैधानिक कानूनी तथा नीतिगत व्यवस्था**

३.१ संवैधानिक व्यवस्था.....................................................................................१५

३.२ कानूनी व्यवस्था...........................................................................................१७

३.३ न्यायिक दृष्टिकोण.........................................................................................४०

**४. परिच्छेद -४ समलिङ्गी विवाहसम्बन्धी भएका अन्तर्राष्ट्रिय व्यवस्थाहरू**

४.१ अन्तर्राष्ट्रिय कानूनी व्यवस्था......................................................................४७

४.२ नेपाल पक्ष भएका सन्धिमा भएका व्यवस्था.........................................५१

**५. परिच्छेद -५ समलिङ्गी विवाह सम्बन्धी कानूनले नेपाली समाजमा पार्न सक्ने प्रभावको विश्लेषण**

५.१ समलिङ्गी विवाहको कानूनले प्रभावित हुन सक्ने प्रचलित कानूनहरू..............५६

५.२ समलिङ्गी विवाह सम्बन्धी कानूनले प्रभाव पार्न सक्ने क्षेत्र.........................१२९

**६. परिच्छेद -६ निष्कर्ष**

निष्कर्ष र सुझाव...............................................................................................१३४

**सन्दर्भ सामग्री**


नेपाल कानून आयोग

## परिच्छेद-१

## प्रारम्भिक

### १.१ पृष्ठभूमि

नेपालको संविधानको धारा १८ मा समानताको हक अन्तर्गत उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांशमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक नागरिकको संरक्षण, सशक्तिकरण र विकासका लागि कानून बमोजिम राज्यले विशेष व्यवस्था गर्न सक्ने प्रावधान रहेको छ। त्यसैगरी धारा ४२ मा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समेतलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने व्यवस्था रहेको छ। धारा ५१ को खण्ड (ज) को क्र.सं. (९) मा अल्पसङ्ख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने र क्र.सं. (१२) मा सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने व्यवस्था राज्यको नीतिको रूपमा रहेको छ।

तत्कालीन निलहिरा समाज (Blue Diamond Society) का कार्यकारी निर्देशक सुनिलबाबु पन्त विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[1] भएको रीट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट "महिला र पुरुष बाहेक अन्य तेश्रो लिङ्गी लगायतका व्यक्तिहरूलाई यौन अभिमुखीकरण (Sexual orientation) का आधारमा भेदभाव गर्न नमिल्ने, कानूनले निर्धारण गरेको उमेर पूरा गरेका व्यक्तिहरूले कसरी यौन सम्पर्क राख्दछन् र त्यस्तो सम्पर्क प्राकृतिक अप्राकृतिक के हो भनी प्रश्न गर्ने अधिकार कसैलाई पनि प्राप्त हुन नहुने, एउटा साबालक व्यक्तिले अर्को साबालक व्यक्तिसँग राजीखुशी मञ्जूरीले आफ्नो चाहना अनुरूप वैवाहिक सम्बन्ध राख्न पाउनु उसको नैसर्गिक हक र अधिकार हो। समलिङ्गी विवाहलाई सम्बन्धित व्यक्तिहरूको हक अधिकार र सामाजिक पारिवारिक दृष्टिकोण लगायतका सबै पक्षबाट हेरिनुपर्ने" भनी व्याख्या गरिएको छ।

त्यसैगरी "मानव अधिकार सम्बन्धी दस्तावेजहरू, विश्वमा विकास भएका समलिङ्गी विवाह सम्बन्धी नवीन मान्यताहरू, समलिङ्गी विवाहलाई मान्यता प्रदान गर्ने देशहरूको अनुभव र

---

[1] नेपाल कानून पत्रिका, २०६५, अङ्क ४, निर्णय नं. ७९५८।

त्यसले समाजमा पार्ने प्रभावको सम्बन्धमा बृहत् अध्ययन र विश्लेषण गरिनु आवश्यक रहेको उल्लेख गरिएको छ। साथै तेश्रो लिङ्गी सम्बन्धी समग्र विषयमा अध्ययन गर्न नेपाल सरकारले एक समिति गठन गर्नु र उक्त समितिले समान लिङ्गका व्यक्तिहरू बीचको विवाह (Same Sex Marriage) र समग्र LGBTI हरुको वैवाहिक अवस्थाका सम्बन्धमा सम्भव भए अन्य राष्ट्रका कानूनी व्यवस्था समेत अध्ययन गरी उक्त समितिले दिएको राय सुझावको आधारमा नेपाल सरकारले आवश्यक कानूनी व्यवस्था गर्नु" भनी २०६४ सालमा नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश समेत जारी भएको थियो।

सोही निर्देशनात्मक आदेश बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६६।०१।२१ को निर्णयबाट लैङ्गिक पहिचान र यौन अभिमुखीकरण सबै व्यक्तिहरूको समान अधिकार सम्बन्धमा अध्ययन गर्न समिति गठन भएको अध्ययनबाट देखिन्छ। उक्त समितिको कार्यक्षेत्रमा समलिङ्गी विवाहले समाजमा पार्ने प्रभावको अध्ययन समेत समावेश भएको देखिन्छ। उक्त समितिले पेस गरेको प्रतिवेदन मिति २०७१।११।१४ गतेको मन्त्रिपरिषद् बैठकमा पेस भएको समलिङ्गी विवाहसम्बन्धी अध्ययन प्रतिवेदन कार्यान्वयनको लागि तत्कालीन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रायलमा पठाउने निर्णय भएको थियो।

नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय सहितको प्रतिवेदन कार्यान्वयनका लागि तत्कालीन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा प्राप्त भए पश्चात उक्त मन्त्रालयले सम्मानित सर्वोच्च अदालतबाट भएको निर्देशनात्मक आदेश र समलिङ्गी विवाससम्बन्धी अध्ययन प्रतिवेदनका आधारमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, समलिङ्गी विवाह सम्बन्धी नयाँ निर्माण गरिने विधेयकको अवधारणापत्र, २०७६ तयार गरी मिति २०७७।०४।२३ गते कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सैद्धान्तिक सहमतिको लागि पठाइएको र मिति २०७७।०६।२३ गते कानून, न्याय तथा संसदीय मामिमा मन्त्रालयले देहायको विषयमा स्पष्ट भए पश्चात मात्र सैद्धान्तिक सहमतिको प्रक्रिया अघि बढाउने गरी फाइल फिर्ता पठाएको अवस्था देखिन्छ :-

(१) समलिङ्गी विवाहको मान्यता प्रदान गर्ने व्यवस्थाको साथै लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका अन्य हक अधिकारको सम्बन्धमा व्यवस्था गर्नु पर्ने भएमा के

कस्ता हक अधिकार व्यवस्था गर्नु पर्ने हो र ती हक अधिकारका विषयमा मौजुदा कानूनी व्यवस्थाबाट सम्बोधन हुन नसक्ने कारणहरू,

(२) लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, समलिङ्गी विवाहको सम्बन्धमा कानूनी व्यवस्था गर्दा उक्त कानून निर्माण पछि प्रचलित कानूनहरू मध्ये कुन कुन कानूनमा के कस्तो असर र प्रभाव पर्छ ? सो सम्बन्धी व्यवस्था र त्यस्ता असर प्रभावलाई सम्बोधन गर्नको लागि अबलम्बन गर्नु पर्ने नीतिगत तथा कानूनी व्यवस्थामा खासगरी वैवाहिक अङ्गीकृत नागरिकता सम्बन्धी कानूनी व्यवस्था, जवरजस्ती करणीको कसूरको परिभाषा आदि,

(३) अवधारणापत्रमा उल्लेख भए बमोजिम विवाह सम्बन्धी कानूनमा समावेश गर्न खोजिएका विषयहरूको अन्य कानूनसँगको सामञ्यस्ता सम्बन्धमा,

(४) समग्र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको विवाह सम्बन्धी वा समलिङ्गीको विवाह सम्बन्धी, कुन कानून बनाउन खोजिएको हो सो सम्बन्धमा स्पष्टता, र

(५) नेपाल सरकारलाई थपिन जाने आर्थिक व्ययभारको विषयमा अर्थ मन्त्रालय, नागरिकता लगायत अन्य कानूनमा पर्ने प्रभाव तथा अवलम्बन गर्नु पर्ने नीतिगत विषयमा गृह मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय लगायतका प्रस्तुत विषयमा कानूनी व्यवस्था भएपछि कार्यान्वयनमा संलग्न हुने मन्त्रालयको सहमति।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले मिति २०८१।०९।१८ गतेको पत्रबमोजिम समलिङ्गी विवाह सम्बन्धी आदेश कार्यान्वयन गर्न आवश्यक कानून संशोधनको लागि मसौदा तयार गर्न नेपाल कानून आयोग पठाएकोमा यस विषयमा थप अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी प्रक्रिया अगाडि बढाउन पर्ने देखिएको भनी नेपाल कानून आयोगको मिति २०८१।११।२३ गतेको बैठकमा निर्णय गरिएको थियो।

यसै सन्दर्भमा तत्कालीन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत समलिङ्गी विवाह सम्बन्धी आदेश कार्यान्वयन गर्न आवश्यक अध्ययन एवम् विद्यमान कानून संशोधन वा नयाँ कानूनको मस्यौदा तयार गर्न मिति २०८२।०८।२१ गतेको सचिवस्तरीय निर्णय सहितको पत्र नेपाल

कानून आयोगमा प्राप्त भएकोमा समलिङ्गी विवाह सम्बन्धी विषयमा अध्ययन गर्न नेपाल कानून आयोगको सचिवको संयोजकत्वमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प्रतिनिधि समेत रहने गरी प्रस्तुत अध्ययन समितिको गठन भएको हो।

## १.२ अध्ययनको उद्देश्य र आवश्यकता

यस अध्ययनको उद्देश्य र आवश्यकता देहाय बमोजिम रहेका छन्ः-

(क) नेपालमा भएका समलिङ्गीहरूको विवाहसम्बन्धी मौजुदा अवस्थाको अध्ययन र विश्लेषण गर्नु,

(ख) समलिङ्गी विवाहसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानून र अभ्यासको अध्ययन गर्नु,

(ग) समलिङ्गी विवाहसम्बन्धी हक अधिकारका विषयमा मौजुदा कानूनी व्यवस्थाबाट सम्बोधन हुन नसक्ने कारणको विश्लेषण गर्न, र

(घ) समलिङ्गी विवाहको सम्बन्धमा कानूनी व्यवस्था गर्दा प्रचलित कानूनमा पर्ने सक्ने प्रभावको विश्लेषण गर्न।

## १.३ अध्ययनको विधि

यस अध्ययनका लागि नेपालको संविधान, प्रचलित कानून, अन्तर्राष्ट्रिय कानून, सर्वोच्च अदालतले गरेका फैसला र निर्देशनात्मक आदेशलाई प्रमुख स्रोत मानिएको छ। यसका साथै विभिन्न निकायबाट समलिङ्गी विवाहसम्बन्धमा भएका अध्ययन प्रतिवेदन, समलिङ्गीहरुको हक अधिकारका लागि स्थापित विभिन्न संघ संस्थाका वेबसाइटमा प्रकाशित प्रतिवेदन, पुस्तक, विज्ञका लेख रचना अध्ययन तथा सरोकारवाला निकायसँगको छलफल लगायतलाई द्वितीय स्रोतका रूपमा लिइएको छ। यसरी सङ्कलित अध्ययन सामग्री तथा विषय विज्ञसँगको छलफल समेतका आधारमा विश्लेषणात्मक पद्धति र उद्देश्यपूर्ण विधि अवलम्बन गरी यो अध्ययन तयार गरिएको छ।

## १.४ अध्ययनको सीमा

यस अध्ययनको सीमा देहाय बमोजिम रहेको छः-

(क) नेपालमा भएका समलिङ्गीहरूको विवाहसम्बन्धी अवस्थाको अध्ययन र विश्लेषण गर्ने,

(ख) समलिङ्गी विवाहसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानून र अभ्यासको अध्ययन गर्ने,

(ग) समलिङ्गी विवाहसम्बन्धी हक अधिकारका विषयमा मौजुदा कानूनी व्यवस्थाबाट सम्बोधन हुन नसक्ने कारणको विश्लेषण गर्ने, (खासगरी वैवाहिक अङ्गीकृत नागरिकता सम्बन्धी कानूनी व्यवस्था, जवरजस्ती करणीको कसूरको परिभाषा आदि)

(घ) समलिङ्गी विवाहको सम्बन्धमा कानूनी व्यवस्था गर्दा प्रचलित कानूनमा पर्न सक्ने प्रभावको विश्लेषण गर्ने।

## १.५ अध्ययनको ढाँचा

यस अध्ययनलाई छ परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ। जसमा परिच्छेद-१ मा अध्ययनको पृष्ठभूमि, उद्देश्य र आवश्यकता, अध्ययन विधि, सीमा र ढाँचालाई प्रस्तुत गरिएको छ। परिच्छेद-२ मा समलिङ्गी विवाह सम्बन्धी अवधारणा, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको वर्गीकरण तथा यस समुदायको हक अधिकारका विषयमा नेपालमा हालसम्म भएका प्रयासलाई राखिएको छ। परिच्छेद-३ अन्तर्गत विवाहसम्बन्धी नेपालमा भएका कानूनी तथा नीतिगत व्यवस्था र न्यायिक दृष्टिकोण उल्लेख गरिएको छ। परिच्छेद-४ मा अन्तराष्ट्रिय कानूनी व्यवस्था र परिच्छेद-५ मा समलिङ्गी विवाहले नेपाली समाज र प्रचलित कानूनमा पार्न सक्ने प्रभावको विश्लेषण गरिएको छ। परिच्छेद-६ मा यस अध्ययनको निष्कर्ष र सुझावलाई प्रस्तुत गरिएको छ।

## १.६ अध्ययन गर्न आयोगबाट भएको निर्णय

नेपाल कानून आयोग ऐन, २०६३ ले कानून र न्याय सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने मुख्य उद्देश्य सहित नेपाल कानून आयोगको स्थापना गरेको अवस्था छ। सोही व्यवस्था बमोजिम नेपाल सरकार, तत्कालीन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालबाट यस आयोगमा समलिङ्गी विवाह सम्बन्धमा अध्ययन गर्न अनुरोध भई आएको र यस आयोगबाट मिति २०८२।११।२६ मा यस आयोगका सचिवको संयोजकत्वमा अध्ययन समिति गठन भई तोकिएको कार्यादेश बमोजिम प्रस्तुत अध्ययन गरिएको छ।

## परिच्छेद-२

## समलिङ्गी विवाह सम्बन्धी अवधारणा

### २.१ परिचय

विवाह भनेको दुई व्यक्तिहरूबीचमा हुने सामाजिक, धार्मिक वा कानूनी सम्बन्ध हो, जसले उनीहरूलाई पति पत्नीको रूपमा एकअर्काप्रति अधिकार, कर्तव्य र जिम्मेवारी प्रदान गर्छ। परम्परागत रूपमा विवाह महिला र पुरूषबीच हुने भए तापनि पछिल्लो समयमा विवाह दुई व्यक्तिहरू (महिला र पुरूष, महिला र महिला, पुरूष र पुरूष) बिच पनि हुने सक्ने मानिन्छ। समान लिङ्ग भएका व्यक्तिहरुबिच शारीरिक, मानसिक वा भावनात्मक रूपमा आकर्षण वा प्रेमिल सम्बन्ध भएमा उनीहरुलाई समलिङ्गी भनिन्छ। उनीहरुलाई LGBTQIA+ समुहमा राखिन्छ जसले उनीहरुलाई नयाँ हक र अस्तित्व प्रदान गर्छ।

नेपालमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरणको कारणले विभेदमा परिरहेका छन्। जैविक लिङ्गको आधारमा समाजले तोकिदिएको सामाजिक भूमिका भन्दा फरक भूमिकामा प्रस्तुत हुने व्यक्तिहरू तेस्रो लिङ्गी हुन्। तेस्रो लिङ्गी भन्ने शब्दले यी समुदायभित्रको विविधता समेट्न नसकेको हुँदा अहिले यस प्रकारको लैङ्गिकताको अवस्थालाई मान्यता दिँदै लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक भनेर सम्बोधन गर्ने गरिएको छ।

नेपालले पहिलो पटक जनगणनामा “अन्य लिङ्गी” श्रेणी समावेश गरी पुरुष र महिला विकल्पका साथै आफ्नो लिङ्ग “अन्य” (Others) भनेर छनोट गर्ने सुविधाको व्यवस्था गरेको भए तापनि नेपाली समाजमा रहेको सामाजिक अवहेलनाका कारण धेरै व्यक्तिले आफ्नो यौन अभिमुखीकरण वा लैङ्गिक पहिचान खुलाउन नचाहने भएकाले नेपालमा LGBTQIA+ व्यक्तिहरूको वास्तविक तथ्याङ्क खुल्न सकेको छैन।[२]

वि.सं. २०७८ सालको जनगणनाले नेपालमा समलिङ्गी महिला (Lesbian), समलिङ्गी पुरुष (Gay), उभयलिङ्गी (Bisexual) , ट्रान्सजेन्डर (Transgender), अन्तरलिङ्गी (Intersex) तथा अन्य विविध यौनिक वा लैङ्गिक पहिचान भएका करिब २,९२८ व्यक्तिहरू रहेको तथ्याङ्क

---

२ https://www.aljazeera.com/news/2021/9/29/nepal-introduces-third-gender-category-in-latest-census

सङ्कलन गरेको छ।[३] तर, जनगणनामा यौनिक अभिमुखीकरण तथा लैङ्गिक पहिचानसम्बन्धी स्पष्ट प्रश्नहरूको अभाव, तथ्याङ्क सङ्कलनका सीमित विधिहरू र गोपनीयतासम्बन्धी कारणले धेरै व्यक्तिले आफ्नो पहिचान खुलाउन सकेनन्। त्यसैले जनगणनामा आएको सङ्ख्या वास्तविक सङ्ख्याभन्दा निकै कम हुन सक्ने अनुमान गर्न सकिन्छ। यद्यपि, नेपालमा LGBTQ+ समुदायको अधिकारका लागि काम गर्ने विभिन्न संस्थाहरूले यस समुदायका व्यक्तिहरूको सङ्ख्या करिब २५ लाख हुन सक्ने अनुमान गरेका छन्।[४]

नेपालमा समलिङ्गी पुरुष (Gay) र ट्रान्सजेन्डर (Transgender) व्यक्तिहरू तथा अधिकारकर्मीका अनुसार करिब ९ लाख जनसङ्ख्या भएको अनुमान गरिएको LGBTQIA+ समुदायले अझै पनि विभिन्न प्रकारका विभेद र असमानताको सामना गरिरहेको छन्। विशेष गरी पारिवारिक, वैवाहिक र सामाजिक सम्बन्धका साथै रोजगारी, स्वास्थ्य सेवा र शिक्षाको क्षेत्रमा उनीहरूलाई उल्लेखनीय चुनौती र भेदभाव झेल्नुपरेको देखिन्छ। अधिकारकर्मीहरूको भनाइमा, केही कानूनी तथा नीतिगत व्यवस्था भए तापनि आवश्यक स्पष्ट कानूनी व्यवस्था नभएका कारण LGBTQIA+ समुदायका धेरै सदस्यहरू अझै पनि सामाजिक बहिष्कार, विभेद तथा पूर्वाग्रहका कारण प्रभावित भइरहेका छन्।[५]

मितिनी नेपाल (LGBTQI+ समुदायसँग सम्बन्धित संस्था) का अनुसार, नेपालको राष्ट्रिय जनगणना २०७८ को नतिजाले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको जनसङ्ख्या कुल जनसङ्ख्याको ०.०१ प्रतिशत तथ्याङ्कले देखाएको छ। सबै प्रदेशहरूमध्ये बागमती प्रदेशमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको प्रतिशत सबैभन्दा बढी ३२.७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेश मा सबैभन्दा कम २.८ प्रतिशत रहेको छ। तर राष्ट्रिय जनगणना २०७८ मा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरूको विवरण घरधुरी सर्वेक्षणमा जैविक लिङ्ग (पुरुष वा महिला) का आधारमा मात्र गणना गरिएको

---

३ राष्ट्रिय जनगणना २०७८ संक्षिप्त नतिजा, पृष्ठ नं. ४८ (file:///C:/Users/Acer/Downloads/Census_Nepali_book.pdf )

४ Anam A, Sharu J, Rita T. Nepal takes steps to include LGBTIQ persons in 2021 population census. (https://asiapacific.unwomen.org/en/news-and-events/stories/2019/10/nepal-takes-steps-to-include-lgbtiq-persons-in-2021-population-census.)

५ https://www.aljazeera.com/news/2021/9/29/nepal-introduces-third-gender-category-in-latest-census

थियो। उनीहरूलाई मुख्य प्रश्नावलीमा छुट्टै लैङ्गिक श्रेणीका रूपमा समावेश गरिएको थिएन। यस कारणले गर्दा यस समुदायको वास्तविक सङ्ख्या जनगणनामा प्रतिबिम्बित हुन नसकेको भन्दै सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका छन्।[६]

## २.२ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको वर्गीकरण

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानव अधिकारका प्रश्नलाई एकिकृत र समग्र रुपमा हेरेर वास्तविक समस्या बुझ्न सकिँदैन। उनीहरूका वर्गीकरणअनुसार समस्या पनि फरक फरक हुने गर्दछन्। एक समूहको समस्या अर्को समूहका समस्या भन्दा भिन्न हुन्छन्। तसर्थ, यिनीहरूको प्रचलित मान्यताअनुसार वर्गीकरण आवश्यक छ। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायभित्र देहायका समूह पर्दछन् :-

(क) समलिङ्गी महिला (Lesbian)

एक महिला जो शारीरिक, मानसिक तथा भावनात्मक रुपले अर्की महिलाप्रति मात्र आकर्षित हुन्छिन्, त्यसलाई समलिङ्गी महिला भनिन्छ। यिनको वाह्य शारीरिक प्रारुप पूर्णरुपमा महिला नै हुन्छ। तर यिनमा विपरीत लिङ्गी पुरुषप्रति कुनै यौनाकर्षण हुँदैन। यस समूहको व्यक्ति यौन सन्तुष्टी लगायत हरेक प्रसङ्गमा अर्को महिलाप्रति मात्र आकर्षित हुन्छिन्।

(ख) समलिङ्गी पुरुष (Gay)

एक यस्तो पुरुष जो शारीरिक, मानसिक तथा भावनात्मक रुपले अर्को पुरुषप्रति मात्र आकर्षित हुन्छ, त्यस्तो व्यक्तिलाई समलिङ्गी पुरुष भनिन्छ। यिनको बाह्य शारीरिक प्रारुप पुरुष सरह हुन्छ। तर यिनको विपरीत लिङ्गी महिला प्रति यौनाकर्षण हुँदैन। यिनको यौन सन्तुष्टी लगायत भावनात्मक, शारीरिक र मानसिक लगाव पुरुषसँग मात्र हुन्छ।

(ग) द्विलिङ्गी (Bisexual)

शारीरिक, मानसिक तथा भावनात्मक रुपले पुरुष र महिला दुवैप्रति समान रुपले आकर्षित हुने व्यक्तिलाई द्विलिङ्गी भनिन्छ। यसअन्तर्गत महिला र पुरुष दुवै प्रकारका

[६] https://mitininepal.org.np/lgbti/

व्यक्तिहरू पर्दछन्। एक महिला पुरुष र महिला दुवै प्रति आकर्षित हुन्छिन् भने उनी महिला द्विलिङ्गी मानिन्छिन्। एक पुरुष जो महिला र पुरुष दुवैप्रति समान रुपमा आकर्षित हुन्छ भने उसलाई पुरुष द्विलिङ्गी भनिन्छ।

(घ) तेस्रो लिङ्गी (Transgender)

जन्मदा बालक वा बालिकाकै रुपमा यिनको जन्म हुन्छ। तर हुर्कदै जादा लैङ्गिक पहिचान (Gender Identity), लैङ्गिक प्रस्तुति (Gender Expression), व्यक्तित्व आदि समाजमा परम्परागत रुपमा महिला र पुरुषबाट अपेक्षा गरिएको भन्दा फरक हुन्छ। तेस्रो लिङ्गी भनेको यस्तो लैङ्गिक पहिचानको अवस्था हो, जो सामाजिक मान्यताको लिङ्गसँग मेल खादैन। जन्मदा पुरुषको जैविक लिङ्ग लिएर जन्मेको हुन्छ र उमेर बढ्दै गएपछि उसले आफूलाई पुरुष नठानी महिलाको अनुभूति गर्दछ। यसैगरी जो जन्मदा महिलाको यौनाङ्ग लिएर जन्मेकी हुन्छिन् तर उमेर बढ्दै गएपछि उनी आफूलाई महिला नठानी पुरुष ठान्ने गर्दछिन्। कुनै व्यक्ति जो आफू जन्मेको अवस्थाको भन्दा फरक शारीरिक लिङ्ग परिवर्तन गरी आफ्नो पहिचान दिन्छ भने उसलाई लिङ्ग परिवर्तित व्यक्ति (Transsexual) भनिन्छ।

(ङ) अन्तरलिङ्गी (Intersex)

जैविक लिङ्ग पुलिङ्गी र स्त्रीलिङ्गी दुवै विशेषता भएको व्यक्तिलाई अन्तरलिङ्गी भनिन्छ। यस्ता व्यक्ति जो जन्मदा नै यौनाङ्गका हिसाबले सामाजिक अपेक्षाअनुरुप बालक (Boy) वा बालिका (Girl) स्पष्ट छुट्टिएको हुँदैन। कोही महिला र पुरुष दुवैको यौनाङ्ग लिएर जन्मन्छन्। कसैको मूत्र विसर्जन गर्ने प्वाल वा आन्द्रा जस्तो आकृति हुन्छ। कसैको केही पनि नहुने हुँदा शल्यक्रिया गरी मूत्र विसर्जनका लागि कृतिम द्वार बनाउनु पर्दछ। यस्ता व्यक्तिहरूमा लिङ्गका हकमा दुवै महिला र पुरुषको आकृति हुने हुँदा उनीहरू को हुन भन्ने छुट्याउन समस्या हुने गरेको छ। उमेर बढ्दै जाँदा यस प्रकारका व्यक्तिहरू कोही पुरुष जस्तो त कोही महिला जस्तो देखिने हुन्छन्।

(च) क्वयेर (Queer)

यो यस्तो व्यक्ति हो जुन मानिसहरूले सोचे भन्दा फरक अर्थात माथि वर्णन गरिएको समूहभित्र आफूलाई राख्न नचाहने वा नपर्ने किसिमको यौनिकता र लैङ्गिकता भएको हुन्छ। त्यसैले यस समूहलाई क्वयेर (Queer) भनिन्छ। सीमान्तकृत यौन अभिमुखीकरण, लैङ्गिक पहिचान तथा यौन विशेषताका व्यक्तिहरूलाई क्वयेर भनिन्छ।

(छ) सर्वयौनिक व्यक्ति (Pansexual Person)

सर्वयौनिक व्यक्ति भन्नाले लिङ्ग वा लैङ्गिक पहिचानभन्दा पर गएर व्यक्तिप्रति आकर्षित हुन सक्ने व्यक्ति बुझिन्छ। सबै लैङ्गिकताका व्यक्तिहरू तर्फ यौन तथा प्रणयात्मक आकर्षण हुने व्यक्तिलाई सर्वयौनिक व्यक्ति भनिन्छ। सर्वयौनिक व्यक्तिहरू सबै लैङ्गिकताका मानिसप्रति आकर्षण महसुस गर्दछन् र कुनै निश्चित लैङ्गिकता तर्फ मात्र आकर्षण हुन्छ भन्ने हुँदैन।

(ज) द्रवयौनिक व्यक्ति (Person with Fluid Sexual Orientation)

तरल वा परिवर्तनशील यौन अभिमुखीकरण भएका व्यक्तिलाई द्रवयौनिक व्यक्ति भनिन्छ। द्रवयौनिक व्यक्तिहरूको कुनै एउटा निश्चित लैङ्गिकता तर्फ मात्र आकर्षित नहुनका साथै यो भावना तरल एवम् परिवर्तनशील हुने, कहिले कुनै लैङ्गिकता तर्फ आकर्षण हुने र कहिले अरू नै लैङ्गिकता तर्फ आकर्षित हुन सक्ने, तरल वा परिवर्तनशील यौन अभिमुखीकरण भएका व्यक्तिहरू द्रवयौनिक व्यक्ति हुन्।

(झ) अयौनिक व्यक्ति (Asexual Person)

कुनै प्रकारको यौन आकर्षण महसुस नहुने, कुनै प्रकारको यौन चाहाना नहुने वा अति न्यून यौन आकर्षण/चाहाना हुने व्यक्तिलाई अयौनिक व्यक्ति भनिन्छ। अयौनिक व्यक्तिले सामान्यतया अरूसँग यौन सम्बन्ध राख्ने इच्छा वा यौन आकर्षण अनुभव गर्दैनन्। तर उनीहरूले प्रेम, आत्मीयता, भावनात्मक सम्बन्ध वा रोमान्टिक सम्बन्ध चाहन सक्छन्। अयौनिक हुनु कुनै रोग वा मानसिक समस्या होइन। यो मानव यौन अभिमुखीकरणको एक प्राकृतिक विविधता हो।

नेपाल कानून आयोग

अयौनिक र ब्रह्मचर्य शब्दको अर्थ उस्तै उस्तै लागे तापनि यी नितान्त फरक विषय हुन्। ब्रह्मचर्य भनेको यौन सम्बन्ध नगर्ने व्यक्तिगत वा धार्मिक निर्णय हो भने अयौनिकता भनेको यौन आकर्षणसँग सम्बन्धित अभिमुखीकरण हो। सबै अयौनिक व्यक्तिको अनुभव एउटै हुँदैन। कसैलाई कहिलेकाही सीमित रूपमा यौन आकर्षण हुन सक्छ भने कसैलाई कहिल्यै हुँदैन।

## २.३ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको हक अधिकारका विषयमा नेपालमा हालसम्म भएका प्रयासहरू

नेपालले दक्षिण एशियामा LGBTQIA+ अधिकारको क्षेत्रमा अग्रणी भूमिका खेलेको छ। वि.सं. २०६४ सालमा सर्वोच्च अदालतले LGBTQIA+ व्यक्तिहरूका अधिकारलाई मान्यता दिँदै कानूनी सुधारको निर्देशन दिएको थियो। नेपालको संविधानले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकविरुद्ध भेदभाव गर्न नपाइने व्यवस्था गऱ्यो।[७] यद्यपि मुलुकी देवानी संहिता, २०७४ ले विवाहलाई पुरुष र महिलाबीचको सम्बन्धका रूपमा परिभाषित गऱ्यो। वि.सं. २०८० सालमा सम्मानित सर्वोच्च अदालतको अन्तरिम आदेशपछि समलिङ्गी जोडीहरूको अस्थायी विवाह दर्ता सम्भव भयो र नेपालमा पहिलो पटक समलिङ्गी विवाह कानूनी रूपमा दर्ता भयो। तर अझै पनि समलिङ्गी जोडीहरूले पूर्ण वैवाहिक अधिकार प्राप्त गर्न सकेका छैनन्।

अस्थायी विवाह दर्ताले उत्तराधिकार, कर छुट तथा जीवनसाथीसम्बन्धी कानूनी सुरक्षा जस्ता अधिकार प्रदान गर्दैन। साथै, विवाह दर्ताका फारामहरूमा अझै पनि "दुलाहा" र "दुलही" जस्ता लैङ्गिक भूमिकामा आधारित शब्द प्रयोग भएकाले समलिङ्गी जोडीले प्रशासनिक कठिनाइ भोग्नु परेको छ। उनीहरूको विवाह दर्ता प्रक्रिया झन्झटिलो, जटिल र खर्चिलो हुने गरेको छ। यसका साथै धेरै अवस्थामा कानूनी सहयोग समेत आवश्यक परेको देखिन्छ। यस अस्थायी रूपमा दर्ता भएका विवाह दर्ताहरू राष्ट्रिय अनलाइन प्रणालीमा समावेश नहुने भएकाले समलिङ्गी विवाहसम्बन्धी आधिकारिक तथ्याङ्कसमेत उपलब्ध छैन।[८]

---

७ नेपालको संविधान, धारा १८ उपधारा (३)।

८ https://www.nepallawyer.com/blog/nepals-journey-to-marriage-equality

नेपालमा पहिलो पटक समान लिङ्ग भएका व्यक्तिहरूबीचको विवाहलाई सम्मानित सर्वोच्च अदालतको अन्तरिम आदेशबाट कानूनी मान्यता पाएपछि माया गुरुङ र सुरेन्द्र पाण्डेले विवाह दर्ता गर्न सफल भएका थिए। सुरुमा उनीहरूको विवाह जिल्ला र उच्च अदालतमा अस्वीकृत भएको थियो र अन्ततः लमजुङ जिल्लाले अस्थायी प्रमाणपत्र जारी गरेपछि मात्र विवाह दर्ता सम्भव भयो। उनीहरुको त्यो सफलता धेरै सङ्घर्ष र अस्वीकार पछि सम्भव भयो। अदालतका असङ्गत निर्णयहरू र अस्पष्ट प्रशासनिक प्रक्रियाका कारण धेरै LGBTQIA+ जोडीहरू अझै पनि विवाह दर्ताबाट वञ्चित छन्।[९]

LGBTIQA+ समुदायका व्यक्तिहरूले विश्वभर लामो समयदेखि विभेद र सामाजिक बहिष्करण भोग्दै आएका छन्। नेपालमा संविधानमार्फत कानूनी संरक्षणको व्यवस्था भएता पनि नीतिगत कमजोरी, अस्पष्ट परिभाषा र कमजोर कार्यान्वयनका कारण उनीहरू अझै पनि स्वास्थ्य, शिक्षा र रोजगारीजस्ता क्षेत्रमा चुनौती सामना गरिरहेका छन्।[१०] समलिङ्गी विवाहको मान्यताले मानसिक स्वास्थ्य सुधार, आत्महत्याको जोखिम तथा मानसिक रोगहरूमा कमी र स्वास्थ्य सेवामा पहुँच वृद्धि हुने देखिएको छ। नेपालमा हालैको समलिङ्गी विवाहको मान्यताले LGBTIQA+ समुदायमा सामाजिक स्वीकृति, सुरक्षा र अपनत्वको भावना बढाउँदै स्वास्थ्य सेवा तथा स्वास्थ्य बीमामा पहुँच विस्तार गर्ने सकारात्मक सम्भावना सिर्जना गरेको छ।[११]

नेपालमा LGBTQ अधिकार, तेस्रो लिङ्गको मान्यता र समावेशीताको यात्रा लामो सङ्घर्षपूर्ण रहेको छ। यस क्षेत्रमा प्रारम्भिक रूपमा Blue Diamond Society र यसका संस्थापक तथा पहिलो समलैङ्गिक राजनीतिक कार्यकर्ता सुनिल बाबु पन्तले भुमिका खेलेका थिए। साथै Mitini Nepal, Youth Queer Group र People's Independent Supreme Community जस्ता संस्थाहरूले पनि LGBTQ अधिकारका लागि योगदान दिएका छन्। यी संस्थाहरूको कामले नेपालको कानूनी तथा सामाजिक परिवर्तनमा प्रभाव पारेको छ। जसमा अन्तर्राष्ट्रिय सहयोग र वित्तीय समर्थनको भूमिका पनि रहेको मानिन्छ। समग्रमा, नेपालमा समलिङ्गी विवाहको

---

९ https://www.openlynews.com/i/?id=0b33a5f8-9edf-41ce-9954-7e4a61deb02d

१० Human Rights Watch, "We Have to Beg So Many People" Human Rights Violations in Nepal's Legal Gender Recognition Practices. 2024, Human Rights Watch: United States of America.

११ https://pmc.ncbi.nlm.nih.gov/articles/PMC11928007/

कानूनी मान्यता LGBTQ समुदायको अधिकार, सुरक्षा र समावेशीतातर्फको एक महत्वपूर्ण प्रगतिशील कदम हो।[१२]

अधिप पोखरेल र टोबियास भोल्ज. भी (एक नेपाली र जर्मन समलिङ्गी) ले सन् २०१८ मा नै जर्मनीमा कानूनी रुपमा विवाह गरेका थिए। पोखरेलले भोल्जका लागि जुलाई सन् २०२२ मा गैरपर्यटक भिसाका लागि आवेदन दिए। जसले उनलाई त्यही अवस्थामा रहेका विषमलिङ्गी विवाहित जोडीका जीवनसाथीसरह नेपालमा बसोबास गर्ने समान अधिकार प्रदान गर्‍यो। पोखरेल र भोल्जले आफ्नो जर्मनीमा भएको विवाहलाई नेपाली अधिकारीसमक्ष दर्ता गराउने प्रयास गरे। तर उनीहरूको अनुरोध अस्वीकार भयो। त्यसपछि उनीहरूले अगस्त सन् २०२२ मा पुनः गैरपर्यटक भिसाका लागि आवेदन दिँदा सर्वोच्च अदालतको सन् २०१७ को *Adhip Pokharel v. Ministry of Home Affairs, Department of Immigration* मुद्दाको निर्णय पनि पेश गरे, जसले विदेशी समलिङ्गी जीवनसाथीलाई भिसा दिनुपर्ने आदेश दिएको थियो। तर अधिकारीहरूले फेरि पनि आवेदन अस्वीकार गरे। त्यसपछि सर्वोच्च अदालतले संविधान, अदालतका निर्णयहरू, समितिको प्रतिवेदन र नेपालले अनुमोदन गरेका मानवअधिकार सन्धिहरू अनुसार भिसा पाउने अधिकार भएकाले अध्यागमन विभागलाई पोखरेल र भोल्जको जोडीलाई गैरपर्यटक भिसा दिन आदेश दियो।[१३]

काईल नाईटका अनुसार सर्वोच्च अदालतले १६ वर्षअघि नै सम्बन्ध मान्यताबारे अध्ययन गर्न समिति गठन गर्न आदेश दिएको थियो तर अझै पनि सरकारले अझै ठोस कार्यान्वयन गर्न सकेको छैन। सर्वोच्च अदालतले अहिले पनि अन्य LGBTQIA+ सम्बन्धी मुद्दाहरू, जस्तै ट्रान्सजेन्डर महिला रुक्शना कपालीलाई कानूनी रूपमा महिला मान्यता सम्बन्धी रिट निवेदन विचाराधीन रहेको छ। साथै मानवअधिकार संस्था Human Rights Watch ले नेपाललाई LGBTQIA+ अधिकार संरक्षणका लागि कानूनी सुधार गर्न आग्रह गरेको छ।[१४]

---

१२ https://www.scribd.com/document/666054204/Legalization-of-same-sex-marriage-in-Nepal

१३ नेपाल कानून पत्रिका, २०८०, अङ्क ५, निर्णय नं.११०९७।

१४ https://www.hrw.org/news/2023/05/02/nepal-court-orders-recognition-same-sex-spouse?

२४ अप्रिल सन् २०२४ मा गृह मन्त्रालयको राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग (NIDCRD) ले स्थानीय दर्ता अधिकारीहरूलाई एक परिपत्र जारी गर्‍यो, जसमा समलिङ्गी विवाहलाई छुट्टै दर्तामा प्रविष्ट गर्न निर्देशन दिइएको थियो।[१५]

प्रकाश चौधरी एक ट्रान्सजेन्डर पुरुष र मनिला न्यौपाने एक ट्रान्सजेन्डर महिलाले २२ डिसेम्बर सन् २०२३ मा कैलाली जिल्लाको कैलालीमा विवाह गरे। दुई महिला सुप्रिता गुरुङ र अञ्जु देवी श्रेष्ठ बीचको पहिलो विवाह १२ फेब्रुअरी सन् २०२४ मा बर्दिया जिल्लाको बढैयातालमा भएको थियो। विवाह प्रमाणपत्रमा लैङ्गिक भूमिकाहरू प्रयोग गरिएको थियो, जसमा गुरुङलाई "दुलहा" र श्रेष्ठलाई "दुलही" को रूपमा सूचीबद्ध गरिएको थियो। यद्यपि दुवैलाई महिलाको रूपमा पहिचान गरिएको थियो।[१६]
अर्को ट्रान्सजेन्डर जोडी, चिनाकुमारी नेपाली र ज्योती सार्कीले १८ अगस्ट सन् २०२४ मा पाल्पा जिल्लाको रामपुरमा विवाह गरे। उनीहरूको "अस्थायी" विवाह दर्ता प्रमाणपत्रमा उनीहरूलाई "दुलहा र दुलही" को रूपमा पनि सूचीबद्ध गरिएको थियो।[१७]

नेपालको राष्ट्रिय जनगणना वि.सं. २०७८ मा पहिलो पटक यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको तथ्याङ्क सङ्कलन गरियो। यद्यपि तथ्याङ्क सङ्कलनमा केही प्राविधिक कठिनाइहरू देखिए तापनि राज्यले आधिकारिक रूपमा यो समुदायलाई गणनामा समेट्नु एउटा महत्त्वपूर्ण कदम थियो।

सन् २०१९ देखि नेपालमा औपचारिक रूपमा 'नेपाल प्राइड परेड' (Nepal Pride Parade) आयोजना हुन थालेको छ। यो हरेक वर्ष जुन महिनामा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको अधिकार, पहिचान र समानताका लागि आयोजना गरिन्छ।

१५ https://pahichan.com/en/in-landmark-move-nepals-govt-circular-allows-same-sex-marriage/
१६ https://www.samanatanepal.com/posts/683
१७ https://www.onlinekhabar.com/2024/08/1527261/same-sex-marriage-registered-for-the-first-time-in-palpa

# परिच्छेद-३

## विवाहसम्बन्धी संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्था

### ३.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ। संविधानमा भएका सम्बन्धित व्यवस्थाहरू देहाय बमोजिम रहेका छन् :-

- धारा १२. **वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता** : यो संविधान बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछ।

- धारा १८. **समानताको हक** : (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन।

  (२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन।

  (३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन।

  तर, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण,

नेपाल कानून आयोग

सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन।

**स्पष्टीकरण:** यस भाग र भाग ४ को प्रयोजनका लागि "आर्थिक रूपले विपन्न" भन्नाले सङ्घीय कानूनमा तोकिएको आयभन्दा कम आय भएको व्यक्ति सम्झनु पर्छ।

(४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन।

(५) पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव बिना सबै सन्तानको समान हक हुनेछ।

- धारा २४. **छुवाछूत तथा भेदभाव विरुद्धको हक** : (१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन।

(३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन।

- धारा ४२. **सामाजिक न्यायको हक** : (१) आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ।

- धारा ५०. **निर्देशक सिद्धान्तहरू** : (१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक

न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित सङ्घीयताका आधारमा सङ्घीय इकाइहरूबीचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनीतिक उद्देश्य हुनेछ।

- धारा ५१. **राज्यका नीतिहरू** : खण्ड (ज) को क्र.सं. (९) अल्पसङ्ख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

  क्र.सं. (१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने,

## ३.२ कानूनी व्यवस्था

- **मुलुकी देवानी संहिता, २०७४**

  - दफा १८. **भेदभाव गर्न नपाइने** : (१) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन।
  - दफा ६७. **विवाह भएको मानिने** : कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिनेछ।
  - दफा ६८. **विवाह अनतिक्रम्य सामाजिक बन्धन हुने** : (१) विवाह पुरुष र महिला बीच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नको लागि कायम भएको एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानूनी बन्धन हुनेछ।



नेपाल कानून आयोग

- दफा ६९. **<u>विवाह गर्ने स्वतन्त्रता</u>** : (१) प्रत्येक व्यक्तिलाई कानूनको अधीनमा रही विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता हुनेछ।

  (२) विवाह जुनसुकै किसिमबाट भएको भए तापनि त्यस्तो विवाह सार्वजनिक गर्नु वा गराउनु पर्नेछ।

  (३) प्रत्येक व्यक्तिको पारिवारिक जीवन अनतिक्रम्य हुनेछ।

- दफा ७०. **<u>विवाह हुन सक्ने</u>** : (१) यस परिच्छेदको अधीनमा रही देहायका अवस्थामा पुरुष र महिला बीच विवाह हुन सक्नेछ :-

  (क) पुरुष र महिलाले एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर गरेमा,

  (ख) कानून बमोजिम पुरुष र महिला हाडनाता करणीमा सजाय हुने नाताको नभएमा,

  (ग) पुरुष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्था नरहेमा,

  (घ) बीस वर्ष उमेर पूरा भएमा।

  (२) उपदफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो जातीय समुदाय वा कुलमा चली आएको चलन अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा विवाह गर्न वा गराउन कुनै बाधा पर्ने छैन।

- दफा ७१. **<u>विवाह गर्न, गराउन नहुने</u>** : (१) कसैले पनि दफा ७० बमोजिम विवाह हुन सक्ने अवस्था नरहेको पुरुष वा महिलासँग विवाह गर्न वा गराउन हुँदैन।

  (२) कसैले पनि देहायका कुनै अवस्थाको पुरुष वा महिलालाई झुक्याई विवाह गर्न वा गराउन हुँदैन :-

  (क) शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु (एच.आई.भी) वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागेको,

  (ख) यौनाङ्ग नभएको, नपुङ्सक भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भैसकेको,

(ग) पूर्ण रूपमा बोल्न वा सुन्न नसक्ने, पूर्ण रूपमा दृष्टिविहीन वा कुष्ठ रोगी भएको,

(घ) होस ठेगानमा नरहेको,

(ङ) विवाह भैसकेको,

(च) गर्भवती भएको,

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट सजाय पाएको।

(३) उपदफा (२) बमोजिम झुक्याई विवाह गरेको कारणबाट मर्का पर्ने व्यक्तिले त्यस्तो विवाह बदर गराउन र झुक्याई विवाह गर्ने वा गराउनेबाट मनासिब क्षतिपूर्ति दाबी गर्न सक्नेछ।

- दफा ७२. **विवाह बदर हुने** : (१) देहायको अवस्थामा भएको विवाह स्वतः बदर हुनेछः-

(क) पुरुष वा महिलाको मञ्जुरी नभई भएको विवाह,

(ख) हाडनाता करणीमा सजाय हुने नाताका व्यक्तिहरू बीच भएको विवाह,

(ग) दफा ७० को उपदफा (१) को खण्ड (घ) विपरीत भएको विवाह,

(घ) कानून बमोजिम अंश वण्डा गरी भिन्न भएको अवस्थामा बाहेक विवाहित पुरुष वा महिलाले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा गरेको अर्को विवाह।

(२) उपदफा (१) बमोजिम भएको विवाह प्रारम्भदेखि नै अमान्य हुनेछ।

(३) उपदफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७० को उपदफा (२) बमोजिम भएको विवाह बदर हुने छैन।

- दफा ७३. **विवाह बदर गराउन सक्ने** : (१) देहायका अवस्थामा भएको विवाह त्यस्तो विवाह गर्ने कुनै व्यक्तिले मञ्जुर नगरेमा बदर गराउन सक्नेछ :-

(क) ...

नेपाल कानून आयोग

(ख) दफा ७१ को उपदफा (२) बमोजिम झुक्याई विवाह गरे वा गराएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विवाहको परिणाम स्वरूप कुनै महिला गर्भवती भएमा वा निजबाट शिशु जन्मिएमा निजको मञ्जुरी भएमा मात्र विवाह बदर हुन सक्नेछ।

- दफा ७६. **विवाह दर्ता गर्नु पर्ने** : (१) पति तथा पत्नीले कानून बमोजिम तोकिएको अधिकारी समक्ष निवेदन दिई आफ्नो विवाह दर्ता गराउनु पर्नेछ।

तर दफा ७४ को उपदफा (१) को अवस्थामा पति र पत्नी दुवैले वा कुनै एक जनाले विवाह दर्ता गराउन निवेदन दिन सक्नेछ।

(२) नेपाल बाहिर बसोबास गरेका पति तथा पत्नीले आफू रहे बसेको मुलुकमा रहेको नेपालको राजदूतावास वा महावाणिज्य दूतावासमा विवाह दर्ताको लागि निवेदन दिन सक्ने छन्।

(३) उपदफा (१) वा (२) बमोजिम विवाह दर्ताको लागि निवेदन पर्न आएमा सम्बन्धित अधिकारीले निवेदन परेको पन्ध्र दिनभित्र आफ्नो कार्यालयमा रहेको विवाह सम्बन्धी अभिलेखमा विवाह दर्ता गरी प्रचलित कानून बमोजिमको ढाँचामा निवेदकलाई विवाह दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

**स्पष्टीकरण** : यस परिच्छेदको प्रयोजनको लागि "सम्बन्धित अधिकारी" भन्नाले विवाह दर्ता गर्ने अधिकारी सम्झनु पर्छ।

(४) उपदफा (१) वा (२) बमोजिम परेको निवेदन अनुसार विवाह दर्ता गर्न नहुने भएमा सम्बन्धित अधिकारीले त्यसको कारण खुलाई निवेदन परेको सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ।

(५) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम परेको निवेदन अनुसार विवाह दर्ता गराउने सम्बन्धमा कुनै एक पक्ष उपस्थित नभएकोमा सम्बन्धित अधिकारीले निजलाई बुझी विवाह दर्ता गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम बुझ्दा अर्को पक्षले विवाह दर्ता गर्न असहमति जनाएमा सम्बन्धित अधिकारीले विवाह दर्ता नगरी अदालतबाट निर्णय भए बमोजिम हुने जानकारी निवेदकलाई दिनु पर्नेछ।

(७) यस दफा बमोजिमको विवाह दर्ता सम्बन्धी विवरणको अभिलेख सम्बन्धित अधिकारीले सुरक्षित राख्नु पर्नेछ।

(८) यो संहिता प्रारम्भ हुनु अघि विवाह भइसकेका र विवाह दर्ता नगरेका दम्पतीले चाहेमा यस दफा बमोजिम विवाह दर्ता गराउन सक्नेछन्।

तर त्यसरी विवाह दर्ता नगराएको कारणले मात्र त्यस्तो दम्पतीको विवाहले कानूनी मान्यता नपाएको मानिने छैन।

- दफा ७७. **दर्ताद्वारा विवाह गर्न सक्ने** : (१) दफा ६९ को उपदफा (२) र दफा ७४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पुरुष र महिलाले दर्ताद्वारा विवाह गर्न चाहेमा आफ्नो नाम, थर, उमेर, ठेगाना, पेशा, बाबु, आमा, बाजे, बज्यैको नाम, अघि विवाह भए वा नभएको र विवाह भएको भए वैवाहिक सम्बन्ध अन्त्य भएको व्यहोरा तथा कम्तीमा दुई जना साक्षीको नाम समेत खुलाई नेपालभित्र भए सम्बन्धित जिल्ला अदालत र नेपाल बाहिर भए नेपालको राजदूतावास वा महावाणिज्य दूतावास समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिनको लागि पुरुष वा महिला वा दुवै निवेदन दिनु अघि जिल्ला अदालतमा निवेदन दिने भए सम्बन्धित जिल्लामा र राजदूतावास वा महावाणिज्य दूतावासमा निवेदन दिने भए राजदूतावास वा महावाणिज्य दूतावास रहेको सम्बन्धित देशमा कम्तीमा पन्ध्र दिनदेखि रहे बसेको हुनु पर्नेछ।

- दफा ७८. **विवाह हुने वा नहुने निर्णय गर्नु पर्ने** : (१) दफा ७७ बमोजिम दर्ताद्वारा विवाह गर्न निवेदन परेमा सम्बन्धित अधिकारीले त्यस सम्बन्धमा आवश्यक छानबिन गरी निवेदन परेको मितिले सात दिनभित्र विवाह हुने वा नहुने विषयमा निर्णय गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशस्थित सम्बन्धित अधिकारीलाई प्रस्तावित विवाहको सम्बन्धमा कुनै शङ्का लागेमा नेपाल सरकार समक्ष पेश गरी नेपाल सरकारको निर्णय बमोजिम गर्नु पर्नेछ।

- दफा ७९. **सहमतिपत्र तयार गर्नु पर्ने** : दफा ७८ बमोजिम निवेदक बीच विवाह हुने निर्णय भएमा सम्बन्धित अधिकारीले निवेदनमा उल्लिखित कुरा र विवाह गर्ने

पक्षहरू कानून बमोजिम एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर भएको व्यहोरा समेत खुलाई विवाहको सहमतिपत्र तयार गरी आफ्नो रोहबरमा निजहरू तथा उपस्थित साक्षीहरूको सहीछाप गराई त्यस्तो सहमतिपत्रमा आफूले समेत सहीछाप गर्नु पर्नेछ।

- दफा ८०. **<u>विवाह दर्ता सम्बन्धी व्यवस्था</u>** : (१) दफा ७९ बमोजिम सहमतिपत्रमा सहीछाप गराई सकेपछि सम्बन्धित अधिकारीले त्यस्तो विवाह दर्ता किताबमा दर्ता गरी आफ्नो र विवाह गर्ने पक्ष तथा उपस्थित साक्षी समेतको सहीछाप गर्नु वा गराउनु पर्नेछ।

  (२) उपदफा (१) बमोजिम विवाह दर्ता गरिसकेपछि सम्बन्धित अधिकारीले विवाह दर्ताका पक्षहरूलाई प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा विवाह दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

  (३) उपदफा (२) बमोजिम विवाह दर्ताको प्रमाणपत्र पाएको दिनदेखि निवेदकहरू बीच विवाह भएको मानिनेछ।

- दफा ८१. **<u>विवाहित महिलाको थर प्रयोग सम्बन्धी व्यवस्था</u>** : (१) विवाहित महिलाले विवाहपछि बाबु वा आमाले प्रयोग गरेको थर वा निजको पतिको थर वा दुवै थर प्रयोग गर्न सक्नेछिन्।

  (२) विवाहित महिलाको थरको सम्बन्धमा कुनै प्रश्न उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले आफ्नो पतिको थर प्रयोग गरेको मानिनेछ।

  (३) पतिको थर प्रयोग गरेकी महिलाको सम्बन्ध विच्छेद भएमा निजले चाहेमा निजको बाबु वा आमाले प्रयोग गरेको थर प्रयोग गर्न सक्नेछिन्।

- दफा ८२. **<u>वैवाहिक सम्बन्ध अन्त्य भएको मानिने</u>** : देहायका कुनै अवस्थामा पति पत्नी बीचको वैवाहिक सम्बन्ध अन्त्य भएको मानिनेछ :-

  (क) दफा ७२ वा ७३ बमोजिम विवाह बदर भएमा,

  (ख) कानून बमोजिम पति पत्नीको सम्बन्ध विच्छेद भएमा,

  (ग) पत्नीले कानून बमोजिम सम्बन्ध विच्छेद नहुँदै अर्को विवाह गरेमा।

- दफा ८३. **<u>पुनः विवाह गर्न सक्ने</u>** : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुनै अवस्थामा पुरुष वा महिलाले पुनः विवाह गर्न सक्नेछ :-

(क) दफा ८२ बमोजिम पति पत्नी बीच वैवाहिक सम्बन्ध अन्त्य भएमा,

(ख) पति वा पत्नीको मृत्यु भएमा,

(ग) पति वा पत्नीले कानून बमोजिम अंशबण्डा गरी भिन्न भएमा।

- दफा ८५. **<u>पति र पत्नी मानिने</u>** : कुनै पुरुष र महिलाबीच विवाह भएमा त्यस्तो वैवाहिक सम्बन्ध कायम रहेसम्म निजहरू एक अर्काको पति र पत्नीको रूपमा रहेको मानिनेछ।
- दफा ८६. **<u>पति र पत्नीको सम्बन्ध र दायित्व</u>** : (१) पति र पत्नी बीच आपसी प्रेम र सद्भाव हुनु पर्नेछ।

  (२) आपसी समझदारीबाट अन्यथा व्यवस्था भएकोमा बाहेक पति र पत्नी सँगै बसी पारिवारिक जीवन स्थापना गरी जीवनयापन गर्नु पर्नेछ।

  (३) पति र पत्नीले एक अर्कोलाई सहयोग, संरक्षण र सम्मान गर्नु पर्नेछ।
- दफा ८७. **<u>पतिको घर बासस्थान मानिने</u>** : पति र पत्नीले आपसी समझदारीमा छुट्टै बासस्थान निर्धारण गरेकोमा बाहेक पत्नीको वासस्थान पतिको घरमा कायम भएको मानिनेछ।
- दफा ८८. **<u>एक अर्काको प्रतिनिधि मानिने</u>** : कानूनमा अन्यथा व्यवस्था भएकोमा वा पति र पत्नी बीच कानूनी विवाद भएकोमा बाहेक सामान्य घर व्यवहारको काममा पति वा पत्नी एक अर्काको प्रतिनिधि रहेको मानिनेछ।
- दफा ८९. **<u>इज्जत अनुसार व्यवहार गर्नु, गराउनु पर्ने</u>** : पति वा पत्नीले एक अर्कालाई आफ्नो इज्जत र क्षमता अनुसार खान लगाउन तथा स्वास्थ्योपचारको व्यवस्था गर्नु वा गराउनु पर्नेछ।
- दफा ९०. **<u>सहमतिमा घर व्यवहार चलाउनु पर्ने</u>** : (१) एकासगोलका पति र पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरूप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्नेछ।

  (२) पति वा पत्नीले आफ्नो नाममा रहेको सम्पत्ति बिक्री वा अन्य तवरले हस्तान्तरण गर्दा कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक एक अर्कोको मञ्जुरी लिनु पर्नेछ।

- दफा ९१. **<u>पेशा, व्यवसाय वा काम गर्न रोक्न नहुने</u>** : पति वा पत्नी वा परिवारका कुनै सदस्यले एक अर्कालाई निजको सीप, योग्यता वा क्षमता अनुसारको पेशा, व्यवसाय वा काम गर्न रोक्न हुँदैन।
- दफा ९३. **<u>दुवैको मञ्जुरीले सम्बन्ध विच्छेद गर्न सक्ने</u>** : पति पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि पति पत्नीको सम्बन्ध विच्छेद गर्न सक्नेछन्।
- दफा ९४. **<u>पतिले सम्बन्ध विच्छेद गर्न सक्ने</u>** : पतिले देहायका कुनै अवस्थामा पत्नीको मञ्जुरी नभए पनि सम्बन्ध विच्छेद गर्न सक्नेछ :-
  - (क) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
  - (ख) पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
  - (ग) पत्नीले पतिको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्ज गरेमा,
  - (घ) पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा।
- दफा ९५. **<u>पत्नीले सम्बन्ध विच्छेद गर्न सक्ने</u>** : पत्नीले देहायका कुनै अवस्थामा पतिको मञ्जुरी नभए पनि सम्बन्ध विच्छेद गर्न सक्नेछिन्ः-
  - (क) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति पत्नी भिन्न बसेको अवस्थामा बाहेक पतिले पत्नीको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
  - (ख) पतिले पत्नीलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
  - (ग) पतिले पत्नीको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्ज गरेमा,
  - (घ) पतिले अर्को विवाह गरेमा,
  - (ङ) पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा,
  - (च) पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा।
- दफा ९८. **<u>सम्बन्ध विच्छेद गरिदिनु पर्ने</u>** : दफा ९७ बमोजिम सम्झाउँदा बुझाउँदा पनि पति पत्नी बीच मेलमिलाप गराउन नसकेमा र विवाह कायम राख्नुभन्दा



नेपाल कानून आयोग

सम्बन्ध विच्छेद हुन उपयुक्त देखेमा अदालतले निजहरूको सम्बन्ध विच्छेद गरिदिनु पर्नेछ।

तर, दफा ९७ बमोजिम पति र पत्नी बीच मेलमिलाप गराउन अदालतले सम्झाउँदा बुझाउँदा पनि पति र पत्नीले मञ्जुर नगरेमा निवेदन परेको एक वर्षपछि अदालतले सम्बन्ध विच्छेद गराई दिन पर्नेछ।

- दफा ९९. **सम्बन्ध विच्छेद गर्नु अघि अंशबण्डा गर्नु पर्ने** : (१) पतिको कारणबाट पति पत्नी बीच सम्बन्ध विच्छेद हुने अवस्थामा पत्नीले माग गरेमा सम्बन्धित अदालतले सम्बन्ध विच्छेद गर्नु अघि पति पत्नी बीच अंशबण्डा गर्न लगाउनु पर्नेछ।

(२) दफा ९५ को खण्ड (ख), (ग), (घ), (ङ) वा (च) बमोजिमको आधारमा पत्नीले सम्बन्ध विच्छेदको लागि निवेदन गरेकोमा उपदफा (१) को प्रयोजनको लागि पतिको कारणबाट सम्बन्ध विच्छेद हुने अवस्था भएको मानिने छ।

(३) सगोलको सम्पत्ति पति पत्नी दुवैको नाममा वा पति पत्नीमध्ये कुनै एकको नाममा रहेछ भने सम्बन्ध विच्छेद हुनु अघि निजहरू बीच कानून बमोजिम त्यस्तो सम्पत्तिको अंशबण्डा गर्नु पर्नेछ।

(४) सम्बन्ध विच्छेद हुने पतिले नै बाबु वा अन्य अंशियारबाट अंश लिई नसकेको भए अदालतले दुवै पक्षबाट अंशियार खुलाउन लगाई र अंशबण्डा गर्ने अन्य अंशियार भएमा त्यस्ता अंशियारलाई समेत बुझ्नु पर्ने भए बुझी निजहरूबाट अंशको फाँटवारी माग गरी पति पत्नीको अंश छुट्याई अंशबण्डा गराई दिनु पर्नेछ।

(५) उपदफा (१), (३) वा (४) बमोजिम अंशबण्डा गर्दा लामो समय लाग्ने देखिएमा अदालतले पति पत्नी बीच सम्बन्ध विच्छेद गरी अंशबण्डा नभएसम्मको लागि पतिको सम्पत्ति र आयस्ताको आधारमा पतिबाट पत्नीलाई मासिक खर्च भराई दिन सक्नेछ।

तर त्यसरी अंशबण्डा नहुँदै त्यस्ती महिलाले अर्को विवाह गरेमा अंश पाउने छैन।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९४ को खण्ड (ख), (ग) वा (घ) बमोजिमको आधारमा सम्बन्ध विच्छेदको लागि निवेदन गरेकोमा पत्नीलाई यस परिच्छेद बमोजिम अंश दिन वा खर्च भराउन पति बाध्य हुने छैन।

- दफा १००. **<u>एकमुष्ठ रकम वा खर्च भराई दिन सक्ने</u>** : दफा ९९ मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्ध विच्छेद हुने पत्नीले अंश नलिई पतिसँग एकमुष्ठ रकम वा वार्षिक वा मासिक रकम वा खर्च भराई लिन चाहेमा अदालतले पतिको सम्पत्ति वा आम्दानीको आधारमा त्यस्ती पत्नीलाई एकमुष्ठ रकम दिलाई दिन वा वार्षिक वा मासिक रूपमा रकम वा खर्च भराई दिन सक्नेछ।

  तर, त्यस्ती पत्नीले अर्को विवाह गरेमा त्यस्तो रकम वा खर्च दिनु पर्ने छैन।

- दफा १०१. **<u>खान लगाउने खर्च भराई दिन सक्ने</u>** : दफा ९९ बमोजिम अंशबण्डा गर्नु पर्दा कुनै सम्पत्ति नभई पतिबाट अंश नपाएकी पत्नीले पतिबाट खान लाउन खर्च भराउन चाहेमा र पतिको आम्दानी भएमा अदालतले त्यस्ती पत्नीलाई सम्बन्ध विच्छेद भएको पतिको आम्दानीको आधारमा खान लगाउने खर्च भराई दिन सक्नेछ।

  तर,

  (१) त्यस्ती पत्नीले अर्को विवाह गरेमा त्यस्तो खर्च दिनु पर्ने छैन।

  (२) पतिको भन्दा पत्नीको आम्दानी बढी भएमा त्यस्तो खर्च दिनु पर्ने छैन।

- दफा १०२. **<u>सहमति बमोजिम हुने</u>** : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पति पत्नी बीच सम्बन्ध विच्छेद हुँदा पत्नीले पाउने अंश वा खर्चको सम्बन्धमा पति पत्नी बीच कुनै लिखित सहमति भएकोमा सोही बमोजिम हुनेछ।

  तर नाबालकको हित विपरीत हुने गरी कुनै सहमति गर्न सकिने छैन।

- दफा १०५. **<u>आमा, बाबुबाट मातृत्व वा पितृत्व निर्धारण हुने</u>** : (१) कुनै व्यक्तिको मातृत्व वा पितृत्व निर्धारण गर्नु पर्दा निजको आमा वा बाबुको आधारमा गरिनेछ।

नेपाल कानून आयोग

(२) उपदफा (१) बमोजिम पितृत्व निर्धारण गर्दा अन्यथा प्रमाणित भएकोमा बाहेक त्यस्तो व्यक्ति जन्मदाका बखत निजको आमाको पति रहेको व्यक्ति निजको बाबु भएको अनुमान गरिनेछ।

- दफा १०६. **<u>विवाहित पतिबाट शिशु जन्मिएको अनुमान गरिने</u>** : अन्यथा प्रमाणित भएकोमा बाहेक देहायको अवस्थामा जन्मिएको शिशु विवाहित पतिबाट जन्मिएको अनुमान गरिनेछ :-

  (क) विवाह भएको मितिबाट एक सय असी दिन पछि जन्मिएको,

  (ख) पतिको मृत्यु भएको वा वैवाहिक सम्बन्ध अन्त्य भएको मितिबाट दुई सय बहत्तर दिनभित्र जन्मिएको।

- दफा १०७. **<u>पितृत्व इन्कार गर्न सक्ने</u>** : (१) पति पत्नी बीच अन्यथा सहमति भएकोमा बाहेक विवाह भएको एक सय असी दिन अगाडि नै पत्नीबाट जन्मिएको शिशुको पितृत्वलाई पतिले र त्यस्तो शिशुको जन्म हुनु अगाडि नै पतिको मृत्यु भइसकेको रहेछ भने निजको हकवालाले इन्कार गर्न सक्नेछ।

  (२) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भए तापनि विवाह गर्नु अगाडि कुनै महिला गर्भवती भएको थाहा पाएर वा थाहा पाउनु पर्ने मनासिब कारण भई कुनै पुरुषले त्यस्तो महिलासँग विवाह गरेको रहेछ भने त्यस्तो अवधि अगाडि जन्मिएको कारणले मात्र शिशुको पितृत्व इन्कार गर्न सकिने छैन।

- दफा १०८. **<u>छोरा, छोरी वा पितृत्व दाबी गर्नु पर्ने</u>** : (१) पितृत्व वा मातृत्वको ठेगान नभएको शिशु आफ्नो छोरा वा छोरी हो भनी दाबी गर्नु पर्दा त्यस्तो शिशु जन्मिएको वा पहिचान भएको मितिले दुई वर्षभित्र गरिसक्नु पर्नेछ।

  (२) पितृत्वको ठेगान नभई जन्मिएको शिशुको पितृत्व दाबी गर्नु पर्दा त्यस्तो शिशु जन्मिएको मितिले दुई वर्षभित्र गरिसक्नु पर्नेछ।

  तर त्यस्तो शिशुकै मृत्यु भई सकेपछि दाबी गर्न सकिने छैन।

- दफा १०९. **<u>कृत्रिम गर्भाधानबाट जन्मिएको शिशुको पितृत्व बाबुको हुने</u>** : पति पत्नीको मञ्जुरीले अन्य कुनै व्यक्तिको वीर्यबाट कृत्रिम गर्भाधान प्रणालीद्वारा जन्मिएको शिशु विवाहित पतिबाट नै जन्मिएको मानिनेछ र सोही बमोजिम निजको पितृत्व निर्धारण हुनेछ।

- दफा ११०. **<u>अदालतबाट ठहरे बमोजिम हुने</u>** : कुनै व्यक्तिको मातृत्व वा पितृत्वका सम्बन्धमा विवाद उत्पन्न भएमा त्यसको निरूपण अदालतबाट निर्णय भए बमोजिम हुनेछ।
- दफा १११. **<u>नाम र थर पाउने</u>** : (१) प्रत्येक व्यक्तिले जन्मेपछि आ-आफ्नो धर्म, संस्कृति, चलन र परम्परा अनुसार निजको आमा वा बाबुले राखेको नाम पाउनेछ।

  (२) कसैको आमा वा बाबु तत्काल उपलब्ध नभएमा वा उपलब्ध हुन सक्ने सम्भावना नरहेमा निजले आफूलाई हेरचाह गर्ने संरक्षक वा माथवरले राखे बमोजिमको नाम पाउनेछ।

  (३) प्रत्येक व्यक्तिले जन्मेपछि निजको आमा बाबुको सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसकेमा निजको बाबुको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ।

  तर, पितृत्वको ठेगान नलागेको व्यक्तिले आफ्नो नाम पछाडि आमाको थर प्रयोग गर्न पाउनेछ।

  (४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न सक्नेछ।

  (५) कुनै व्यक्तिको थरको सम्बन्धमा प्रश्न उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले आफ्नो बाबुको थर प्रयोग गरेको मानिनेछ।

  (६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाबु वा आमा दुवैको ठेगान नलागेको व्यक्तिले निजलाई हेरचाह गर्ने संरक्षकद्वारा दिइएको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ।
- दफा ११२. **<u>आमा, बाबु, बाजे तथा बजैको नाम उल्लेख गर्न पाउने</u>** : (१) कुनै औपचारिक कार्य, कानूनी काम कारबाही वा लिखतमा कानून बमोजिम आमा, बाबु तथा बाजे, बजैको नाम खुलाउनु पर्ने रहेछ भने त्यस्तो अवस्थामा कुनै पनि व्यक्तिले आफ्नो आमा, बाबु तथा बाजे, बजैको नाम उल्लेख गर्न सक्नेछ।

  (२) उपदफा (१) बमोजिम आमा, बाबु तथा बाजे, वजैको नाम उल्लेख गर्नु पर्ने कुनै व्यक्तिको बाबु पत्ता नलागेको अवस्थामा निजले आमा र आमा तर्फको बाजे, बजैको नाम उल्लेख गर्न सक्नेछ र आमाको पनि नाम पत्ता नलागेको भए

सोही व्यहोरा उल्लेख गरी निज नाबालक भए संरक्षक वा माथवरको र बालिग भए आफ्नो नाम मात्र उल्लेख गर्नु पर्याप्त हुनेछ।

- दफा ११३. **<u>छोरा, छोरीको जन्म दर्ता गर्नु पर्ने</u>** : (१) कुनै दम्पतीको कुनै छोरा, छोरी जन्मिएमा कानून बमोजिम तोकिएको अधिकारी समक्ष त्यस्तो छोरा, छोरी जन्मिएको तीन महिनाभित्र जन्म दर्ताको लागि आमा वा बाबुले निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्याद नाघेपछि कसैले छोरा वा छोरीको जन्म दर्ताको लागि निवेदन दिन चाहेमा प्रचलित कानूनमा तोकिदिए बमोजिमको रकम जरिवाना वापत तिर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन पर्न आएमा सम्बन्धित अधिकारीले आफ्नो कार्यालयमा खडा गरिएको जन्म दर्ता किताबमा त्यसको विवरण उल्लेख गरी निवेदकलाई कानून बमोजिम तोकिएको ढाँचामा जन्म दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको दर्ता किताबमा विवरण उल्लेख गर्दा सम्बन्धित व्यक्तिको नाम, थर, जन्मिएको मिति (साल, महिना, गते र बार समेत) र ठाउँ, निजको आमा, बाबु तथा बाजे बजैको नाम, थर, ठेगाना समेत उल्लेख गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम सम्बन्धित अधिकारीले प्रत्येक महिनाको मसान्तसम्म आफ्नो कार्यालयमा खडा गरेको दर्ता किताबमा उल्लेख भएको विवरण त्यसपछिको पहिलो महिनाको पन्ध्र गतेभित्र जिल्ला प्रशासन कार्यालयमा पठाउनु पर्नेछ र त्यस्तो कार्यालयले पनि प्रत्येक महिनाको अन्त्यसम्म त्यस्तो विवरण सो प्रयोजनको लागि आफ्नो कार्यालयमा खडा गरेको जन्म दर्ता किताबमा उल्लेख गरी प्रत्येक तीन महिनामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त भएको विवरणलाई सम्बन्धित मन्त्रालयले त्यस्तो प्रयोजनको लागि खडा गरेको जन्मदर्ता किताबमा उल्लेख गरी प्रत्येक वर्ष अद्यावधिक विवरण कायम गर्नु पर्नेछ।

- दफा ११४. **<u>हेरचाह र स्याहार सम्भार गर्नु पर्ने</u>** : (१) प्रत्येक नाबालकलाई आमा बाबुले संयुक्त रूपमा हेरचाह र स्याहार सम्भार गर्नु पर्नेछ।

  (२) उपदफा (१) बमोजिम हेरचाह र स्याहार सम्भार गर्दा आमा बाबुले आफ्नो आर्थिक हैसियत र क्षमता अनुसार पालनपोषण, स्वास्थ्योपचार, शिक्षा, दीक्षा, खेलकूद, मनोरञ्जन तथा अन्य आवश्यक व्यवस्था गर्नु पर्नेछ।

- दफा ११५. **<u>आमा वा बाबुको जिम्मामा रहने</u>** : (१) दफा ११४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम पति पत्नीको वैवाहिक सम्बन्ध अन्त्य भएकोमा निजहरूबाट जन्मिएको नाबालक देहाय बमोजिम आमा वा बाबुको जिम्मामा रहनेछ :-

  (क) पाँच वर्ष उमेर पूरा नभएको नाबालक भए आमाले अर्को विवाह गरेको भए वा नभएपनि निजले चाहेमा आमाको जिम्मा,

  (ख) पाँच वर्षभन्दा माथिको नाबालक भए आमाले अर्को विवाह गरेकोमा बाहेक निजले चाहेमा निजको जिम्मा,

  (ग) खण्ड (क) वा (ख) बाहेकको अन्य अवस्थामा बाबुको जिम्मा।

  (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पति पत्नी बीच सम्बन्ध विच्छेद हुँदा वा भिन्न हुँदाका बखत नाबालक जिम्मा लिने सम्बन्धमा छुट्टै सहमति भएकोमा सोही बमोजिम हुनेछ।

  (३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दश वर्ष उमेर पूरा गरिसकेको नाबालक बाबु वा आमा कसको जिम्मा रहने हो त्यस सम्बन्धमा निर्णय गर्नु पर्दा सम्बन्धित नाबालकको राय लिन सकिनेछ।

  (४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै नाबालक यस दफा अन्तर्गत आमा वा बाबुमध्ये कुनैको जिम्मामा रहेकोमा त्यसरी जिम्मा लिने बाबु वा आमाको मृत्यु भएमा जीवित रहेको आमा वा बाबुले अविलम्ब त्यस्तो नाबालक आफ्नो जिम्मामा लिनु पर्नेछ।

  तर आमाले अर्को विवाह गरिसकेकोमा पाँच वर्ष पूरा भएको नाबालक जिम्मा लिन निजलाई कर लाग्ने छैन।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम पति पत्नी भिन्न भएमा निजहरूको कुनै नाबालक भए त्यस्तो नाबालकको पालनपोषण, शिक्षा र उपचारको व्यवस्थाको सम्बन्धमा पति पत्नी बीच कुनै सहमति भएकोमा सोही बमोजिम र त्यस्तो सहमति नभएकोमा  देहाय बमोजिम हुनेछ :-

(क) पाँच वर्ष पूरा नगरेको नाबालक भए आमाको जिम्मा,

(ख) पाँच वर्ष वा सोभन्दा माथि दश वर्ष पूरा नभएको नाबालक भए बाबुको जिम्मा,

(ग) दश वर्ष पूरा गरेको नाबालक भए निजले आमा, बाबुमध्ये जोसँग बस्न मञ्जुर गरेकोछ निजको जिम्मा।

- दफा १७२. **<u>धर्मपुत्र वा धर्मपुत्री राख्न सक्ने</u>** : (१) देहायका कुनै व्यक्तिले बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्न सक्नेछ :-

(क) विवाह भएको दश वर्षसम्म पनि छोरा वा छोरी नहुने दम्पती,

(ख) पैंतालीस वर्ष उमेर पूरा भएकी अविवाहित, विधवा, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेकी छोरा वा छोरी नहुने महिला,

(ग) पैंतालीस वर्ष उमेर पूरा भएको अविवाहित, विधुर, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेको छोरा वा छोरी नहुने पुरुष।

- दफा १७९. **<u>धर्मपुत्र वा धर्मपुत्रीको थर</u>** : धर्मपुत्र वा धर्मपुत्री भएको व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्ने बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न सक्नेछ।

तर,

(१) धर्मपुत्र वा धर्मपुत्री हुने व्यक्तिले चाहेमा निजलाई जन्माउने बाबु आमाको थर समेत प्रयोग गर्न सक्नेछ।

(२) धर्मपुत्र वा धर्मपुत्री बदर भएमा निजको थर निजलाई जन्माउने बाबु वा आमाको हुनेछ।

- दफा २०५. **<u>अंशियार मानिने</u>** : सगोलको सम्पत्ति अंशबण्डा गर्ने प्रयोजनको लागि यस परिच्छेदको अन्य दफाको अधीनमा रही पति, पत्नी, बाबु, आमा, छोरा, छोरी अंशियार मानिनेछन्।

नेपाल कानून आयोग

- दफा २०६. **अंशको समान हकदार हुने** : (१) प्रत्येक अंशियार अंशको समान हकदार हुनेछन्।

    (२) अंशबण्डा गर्दाका बखत कुनै महिला अंशियार गर्भवती भएमा र निजले जन्माउने शिशु अंशियार हुने भएमा त्यसरी जन्मने शिशुलाई समेत समान अंशियार मानी निजको अंश भाग छुट्याएर मात्र अंशबण्डा गर्नु पर्नेछ।

    (३) उपदफा (२) बमोजिम गर्भवती महिलाबाट जिउँदो शिशु नजन्मिएमा त्यस्ता शिशुको लागि छुट्याइएको अंश अन्य अंशियारले बराबरी पाउनेछन्।

- दफा २०७. **वैवाहिक सम्बन्ध अन्त्य भएका दम्पतीबाट जन्मेका छोरा, छोरीले अंश पाउने** : कानून बमोजिम विवाह हुन नसक्ने, विवाह भएको नमानिने वा वैवाहिक सम्बन्ध अन्त्य भएका दम्पतीबाट जन्मिएका छोरा छोरीले त्यस्ता बाबु आमाबाट अंश पाउनेछन्।

- दफा २०८. **आमाबाट अंश पाउने** : (१) बाबुको पहिचान नभएका छोरा छोरीले आमाको सम्पत्तिबाट मात्र अंश पाउनेछन्।

    (२) प्रकाश नगरी बाहिर राखेका पत्नीले वा निजबाट जन्मेका छोरा छोरीले पति वा बाबु मरेपछि अंश मा दाबी गर्न पाउने छैन।

- दफा २०९. **बाबु वा पतिको भागबाट अंश पाउने** : (१) सगोलमा बसेका दाजु भाइका छोरा छोरी वा पत्नीले आफ्ना बाबु वा पतिको भागबाट मात्र अंश पाउनेछन्।

    (२) अंश नहुँदै पति वा बाबु आमा मरेमा निजले पाउने अंश निजका पत्नी वा छोरा, छोरीले पाउनेछन्।

    (३) कुनै व्यक्तिको एकभन्दा बढी पत्नीहरू भएमा निजहरूले पतिको भागबाट मात्र अंश पाउनेछन्।

- दफा २११. **अंश लिन सक्ने** : (१) सगोलको सम्पत्ति भएका पति, पत्नी, बाबु, आमा, छोरा, छोरीले पत्नी, पति, छोरा, छोरी, बाबु र आमालाई आफ्नो इज्जत आमद अनुसार खान लाउन दिन र आर्थिक हैसियत अनुसार शिक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था पूरा गर्नु पर्ने दायित्व भएका व्यक्तिले त्यस्तो दायित्व पूरा नगरेमा अंशियारले आफ्नो अंश लिई भिन्न हुन सक्नेछ।

- दफा २१२. **<u>जहिलेसुकै भिन्न हुन सक्ने</u>** : (१) अंशियारहरू बीच आपसी सहमति भएमा निजहरू जहिलेसुकै पनि अंश लिई भिन्न हुन सक्नेछन्।

(२) पति, बाबु, आमा वा घरको मुख्य भई काम गर्ने व्यक्तिलाई सबै अंशियारहरू एउटै परिवारमा बस्नुभन्दा अंशबण्डा गरी अलग अलग बस्न उपयुक्त लागेमा जहिलेसुकै पनि अंशबण्डा गरी छुट्टिई भिन्न हुन सक्नेछन्।

स्पष्टीकरण : यस संहिताको प्रयोजनको लागि "घरको मुख्य भई काम गर्ने व्यक्ति" भन्नाले घरको मुख्य भई काम गर्ने वा सगोलमा बसी विभिन्न ठाउँमा खेती, व्यापार, व्यवसाय वा अन्य कुनै काम गरी घर व्यवहार चलाउने जिम्मेवारी भएको कानून बमोजिम उमेर पूरा गरेको व्यक्ति सम्झनु पर्छ।

- दफा २१३. **<u>पति वा पत्नीले अंश लिई भिन्न हुन सक्ने</u>** : दफा २११ मा जुनसुकै कुरा लेखिएको भए तापनि पति वा पत्नीले देहायका कुनै अवस्थामा जहिलेसुकै आफ्नो अंश लिई भिन्न हुन सक्नेछः-

(क) पति वा पत्नीले पत्नी वा पतिलाई घरबाट निकाला गरिदिएमा,

(ख) पति वा पत्नीले पत्नी वा पतिलाई शारीरिक वा मानसिक यातना दिएमा।

- दफा २१४. **<u>विधवाले अंश लिई भिन्न हुन सक्ने</u>** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विधवाले जहिलेसुकै आफ्नो अंश लिई भिन्न हुन सक्नेछ।

(२) विधवाले अर्को विवाह गरेमा निजले अंश वापत पाएको सम्पत्ति त्यस्ती विधवाको अघिल्लो पति तर्फ छोरा छोरी भएमा त्यस्ता छोरा छोरीले र नभएमा निज आफैले लिन पाउनेछ।

- **मुलुकी अपराध संहिता, २०७४**

  - दफा १७१. **<u>मञ्जुरी बिना विवाह गर्न नहुने</u>** : (१) विवाह गर्ने व्यक्तिहरुको मञ्जुरी बिना कसैले कसैलाई विवाह गर्न वा गराउन हुँदैन।

    (२) उपदफा (१) बमोजिम मञ्जुरी बिना भएको विवाह बदर हुनेछ।

    (३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

    **<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनका लागि दफा १७३ बमोजिम विवाह गर्न पूरा हुनु पर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन।

  - दफा १७४. **<u>विवाहमा लेनदेन गर्न नहुने</u>** : (१) आफ्नो परम्परादेखि चली आएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना बाहेक विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन हुँदैन।

    (२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

    (३) कसैले विवाह गरी सकेपछि उपदफा (१) बमोजिमको चल, अचल सम्पत्ति वा दाइजो माग गर्न वा त्यस्तो चल, अचल सम्पत्ति वा दाइजो नदिएको कारणले दुलही वा निजका नातेदारलाई कुनै किसिमले हैरान पार्न, सताउन वा कुनै अमानवीय वा अपमानजन्य व्यवहार गर्न हुँदैन।

    (४) उपदफा (३) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

    (५) उपदफा (१) वा (३) बमोजिम कुनै सम्पत्ति लिएकोमा त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता दिनु पर्नेछ।

  - दफा १७५. **<u>बहुविवाह गर्न नहुने</u>** : (१) विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्नु हुँदैन।

नेपाल कानून आयोग

(२) कुनै पुरुष विवाहित हो भन्ने जानीजानी त्यस्तो पुरुषसँग कुनै महिलाले विवाह गर्नु हुँदैन।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पति पत्नीले कानून बमोजिम अंश वण्डा गरी भिन्न भएमा पुरुष वा महिलाले पुनः विवाह गर्न सक्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(५) उपदफा (१) बमोजिमको विवाह स्वतः बदर हुनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो संहिता लागू हुनुअघि तत्काल प्रचलित कानून बमोजिम भएको विवाहको हकमा यस दफामा लेखिएको कुनै कुराले असर पारेको मानिने छैन।

- दफा २१९. **<u>जवर्जस्ती करणी गर्न नहुने</u>** : (१) कसैले जवर्जस्ती करणी गर्न हुँदैन।

(२) कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिनेछ।

**<u>स्पष्टीकरणः</u>** यस परिच्छेदको प्रयोजनको लागिः

(क) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

(ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

(ग) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जवर्जस्ती करणी गरेको मानिनेछ।

(३) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी देहाय बमोजिम कैद हुनेछः-

(क) दश वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त, अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका महिला भए जन्म कैद,

(ख) दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए अठार वर्षदेखि बीस वर्षसम्म,

(ग) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए बाह्र वर्षदेखि चौध वर्षसम्म,

(घ) सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरकी महिला भए दश वर्षदेखि बाह्र वर्षसम्म,

(ङ) अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला भए सात वर्षदेखि दश वर्षसम्म।

(३क) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई उपदफा (३) बमोजिमको कैद सजायको अतिरिक्त देहाय बमोजिमको जरिवाना समेत हुनेछ र त्यस्तो जरिवाना बापत प्राप्त सबै रकम प्रचलित कानून बमोजिम स्थापना भएको पीडित राहत कोषमा जम्मा गरिनेछः-

(क) उपदफा (३) को खण्ड (क) वा (ख) बमोजिम कैद सजाय हुने कसूरदारलाई सात लाख रुपैयाँ जरिवाना,

(ख) उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिम कैद सजाय हुने कसूरदारलाई पाँच लाख रुपैयाँ जरिवाना,

(ग) उपदफा (३) को खण्ड (ङ) बमोजिम कैद सजाय हुने कसूरदारलाई तीन लाख रुपैयाँ जरिवाना।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जवरजस्ती करणी गरेमा पाँच वर्ष सम्म कैद हुनेछ।

तर देहायको अवस्थालाई वैवाहिक सम्बन्ध कायम रहेको मानिने छैनः-

(क) पतिसँग मानो छुट्टिई अंश मुद्दा चलेको,

(ख) पतिसँग अंश लिई छुट्टै बसेको,

(ग) पतिसँग सम्बन्ध विच्छेद मुद्दा चलेको।

(५) उपदफा (४) बमोजिमको अवस्थामा पीडितको निवेदन माग बमोजिम आवश्यक भएमा अदालतले पतिको नाममा देहाय बमोजिमको आदेश जारी गर्न सक्नेछः-

(क) पत्नीलाई निज बसी आएको घरमा नै बसोबास गर्न दिन, पत्नीलाई खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न लगाउन,

(ख) पत्नीलाई आवश्यक उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन लगाउन,

(ग) दुवैलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पतिलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पत्नीको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न लगाउन,

(घ) पत्नीलाई कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न र पत्नीको हित र सुरक्षाको निमित्त आवश्यक र उपयुक्त कुरा गर्न गराउन।

(६) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफूलाई मानवरोग प्रतिरोधक क्षमता ह्रास गर्ने जिवाणु (एच.आई.भी.पोजिटिभ) वा सरुवा यौनरोग (सेक्सुअली ट्रान्समिटेड डिजिज) भएको थाहा पाउँदा पाउँदै कसैले जवर्जस्ती करणी गरेको रहेछ भने त्यस्तो कसूरदारलाई उपदफा (३) मा लेखिएको सजायमा देहाय बमोजिमको थप सजाय समेत हुनेछः-

(क) मानवरोग प्रतिरोधक क्षमता ह्रास गर्ने जिवाणु (एच.आई.भी. पोजिटिभ) भएको थाहा पाउँदा पाउँदै जवर्जस्ती करणी भएको भए दफा १०५ बमोजिमको सजाय,

(ख) अन्य सरुवा यौनरोग (सेक्सुअली ट्रान्समिटेड डिजिज) भएको थाहा पाउँदा पाउँदै जवर्जस्ती करणी भएको भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना।

(७) सामूहिक रुपमा जवर्जस्ती करणी गरेमा वा छ महिनाभन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रुपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जवर्जस्ती करणी गरेमा उपदफा (३) मा लेखिएको सजायमा थप पाँच वर्षसम्म कैद सजाय हुनेछ।

तर पूर्ण अशक्त अपाङ्गता भएकी महिला भएमा उपदफा (३) को खण्ड (क) बमोजिमको सजाय हुनेछ।

(८) कसैले हाडनाताकी महिलालाई जवर्जस्ती करणी गरेकोमा निजलाई हाडनाता करणीमा सजाय हुने रहेछ भने यस परिच्छेद बमोजिमको सजायमा हाडनाताको करणीमा हुने सजाय समेत थप हुनेछ।

- **विवाह दर्ता नियमावली, २०२८**

  - नियम ३. **<u>विवाहको दरखास्त</u>** : (१) ऐन बमोजिम दर्ताद्वारा विवाह गर्न चाहने पुरुष र स्त्रीले ऐनमा तोकिएको म्याद भित्र अनुसूची-१ को ढाँचामा संयुक्त अरूपमा दरखास्त लेखी सही गरी विवाह अधिकारी समक्ष पेश गर्नु पर्छ।
  - अनुसूची-१ मा विवाह गर्ने दरखास्तमा पुरूष र स्त्रीको नाम, थर र हस्ताक्षर उल्लेख रहेको।
  - अनुसूची-२ मा विवाह दरखास्त किताबमा पुरूष र स्त्रीको नाम, थर र हस्ताक्षर उल्लेख रहेको।
  - अनुसूची-३ मा उद्घोष पत्रमा विवाह दरखास्त किताबमा पुरूष र स्त्री साथै पति र पत्नी उल्लेख भएको।
  - अनुसूची-४ मा विवाह दर्ता किताबमा पुरूष र स्त्रीको नाम, थर र हस्ताक्षर उल्लेख रहेको।

- अनुसूची-५ मा विवाहको प्रमाणपत्रको ढाँचामा ........... को छोरा र ..........को छोरी ......... पति पत्नी उल्लेख रहेको।

- **सामाजिक व्यवहार (सुधार) नियमावली, २०३३**

  - नियम ५. **<u>स्वयम्बर गर्दा</u>** : स्वयम्बर गर्दा आ-आफ्नो प्रचलन एवम् वैदिक विधि अनुसार पूजा आजा गरी दुलहाले दुलहीलाई बढीमा आधा तोलासम्मको सुनको औंठी एउटा वा दुई तोलासम्मको सुनको सिक्री एउटा बाहेक अन्य कुनै किसिमको सामग्री दिन हुँदैन। दुलही तर्फबाट पनि दुलहालाई कुनै किसिमको सामग्री दिन हुँदैन।
  - नियम ६. **<u>विवाहमा लुगा, गहना लैजाने सम्बन्धमा</u>** : जन्त जाँदा दुलहीलाई लुगा गहना लैजाने प्रचलन भएकाहरुले दुलहीलाई तीन जोर भन्दा बढी लुगा र एकसरो भन्दा बढी गहना लैजान हुँदैन।
  - नियम ७. **<u>जन्तीलाई खुवाउने</u>** : दुलहीको घरमा रात बस्ने गरी जन्ती आउने व्यक्तिहरुलाई दुलही तर्फबाट दुई छाक भन्दा बढी खुवाउन हुँदैन।
    तर दुलहीकै घरमा विवाह सम्बन्धी प्रायः सबै व्यवहार सम्पन्न गर्नु पर्ने प्रचलन भएकाहरुको हकमा दुलहा समेत बढीमा पाँचजनासम्मलाई दुई छाक भन्दा बढी खुवाउन बाधा पर्ने छैन।

  - नियम ८. **<u>कन्यादान गर्दा</u>** : कन्यादान गर्दा आ-आफ्नो प्रचलन एवम् परम्परा अनुसार नगरी नहुने कार्यसम्म गरी पच्चीस रुपैंयाँ भन्दा बढीको सुन दान प्रतिष्ठा गर्नु हुँदैन।
  - नियम ९. **<u>मुख हेर्न जाँदा</u>** : (१) विवाह पश्चात् छोरीबेटीको मुख हेर्न जाने प्रचलन भएकाहरुले छोरीबेटीको मुख हेर्न जाँदा आ-आफ्नो प्रचलन एवम् परम्परा अनुसार दही, माछा, मसला, मिठाई र फलफूल जस्ता चीजबीजहरु सबै गरी बढीमा पाँच किस्ती र छोरीबेटीलाई एक जोर लुगा बाहेक अन्य कुनै किसिमको सामग्री लैजान हुँदैन।

- नियम १०. **<u>सम्धी सम्धिनीको ढोग भेट</u>** : विवाह पश्चात् सम्धी सम्धिनीको ढोग भेट गर्दा दुलही पक्षका सम्धी सम्धिनीले दुलहा पक्षका सम्धी सम्धिनीलाई एक रुपैंयाँ भन्दा बढी राखी ढोग भेट गर्नु हुँदैन।
- नियम ११. **<u>दुलान फर्काउँदा वा दुरागमन गर्दा</u>** : आफ्ना छोरीबेटी र दुलहालाई घर फर्काउँदा आ-आफ्नो प्रचलन एवम् परम्परा अनुसार बढीमा पाँच किस्तीसम्म खाने कुरा र दुलहालाई एक जोर लुगा बाहेक अन्य कुनै किसिमको सामग्री दिन हुँदैन।

## ३.३ न्यायिक दृष्टिकोण

- **सुनिलबाबु पन्त विरुद्ध नेपाल सरकार**[१८]

बच्चा जन्मदा एउटा लिङ्गीमा जन्मेको भएपनि जैविक (Biological) र प्राकृतिक (Natural) प्रकृया अनुसार जन्मदा भन्दा अर्को लिङ्गीमा विकास भई जन्मदाको भन्दा फरक लिङ्गीमा लैङ्गिक स्वरुप परिवर्तन हुन सक्छन्। यस्तो परिवर्तन हुदैमा तिनीहरु मानव जाति वा नागरिक नै होइनन् भन्न मिल्दैन। महिला र पुरुष बाहेक अन्य तेश्रो लिङ्गी लगायतका व्यक्तिहरुलाई यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा भेदभाव गर्न नमिल्ने। राज्यले महिला र पुरुष बाहेकका तेस्रो लिङ्गी प्राकृतिक व्यक्ति नागरिकहरुको अस्तित्वलाई स्वीकार गरी उनीहरुलाई पनि संविधानको भाग ३ द्वारा प्रदत्त मौलिक हकहरुबाट वञ्चित गर्न नमिल्ने।

कानूनले निर्धारण गरेको उमेर पूरा गरेका व्यक्तिहरुले कसरी यौन सम्पर्क (Sexual Intercourse) राख्दछन् र त्यस्तो सम्पर्क प्राकृतिक अप्राकृतिक के हो भनी प्रश्न गर्ने अधिकार कसैलाई पनि प्राप्त हुन नहुने।

यौनिक क्रियाकलापलाई अप्राकृतिक भनी समलिङ्गी र तेश्रो लिङ्गीको लैङ्गिक पहिचान र यौन अभिमुखीकरणलाई अस्वीकार गर्न सकिने अवस्था हुनु हुँदैन। जब कुनै

---

१८ नेपाल कानून पत्रिका, २०६५, अङ्क ४, निर्णय नं. ७९५८।

पनि व्यक्तिले आफ्नो स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान हासिल गर्दछ तत् पश्चात् उसको जैविक लिङ्ग के हो ? निजले कस्तो यौन साथी रोज्नु पर्ने हो, कस्तो व्यक्तिसँग वैवाहिक सम्बन्ध कायम गर्नुपर्ने हो भन्ने कुराको निर्धारण अरु व्यक्ति, समाज, राज्य वा कानूनले गरिदिने होइन। यो नितान्त रुपमा त्यस्तो व्यक्तिको वैयक्तिक आत्मनिर्णयको अधिकार अन्तर्गत पर्ने विषय हो।

यौन अभिमुखीकरणका आधारमा तीन प्रकृतिका लैङ्गिक आकर्षण (Sexual Attraction) भएका मानिसहरु हुन्छन् भनी चिकित्साशास्त्र एवम् मनोविज्ञानले समेत वर्गीकरण गरेको पाईन्छ। यसअनुसार समान लिङ्गीका बीचमा हुने यौन सम्बन्ध वा यौन आकर्षणलाई समलिङ्गी (Homosexual) सम्बन्ध, विपरीत लिङ्गीप्रति हुने यौन सम्बन्ध वा यौन आकर्षणलाई विपरीत लिङ्गी (Heterosexual) सम्बन्ध र समान तथा विपरीत दुवै लिङ्गी प्रति उत्तिकै रुपमा हुने यौन सम्बन्ध वा यौन आकर्षणलाई द्विलिङ्गी (Bi-sexual) सम्बन्ध भनिन्छ। लैङ्गिक पहिचानका दृष्टिले जसरी महिला पुरुषलाई समाजको Mainstream वर्गको रुपमा लिइए जस्तै यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा विपरीत लिङ्गीप्रति यौन आकर्षण भएका (Heterosexual) व्यक्तिहरुको बाहुल्यता हुने भएकाले उनीहरुलाई पनि सो वर्गको mainstream का रुपमा लिइन्छ। अर्को तिर समलिङ्गी र द्विलिङ्गी व्यक्तिहरुको सङ्ख्या समाजमा मात्रात्मक रुपमा ठूलो रुपमा रहेको पाइदैन। समलिङ्गीहरु भित्र पनि महिला समलिङ्गी (Lesbian) र पुरुष समलिङ्गी (Gay) गरी दुई प्रकारका समलिङ्गीहरु रहेका हुन्छन्। यस्तै एउटा लिङ्ग जनाउने कोषीय तत्व लिएर जन्मेका तर मानसिक रुपमा आफू अर्को लिङ्गको रुपमा रहेको अनुभूति दिलाउने श्रेणीका मानिसहरुलाई तेश्रो लिङ्गी (transsexual) भनिन्छ।

यौन अल्पसङ्ख्यकको रुपमा रहेको अर्को वर्ग भनेको अन्तरलिङ्गी (Intersexual) वर्ग हो, जुन प्राकृतिक रुपमा नै महिला र पुरुष दुवैको जैविक लिङ्ग लिएर जन्मिएको हुन्छ। यस्ता व्यक्तिहरुको सङ्ख्या अत्यन्त न्यून (Rarest of the rare) रहेको छ। उनीहरुमा वयस्क भएपछि Sexual Orientation का आधारमा लैङ्गिकताको निर्धारण हुने गर्दछ। यसरी समग्रमा हेर्दा यौन अल्पसङ्ख्यक भित्र रहेका सवै वर्गका व्यक्तिहरु

भित्र Lesbian, Gay, Bisexual, Transgender र Intersexual गरी ५ प्रकारका वर्गहरु रहेका पाइन्छ। यसलाई छोटकरीमा LGBTI भनेर पनि भन्ने गरिन्छ।

अर्थात यौन अभिमुखीकरण भन्नाले हरेक व्यक्तिले अर्को समान लिङ्ग भएको, भिन्न लिङ्ग भएको वा दुवै लिङ्गीसँग गहन सवेगात्मक, भावनात्मक तथा यौन आकर्षण र आत्मीय तथा यौन सम्बन्ध राख्न सक्ने क्षमतालाई बुझ्नु बुझाउनु पर्दछ।

महिला समलिङ्गी (Lesbian), पुरुष समलिङ्गी (Gay) र द्विलिङ्गी (Bi-sexual) व्यक्तिहरुलाई उनीहरुको यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा राज्य र समाजले कानूनी एवम् सामाजिक मान्यता प्रदान गरी अरु विपरीत लिङ्गीले पाए सरह स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने कानूनी व्यवस्था गरी त्यस्ता व्यक्तिहरुको मौलिक मानव अधिकारको संरक्षण गरिनु पर्दछ भन्ने निवेदकहरुको अर्को माग रहेको छ। वस्तुतः यो माग समलिङ्गी विवाह वा उनीहरुको co-habitation लाई मान्यता दिनुपर्ने विषयमा केन्द्रित रहेको छ। समलिङ्गी विवाहका सम्बन्धमा हेर्दा एउटा सावालक व्यक्तिले अर्को सावालक व्यक्तिसँग राजीखुशी मञ्जूरीले आफ्नो चाहना अनुरुप वैवाहिक सम्बन्ध राख्न पाउनु उसको नैसर्गिक हक र अधिकार हो।

समलिङ्गी विवाहलाई सम्बन्धित व्यक्तिहरुको हक अधिकार र सामाजिक पारिवारिक दृष्टि सबै पक्षबाट हेरिनु पर्दछ। अन्य राष्ट्रको यस सम्बन्धी प्रचलन एवम् कानूनी व्यवस्था समेत हेरी महिला तथा पुरुष समलिङ्गी विवाह (Gay and Lesbian marriage) को सम्बन्धमा अध्ययन गरी निष्कर्षमा पुग्न उचित हुने देखिन्छ। कतिपय राष्ट्रहरुले यसलाई मान्यता समेत प्रदान गरेका छन् भने कतिपय राष्ट्रमा मान्यता दिई नसकेको पनि देखिन्छ। तसर्थ मानव अधिकार सम्बन्धी दस्तावेजहरु, विश्वमा विकास भएका यस सम्बन्धी नवीन मान्यताहरु, समलिङ्गी विवाहलाई मान्यता प्रदान गर्ने देशहरुको अनुभव र त्यसले समाजमा पार्ने प्रभावका बारेमा बृहत् अध्ययन र विश्लेषण गरिनु आवश्यक रहेको छ भनि यस सम्बन्धी समग्र विषयमा अध्ययन गर्न नेपाल सरकारले एक समिति गठन गर्नु भनि सम्मानित सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश जारी भएको।

उक्त समान लिङ्गका व्यक्तिहरु बीचको विवाह (Same sex marriage) र समग्र LGBTI हरुको वैवाहिक अवस्थाका सम्बन्धमा सम्भव भए अन्य राष्ट्रका कानूनी व्यवस्था समेत अध्ययन गरी उक्त समितिले दिएको राय सुझावको आधारमा नेपाल सरकारले आवश्यक निर्णय गरी कानूनी व्यवस्था गर्नु र सो समितिले दिएको प्रतिवेदन यस अदालतलाई समेत उपलव्ध गराउनु भनी विपक्षी नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

- **पिंकी गुरुङ विरुद्ध नेपाल सरकारसमेत**[१९]

नेपालमा समलैङ्गिक, समलिङ्गी, उभयलिङ्गी, ट्रान्स, अन्तरलिङ्गी र समलैङ्गिक (LGBTIQ+) व्यक्तिहरूको मानव अधिकारको संरक्षणको लागि काम गर्ने संस्था निलहिरा समाजको अध्यक्ष पिंकी गुरुङ भन्ने संजिव गुरूङ र अन्य आठ निवेदकहरूले २०८०।०२।२४ मा सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतले प्रस्तुत रिट निवेदनका निवेदकहरू र निवेदक सरहका जोडीहरूले निवेदन माग गरेमा विवाहको अस्थायी अभिलेख रहने गरी विवाह दर्ता गर्न पाउने आवश्यक व्यवस्था गर्नु गराउनु भनी मिति २०८०।०३।१२ मा अन्तरिम आदेश जारी गरेको थियो।

- **सुमन पन्त विरूद्ध गृह मन्त्रालय, अध्यागमन विभाग, डिल्लीबजार काठमाडौंसमेत**[२०]

संविधानमा प्रयुक्त "व्यक्ति" वा "नागरिक" भन्ने शब्दहरू लैङ्गिक रूपमा निरपेक्ष शब्द हुन्। यी शब्दले पुरूष मात्र वा महिला मात्र भनी बुझाउँदैनन्। तसर्थ संविधानद्वारा प्रत्याभूत मौलिक हकहरू पुरूष वा महिलालाई मात्र प्राप्त हुन्छन्। पुरूष वा महिलाको परम्परागत वर्गमा नपर्ने वा आफूलाई सो वर्गमा राख्न नचाहने अन्य वर्गका व्यक्तिहरूलाई प्रत्याभूत गरिएका होइनन्। संविधानको समान संरक्षण उनीहरूलाई प्राप्त छैन भनी भन्न र त्यसरी प्रत्याभूत गरिएका हकहरूबाट उनीहरूलाई वञ्चित गर्न नमिल्ने।

---

१९ पिंकी गुरुङ विरुद्ध नेपाल सरकार, उत्प्रेषण, मुद्दा रिट नं. ०७९-WO-१३८२।

२० नेपाल कानून पत्रिका, २०७४, अङ्क १२, निर्णय नं. ९९२१।

लिङ्ग, शारीरिक स्थिति, वैवाहिक स्थितिसमेतको आधारमा भेदभाव गर्न नपाइने तथा सामाजिक वा सांस्कृतिक रूपले पिछडिएको लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक लगायतका समूहको अस्तित्व, पहिचान र सम्मानमा वा चाहनामा प्रतिकूल असर पर्ने वा अधिकारको उपभोग वा प्रचलन निस्तेज वा निरर्थक हुने गरी परहेज, वञ्चना वा प्रतिबन्धको स्थिति सृजना गर्न कुनै किसिमबाट पनि मिल्ने नदेखिने।

नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको दाबी गर्ने विदेशीले विवाह दर्ताको प्रमाणपत्र पेस गर्छ भने र उसँग विवाह गर्ने नेपाली नागरिकले भिसाको निवेदनमा मैले विवाह गरेको व्यक्ति यही हो भनी सनाखत गर्छ भने नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेको विदेशी नागरिकलाई गैरपर्यटकीय भिसा जारी गर्न इन्कार गर्न नमिल्ने। आफ्नो व्यक्तिगत जीवन कसरी सञ्चालन गर्ने, आफ्नो लैङ्गिक पहिचान के हुने र आत्माको कुन पुकारलाई सुन्ने भन्ने कुरा आत्मनिर्णयको अधिकार हुने भनी व्याख्या गरिएको छ।

- **अधीप पोखरेलसमेत विरूद्ध गृह मन्त्रालय, अध्यागमन विभागसमेत**[२१]

सामान्य भाषिक प्रयोगमा लैङ्गिक तटस्थता तथा समावेशीता नअपनाउँदा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको पहिचानसम्बन्धी हकको निर्वाध प्रयोगमा बाधा उत्पन्न हुनुका साथै कुनै विषयगत कानूनले प्रदान गरेको हक अधिकारको प्रयोगसमेत निस्तेज हुन सक्दछ। कुनै हक अधिकारको प्रचलनबाट कुनै समूहलाई बाहेक नगर्ने कानूनको उद्देश्य हो भने सो विषय कानूनमा प्रयुक्त भाषाबाट प्रतिबिम्बित हुनु पर्दछ। कुनै कानूनको विधायिकी मनसाय निक्यौल गर्दा सर्वप्रथमतः उक्त कानूनमा प्रयुक्त शब्दको सामान्य अर्थलाई बुझ्नु पर्ने नियम अर्थात् literal rule of interpretation लाई अदालतले अपनाउनु पर्ने हुँदा कानूनमा प्रयुक्त भाषाले कुनै समूहलाई समेट्ने नसमेट्ने प्रष्ट उल्लेख हुनु पर्दछ।

कूटनीतिज्ञ तथा विभिन्न विदेशी अधिकारी समेतका समलिङ्गी spouse ले बिना अवरोध भिसा पाई निज सरह नेपालमा बसोबास गर्न सक्ने देखिएकोमा नेपाली नागरिकका

२१ नेपाल कानून पत्रिका, २०८०, अङ्क ५, निर्णय नं.११०९७।



नेपाल कानून आयोग

विदेशी समलिङ्गी spouse ले गैरपर्यटकीय spouse visa प्राप्त गर्न नसक्ने भनी जिकिर लिनु अध्यागमन ऐन, नियमावली तथा अन्य सम्बद्ध कानूनले दिएको सुविधा प्रदान नगरी निवेदकको यौनिक तथा लैङ्गिक अभिमुखीकरणको आधारमा पूर्वाग्रही भई विभेदकारी कार्य गरेको देखिने।

वैवाहिक भिसा प्राप्त गर्न विवाह प्रमाणित हुने आधिकारिक प्रमाणपत्र अथवा विवाह दर्ताको प्रमाणपत्र र दम्पतीमध्येका नेपाली नागरिकको नागरिकता प्रमाणपत्रलाई मुख्य कागजात मानी गैरपर्यटकीय भिसा जारी गरिन्छ। यसप्रकारको भिसा प्राप्त गर्नको लागि दम्पती दुवै जना विभागमा उपस्थित भई सनाखत गर्नुपर्ने हुन्छ। तसर्थ, दम्पतीमध्येका नेपाली नागरिकको नागरिकता प्रमाणपत्र, विवाह प्रमाणित हुने प्रमाणपत्र र दम्पती दुवै जनाको सनाखत भएमा विभागले अध्यागमन ऐन, २०४९ र अध्यागमन नियमावली, २०५१ को नियम ८ को उपनियम (१) को खण्ड (ज) बमोजिम गैरपर्यटकीय भिसा प्रदान गर्न इन्कार गर्न नमिल्ने भनी यस मुद्दामा व्याख्या गरिएको छ।

- **प्रेमकुमारी नेपाली विरुद्ध राष्ट्रिय महिला आयोग समेत**[२२]

यौनाङ्गको हिसावले शारीरिक रूपको पहिचान एउटा भए पनि यौनिक अभिमुखीकरणको हिसावले शारीरिक पहिचानभन्दा फरक प्रवृत्ति रहेको छ भने त्यस्तो अभिमुखीकरण वा प्रवृति स्वयं निषेध गर्न नमिल्ने। संविधानले उपलब्ध गराएका हकहरू तेस्रो लिङ्गी वा समलिङ्गीको हकमा आकर्षित नहुने संवैधानिक बन्देज रहेको नदेखिँदा संविधानले उपलब्ध गराएका हकहरू महिला, पुरुष, तेस्रो लिङ्गी वा समलिङ्गी जोसुकैले संविधान र प्रचलित कानूनबमोजिम समान रूपमा उपभोग गर्न सक्ने। विवाह गरेको भन्ने आधारमा पत्नीको वैयक्तिक अधिकार र स्वतन्त्रतालाई सीमित गर्ने अधिकार नितान्त पतिमा निहीत हुन्छ भनी कानूनतः भन्न नमिल्ने। कुनै महिला वा पुरुषले अर्को समलिङ्गी महिला वा पुरुषसँग बस्न वा जीवन बिताउन चाहन्छ भने अदालतले त्यसमा कानूनतः रोक लगाउन सक्ने अवस्था नहुने।

२२ नेपाल कानून पत्रिका, २०७०, अङ्क १, निर्णय नं. ८९४५।

- **रूक्सना कपाली विरूद्ध नेपाल सरकारसमेत**[२३]

कुनै पनि व्यक्तिको जन्मदाको बखतमा रहेको यौनाङ्गको आधारमा उसको जन्मदर्ता प्रमाणपत्र लगायतका व्यक्तिगत विवरण खुल्ने प्रमाणपत्रहरूमा उल्लेख गरिएको नाम र जनिएको लिङ्गको अनुभूति सो व्यक्तिलाई प्रारम्भिक अवस्थामा नहुने अवस्था रहने। यदि पछि निजले आफूलाई जन्मँदाको यौनाङ्गभन्दा स्वअनुभूतको आधारमा विपरीत लिङ्गीय व्यवहार, बोलिचाली तथा पहिचानको पहिरन लगाउने गर्दछ भने निजलाई पहिचान गराउने लिखतहरूमा जनिएका नाम र लैङ्गिक पहिचानको विवरण निज व्यक्तिको हालको पहिचानको विवरण नहुने। यसरी व्यक्तिले आफूलाई कुन लिङ्गीको हो भनी आफैंले अनुभूत गरेको आधारमा आत्मनिर्णय गरी घोषणा गरिएको नाम र लिङ्ग नै त्यस्तो व्यक्तिको वास्तविक नाम र लिङ्ग मान्नुपर्ने। रिट निवेदकको कानूनबमोजिम बनेका व्यक्तिगत विवरण खुलाउने कागज प्रमाणपत्रहरूमा लैङ्गिक पहिचानमा एकभन्दा बढी सङ्केत रहेको देखिएको सन्दर्भमा निवेदकको नागरिकताको प्रमाणपत्रलगायत निजको व्यक्तिगत परिचय जनाउने कागज प्रमाणपत्रहरूमा लैङ्गिक विवरण "महिला" कायम हुने गरी अद्यावधि गर्न मिल्ने।

---

२३ नेपाल कानून पत्रिका, २०८२, अङ्क ३, निर्णय नं.११४०६।

## परिच्छेद-४

## समलिङ्गी विवाहसम्बन्धी भएका अन्तर्राष्ट्रिय व्यवस्थाहरू

### ४.१ अन्तर्राष्ट्रिय कानूनी व्यवस्था

विश्वव्यापी रूपमा समलिङ्गी विवाह सम्बन्धी कानूनमा एक रूपता छैन। विभिन्न मुलुकमा यस सम्बन्धी कानूनी व्यवस्थाहरूमा विविधता भएको पाइन्छ। सन् २००१ मा समलिङ्गी विवाहलाई कानूनी मान्यता प्रदान गरेर नेदरल्यान्ड विश्वकै पहिलो मुलुक बन्यो, जसले समलिङ्गी विवाहलाई कानूनी मान्यता प्रदान गऱ्यो। त्यसपछिका वर्षहरूमा मानव अधिकार, समानता र व्यक्तिगत स्वतन्त्रताका सिद्धान्तहरूको विकाससँगै विश्वका थुप्रै मुलुकहरूले क्रमशः यस विषयलाई आफ्नो कानूनी व्यवस्थाभित्र समेट्दै आएको देखिन्छ।

विश्वका धेरै मुलुकहरूमा अहिले पनि समलिङ्गी विवाहलाई कानूनी मान्यता दिइएको छैन र केही मुलुकहरूमा त समलिङ्गी सम्बन्धलाई आपराधिक कार्यका रूपमा समेत हेरिने गरिएको पाइन्छ। मुलुकको धर्म, संस्कृति, सामाजिक मूल्य मान्यता र राजनीतिक परिस्थितिका आधारमा पनि समलिङ्गी विवाह सम्बन्धमा फरक-फरक दृष्टिकोण भएको देखिन्छ। समलिङ्गी विवाह सम्बन्धमा विभिन्न देशमा भएका कानूनी व्यवस्थालाई देहाय बमोजिम उल्लेख गरिएको छः-

- **नेदरल्यान्ड (Netherland)**

  नेदरल्याण्ड समलिङ्गी विवाहलाई वैधानिकता दिने विश्वको पहिलो देश हो। Dutch civil code लाई संशोधन गर्दै Article 1.30.1 “A marriage may be entered into by two persons of a different or of the same gender (sex).” ले समलिङ्गी विवाहलाई १ अप्रिल २००१ देखि वैधानिकता प्रदान गर्यो। समलिङ्गी जोडीहरूले विवाह गर्न, सम्बन्ध विच्छेद गर्न र सबै वैवाहिक अधिकारको उपयोग गर्न सक्छन्। नेदरल्याण्डमा समलिङ्गी विवाह र विपरीत लिङ्गी विवाह बीच कुनै कानूनी भिन्नता छैन।[२४]

---

[२४] Dutch Civil Code (http://www.dutchcivillaw.com/civilcodebook01.htm)

- **क्यानडा (Canada)**

The Civil Marriage Act, 2005 ले क्यानडामा समलिङ्गी विवाहलाई वैधानिकता प्रदान गऱ्यो। यसको भाग एकमा विवाहलाई "Marriage, is the lawful union of two persons to the exclusion of all others." तथा भाग २ मा "Marriage requires the free and enlightened consent of two persons to be the spouse of each other." को रूपमा परिभाषित गर्दछ। भाग एक खण्ड ३.१ मा भएको "No person or organization shall be deprived of any benefit, or be subject to any obligation or sanction, under any law of the Parliament of Canada solely by reason of their exercise, in respect of marriage between persons of the same sex, of the freedom of conscience and religion guaranteed under the Canadian Charter of Rights and Freedoms" व्यवस्थाले समलिङ्गी विवाहको अधिकारलाई सुनिश्चित गर्दछ।[२५]

- **दक्षिण अफ्रिका (South Africa)**

दक्षिण अफ्रिका सन् २००६ मा Civil Union Act, 2006 लागू गरी समलिङ्गी विवाहलाई अनुमति दिने पहिलो अफ्रिकी देश र विश्वको पाँचौं देश बन्यो। Civil Union Act, 2006 को दफा ८ को उपदफा (६) मा भएको "A civil union may only be registered by prospective civil union partners who would, apart from the fact that they are of the same sex, not be prohibited by law from concluding a marriage under the Marriage Act or Customary Marriages Act." प्रावधान अनुसार समलिङ्गी जोडीलाई परम्परागत विवाह नभई "नागरिक संघ" को रुपमा दर्ता गराइन्छ। दफा १३ मा "The legal consequences of a marriage contemplated in the Marriage Act apply, with such changes as may be required by the context, to a civil union." अनुसार समलिङ्गी जोडीलाई पनि विवाह ऐन (Marriage Act) अन्तर्गत विवाहमा लागू हुने कानूनी अधिकार, कर्तव्य तथा परिणामहरू आवश्यक सन्दर्भअनुसार आवश्यक संशोधनसहित समान रूपमा लागू हुन्छन्।[२६]

दक्षिण अफ्रिका विश्वको पहिलो राष्ट्र हो जसले आफ्नो संविधानको Bill of right मा समानताको हकमा नागरिकलाई यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा भेदभाव गर्न नपाइने व्यवस्था समावेश गरेको थियो। ११ अक्टोबर १९९६ मा संशोधन

---

२५ The Civil marriage act 2005 (https://laws-lois.justice.gc.ca/eng/acts/c-31.5/page-1.html )

२६ Civil Union Act 2006

गरिएको र ७ फ्रेबुअरी १९९७ देखि लागू भएको सो संविधानको धारा ९ को उपधारा (३) "The state may not unfairly discriminate directly or indirectly against any one on one or more grounds including race, gender, sex, pregnancy, marital status, ethnic or social origin, colour, sexual orientation, age, disability, religion, conscience, belief, culture, language and birth." मा समानताको हक अन्तर्गत यौन अभिमुखीकरण (Sexual Orientation) को आधारमा भेदभाव गर्न नपाउने गरी व्यवस्था गरिएको छ।[२७]

- **अर्जेन्टिना (Argentina)**

अर्जेन्टिनाले २२ जुलाई सन् २०१० मा Equal Marriage Act, 2010 लागू गरेसँगै समलिङ्गी विवाहलाई वैधानिकता दिने अर्जेन्टिना ल्याटिन अमेरिकाको पहिलो देश बन्यो। ऐनको दफा १७२ "The full and free consent expressed personally by both contracting parties before the competent authority to celebrate it is indispensable for the existence of marriage. Marriage will have the same requirements and effects, regardless of whether the contracting parties are of the same or different sex." मा वैवाहिक पक्षहरू एउटै लिङ्गका हुन् वा फरक लिङ्गका विवाहको आवश्यकता र प्रभाव एउटै हुने प्रावधान छ।[२८]

- **संयुक्त अधिराज्य (United Kingdom)**

संयुक्त अधिराज्यका सबै क्षेत्रमा समलिङ्गी विवाहलाई कानूनी मान्यता दिइएको छ। यसलाई पहिलो पटक इङ्गल्याण्ड र वेल्समा विवाह Marriage (Same Sex Couples) Act 2013 (सन् २०१४ देखि लागू) द्वारा वैधानिक बनाइएको थियो। स्कटल्याण्डले the Marriage and Civil Partnership (Scotland) Act २०१४[२९] को दफा ५ "Meaning of marriage and related expressions in enactments and documents are references to marriage whether between persons of different sexes or persons of the same sex" मार्फत विवाहसँग सम्बन्धित अभिव्यक्तिहरूले फरक लिङ्गका व्यक्तिहरूबीच भएको विवाह वा समान लिङ्गका व्यक्तिहरूबीच भएको विवाह दुवैलाई जनाउँछन्। उत्तरी

---

२७ The South African Constitution, Article 9(3)

२८ Equal Marriage Law, Ley de Matrimonio Igualitario – Law 26,618 (https://servicios.infoleg.gob.ar/infolegInternet/anexos/165000-169999/169608/norma.htm)

२९ The Marriage and Civil Partnership (Scotland) Act 2014 (https://www.legislation.gov.uk/asp/2014/5/contents )

आयरल्याण्डले सन् २०२० मा Northern Ireland (Executive Formation) Act २०१९ को परिच्छेद २२ को दफा ९ अन्तर्गत समलिङ्गी जोडीहरूलाई विवाह, धर्मपुत्र, उत्पत्ति र सम्बन्ध विच्छेद सहित विषमलिङ्गी जोडीहरूलाई समान अधिकार दियो।[३०]

- **जर्मनी (Germany)**

जर्मन बुन्डेस्टयागले ३० जुन २०१७ मा पारित गरेको समलिङ्गी विवाह (Ehe für alle) को परिचयको लागि बनेको कानून १ अक्टोबर २०१७[३१] मा लागू भयो। German Civil Code को दफा १३५३ "Marriage is entered into for life by two persons of the opposite sex or of the same sex." ले समलिङ्गी जोडीहरूसँग पूर्ण वैवाहिक पति/पत्नी अधिकारहरूको प्राप्त गर्न सक्ने प्रावधान राखेको छ। जर्मनी समलिङ्गी विवाहलाई वैधानिकता दिने अग्रणी युरोपेली देशहरूमध्ये एक बन्यो।[३२]

- **अमेरिका (America)**

सन् २०२२ मा पारित Respect for marriage नामक ऐनले सङ्घीय समलिङ्गी विवाहको मान्यता सुनिश्चित गर्दछ। दफा २ उपदफा (३) "Millions of people, including interracial and same-sex couples, have entered into marriages and have enjoyed the rights and privileges associated with marriage. Couples joining in marriage deserve to have the dignity, stability, and ongoing protection that marriage affords to families and children." अनुसार अन्तरजातीय तथा समान लिङ्गका जोडीहरू सहित धेरै मानिसहरूले विवाह गरेका छन् र विवाहसँग सम्बन्धित अधिकार र सुविधा पाएका छन्।[३३]

- **भारत (India)**

भारतमा समलिङ्गी विवाहलाई अझै कानूनी रूपमा मान्यता दिइएको छैन। पछिल्लो समय समलिङ्गी विवाहलाई Decriminalization गरेको छ। Hindu Marriage Act,1955

---

[३०] Northern Ireland (Executive Formation etc) Act 2019, ( Northern Ireland (Executive Formation etc) Act 2019 )

[३१] Equal marriage Act, 2017 ( https://germanhistorydocs.org/en/a-new-germany-1990-2023/equal-marriage-rights-for-everyone-october-1-2017.pdf )

[३२] German Civil Code, (https://www.gesetze-im-internet.de/englisch_bgb/englisch_bgb.html#p5562)

[३३] Respect for Marriage Act ,2022 (https://www.congress.gov/bill/117th-congress/house-bill/8404 )

and Special Marriage Act,1954 अनुसार विवाह भनेको पुरुष र महिला बीचको विवाह हो भनी उल्लेख  गरिएको छ।[३४]

## ४.२ नेपाल पक्ष भएका सन्धिमा भएका व्यवस्था

- **मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR, 1948) :** धारा १६ उपधारा १ मा "Men and women of full age, without any limitation due to race, nationality or religion, have the right to marry and to found a family. They are entitled to equal rights as to marriage, during marriage and at its dissolution." जसले विवाहयोग्य उमेर पुगेका पुरुष र महिलालाई विवाह गर्ने र परिवार बसाउने अधिकार दिएको छ। आधुनिक व्याख्याअनुसार यसले 'यौनिक अभिमुखीकरण' का आधारमा भेदभाव गर्न नहुने कुरामा जोड दिन्छ।[३५]
- **सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICERD, 1965) :** धारा ५ को उपधारा ४ को क.स. ४ मा "Other civil rights, in particular: The right to marriage and choice of spouse" ले विवाह र जीवनसाथी छनौट गर्ने अधिकार प्रदान गर्छ। प्रस्तावनाको "observance of human rights and fundamental freedoms for all, without distinction as to race, sex, language or religion" व्याख्याअनुसार यसले 'यौनिक अभिमुखीकरण' का आधारमा भेदभाव गर्न नहुने कुरामा जोड दिन्छ।[३६]
- **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR, 1966) :** प्रतिज्ञापत्रको धारा २ मा "Each State Party to the present Covenant undertakes to respect and to ensure the rights recognized in the present Covenant, without distinction of any kind, such as race, colour, sex, birth or other status" ले लिङ्ग लगायतका आधारमा कसैलाई भेदभाव नगर्ने सिद्धान्त स्थापित गर्छ।

---

[३४] https://www.indiacode.nic.in/bitstream/123456789/15480/1/special_marriage_act.pdf

[३५] United Declaration on Human rights, 1948(https://www.ohchr.org/sites/default/files/UDHR/Documents/UDHR_Translations/eng.pdf)

[३६] International Convention on the Elimination of All Forms of Racial Discrimination ( https://www.ohchr.org/en/instruments-mechanisms/instruments/international-convention-elimination-all-forms-racial )

धारा १७ को उपधारा १ मा "No one shall be subjected to arbitrary or unlawful interference with his privacy, family, home or correspondence, nor to unlawful attacks on his honour and reputation." जसमा कुनै पनि व्यक्तिलाई निजको गोपनीयता, परिवार, घर वा पत्राचारमा मनपरी वा गैरकानुनी हस्तक्षेप नगरिने साथै निजको सम्मान र प्रतिष्ठामाथि गैरकानुनी आक्रमण गर्न नहुने व्यवस्था छ।

धारा २३ उपधारा (२) मा "The right of men and women of marriageable age to marry and to found a family shall be recognized" विवाहयोग्य उमेर पुगेका पुरुष र महिलाकहरूको विवाह गर्ने तथा परिवार स्थापना गर्ने अधिकार प्रदान गरिएको छ।[३७]

- **आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, (ICESCR, 1966)** : महासन्धिको धारा २ मा "The States Parties to the present Covenant undertake to guarantee that the rights enunciated in the present Covenant will be exercised without discrimination of any kind as to race, colour, sex, language, religion, political or other opinion, national or social origin, property, birth or other status." अर्थात महासन्धिअन्तर्गत प्रत्याभूत गरिएका अधिकारहरू जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै पनि आधारमा भेदभाव नगरी सुनिश्चित गरिनुपर्ने व्यवस्था गरिएको छ।

  धारा १० मा "The widest possible protection and assistance should be accorded to the family, which is the natural and fundamental group unit of society, particularly for its establishment and while it is responsible for the care and education of dependent children. Marriage must be entered into with the free consent of the intending spouses." अनुसार परिवार एक समाजको प्राकृतिक तथा आधारभूत एकाइका रूपमा भएका कारण यसको संरक्षण र सहयोग सुनिश्चित गरिनुपर्ने तथा विवाह दुवै पक्षको स्वतन्त्र र पूर्ण सहमतिका आधारमा मात्र सम्पन्न हुनुपर्ने व्यवस्था गरिएको छ।[३८]

---

३७ International Covenant on civil and political rights (https://www.ohchr.org/en/instruments-mechanisms/instruments/international-covenant-civil-and-political-rights )

३८ International Covenant on Economic, Social and Cultural Rights ( https://www.ohchr.org/en/instruments-mechanisms/instruments/international-covenant-economic-social-and-cultural-rights )



नेपाल कानून आयोग

- **महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW 1979) :** धारा ९ को उपधारा (१) "States Parties shall grant women equal rights with men to acquire, change or retain their nationality. They shall ensure in particular that neither marriage to an alien nor change of nationality by the husband during marriage shall automatically change the nationality of the wife, render her stateless or force upon her the nationality of the husband. उपधारा (२) States Parties shall grant women equal rights with men with respect to the nationality of their children." महिलालाई पुरुषसरह नागरिकता प्राप्त गर्ने, परिवर्तन गर्ने वा कायम राख्ने समान अधिकार प्रदान गरिएको छ। साथै विदेशी नागरिकसँग विवाह गरेको वा विवाहपछि श्रीमानको नागरिकता परिवर्तन भएको कारणले मात्र महिलाको नागरिकता स्वतः परिवर्तन हुने, नागरिकताविहीन हुने वा श्रीमानको नागरिकता ग्रहण गर्न बाध्य पारिने अवस्था सिर्जना गर्न नहुने व्यवस्था गरिएको छ। यसका अतिरिक्त, आफ्ना सन्तानको नागरिकताका सम्बन्धमा पनि महिलालाई पुरुषसरह समान अधिकार सुनिश्चित गरिएको छ। धारा १६ बमोजिम "States Parties shall take all appropriate measures to eliminate discrimination against women in all matters relating to marriage and family relations and in particular shall ensure, on a basis of equality of men and women: (a) The same right to enter into marriage; (b) The same right freely to choose a spouse and to enter into marriage only with their free and full consent; (c) The same rights and responsibilities during marriage and at its dissolution;" विवाह तथा पारिवारिक सम्बन्धसँग सम्बन्धित सबै विषयमा महिलामाथिको विभेद अन्त्य गर्न राज्यले आवश्यक सबै उपाय अवलम्बन गर्नुपर्ने व्यवस्था गरिएको छ। यसका लागि महिला र पुरुषबीच समानताको आधारमा विवाह गर्ने समान अधिकार, आफ्नो जीवनसाथी स्वतन्त्र रूपमा छनोट गर्ने अधिकार, स्वतन्त्र तथा पूर्ण सहमतिका आधारमा मात्र विवाह गर्ने अधिकार तथा वैवाहिक सम्बन्ध कायम रहँदा र त्यसको अन्त्य हुँदा समान अधिकार र जिम्मेवारी सुनिश्चित गरिनुपर्ने उल्लेख गरिएको छ। उल्लेखित धाराहरूले समलिङ्गी विवाहलाई प्रत्यक्ष रूपमा उल्लेख नगरेपनि विवाह, जीवनसाथी छनोट र समानताको अधिकारसम्बन्धी सिद्धान्तहरू स्थापित गर्छन्।[३९]

[३९] Convention on the Elimination of All Forms of Discrimination against Women New York, 18 December

- **बाल अधिकार सम्बन्धी महासन्धि (CRC, 1989)** : धारा २ को उपधारा १ बमोजिम "States Parties shall respect and ensure the rights set forth in the present Convention to each child within their jurisdiction without discrimination of any kind, irrespective of the child's or his or her parent's or legal guardian's race, colour, sex, language, religion, political or other opinion, national, ethnic or social origin, property, disability, birth or other status." यस महासन्धिमा उल्लेख गरिएका अधिकारहरू आफ्नो अधिकारक्षेत्रभित्र रहेका प्रत्येक बालबालिकालाई बालबालिका वा उनका आमाबुबा, कानुनी अभिभावक, वा अन्य अभिभावकीय जिम्मेवारी वहन गर्ने व्यक्तिहरूको जाति, वर्ण, लिङ्ग, लैङ्गिक अभिमुखीकरण, लैङ्गिक पहिचान, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म वा अन्य कुनै पनि हैसियतका आधारमा कुनै भेदभाव नगरिने व्यवस्था छ। साथै उपधारा २ बमोजिम "States Parties shall take all appropriate measures to ensure that the child is protected against all forms of discrimination or punishment on the basis of the status, activities, expressed opinions, or beliefs of the child's parents, legal guardians, or family members." राज्य पक्षहरूले बालबालिकालाई उनका आमाबुबा, कानुनी अभिभावक, समलिङ्गी वा फरक लिङ्गी अभिभावक, वा परिवारका अन्य सदस्यहरूको हैसियत, गतिविधि, व्यक्त गरिएका विचार वा विश्वासका आधारमा हुने सबै प्रकारका भेदभाव वा सजायबाट संरक्षण गर्न आवश्यक र उपयुक्त सबै उपायहरू अवलम्बन गरिनु पर्ने व्यवस्था छ।[४०]

- **योग्याकार्ता सिद्धान्त (Yogyakarta Principles, 2006)** : यसको सिद्धान्त २४ को खण्ड १ मा "Everyone has the right to found a family, regardless of sexual orientation or gender identity. Families exist in diverse forms. No family may be subjected to discrimination on the basis of the sexual orientation or gender identity of any of its members." छ। यो सिद्धान्तले यौनिक अभिमुखीकरण र लैङ्गिक पहिचानका आधारमा विवाह सम्बन्धी हकको प्रयोगमा कुनै भेदभाव हुनु हुँदैन भन्ने सुनिश्चित गर्दछ।

---

1979 ( https://www.ohchr.org/en/instruments-mechanisms/instruments/convention-elimination-all-forms-discrimination-against-women)

४० Convention on the Rights of the Child, 20 November 1989 ( https://www.ohchr.org/en/instruments-mechanisms/instruments/convention-rights-child )



नेपाल कानून आयोग

अर्को खण्डमा "Take all necessary legislative, administrative and other measures to ensure the right to found a family, including through access to adoption or assisted procreation (including donor insemination), without discrimination on the basis of sexual orientation or gender identity;" अर्थात यौनिक अभिमुखीकरण वा लैङ्गिक पहिचानका आधारमा कुनै पनि भेदभाव नगरी, धर्मपुत्र/धर्मपुत्री राख्ने वा सहयोगी प्रजनन (शुक्रकीट प्रयोगलगायत) को पहुँचसहित परिवार स्थापना गर्ने अधिकार सुनिश्चित गर्नका लागि आवश्यक सबै विधायिकी, प्रशासनिक तथा अन्य उपायहरू अवलम्बन गर्ने प्रावधान छ।

तेस्रो खण्डमा "Take all necessary legislative, administrative and other measures to ensure that in States that recognize same-sex marriages or registered partnerships, any entitlement, privilege, obligation or benefit available to different-sex married or registered partners is equally available to same-sex married or registered partners;" समलिङ्गी विवाहलाई मान्यता दिने राज्यहरूमा, विषमलिङ्गी जोडीहरूले पाउने सबै अधिकार, सुविधा, दायित्व र लाभहरू समलिङ्गी जोडीहरूलाई पनि समान रूपमा उपलब्ध गराउन आवश्यक सबै कानुनी, प्रशासनिक तथा अन्य उपायहरू अपनाउनका लागि लेखिएको छ।[४१]

नेपालस्थित ब्लु डायमण्ड सोसाइटी (Blue Diamond Society) का अध्यक्ष श्री सुनिल पन्त The Yogyakarta Principles (योग्याकार्ता सिद्धान्तहरू) का हस्ताक्षरकर्ताहरूमध्ये एक हुनुहुन्थ्यो। उक्त तथ्यको उल्लेख सो दस्तावेजको पृष्ठ सङ्ख्या ३५ मा गरिएको छ।

[४१] Yogyakarta Principles ( https://yogyakartaprinciples.org/principle-23/ )

## परिच्छेद-५

## समलिङ्गी विवाहसम्बन्धी कानूनले नेपाली समाजमा पार्न सक्ने प्रभावको विश्लेषण

### ५.१ समलिङ्गी विवाहसम्बन्धी कानूनले प्रभावित हुन सक्ने प्रचलित कानूनहरू

समलिङ्गी विवाह सम्बन्धी कानूनी व्यवस्था गरिएमा प्रचलनमा रहेका धेरै कानूनमा प्रत्यक्ष प्रभाव पार्न सक्ने देखिन्छ। जसले गर्दा हाल प्रचलनमा रहेका धेरै कानूनमा एकै पटक संशोधन गर्नु पर्ने अवस्था आउँछ। यससँग सम्बन्धित त्यस्ता कानूनहरुको अध्ययन गर्दा मूलतः देहायका ऐन तथा नियमावली लगायतका कानूनमा संशोधन तथा परिमार्जन गर्नु पर्ने देखिन्छ :-

**१. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (च), (म) र (म१),-**

**हालको व्यवस्था**

"(च) "बाबु" यो शब्दले कानूनबमोजिम धर्मपुत्र वा धर्मपुत्री राख्न पाउनेमा सो राख्ने बाबुलाई समेत जनाउँछ।

(म) "पुत्र" (छोरा) यो शब्दले ऐनमा धर्मपुत्र राख्न पाउनेले राखेको धर्मपुत्रलाई समेत जनाउँछ।

(म१) "पुत्री" (छोरी) यो शब्दले ऐनमा धर्मपुत्री राख पाउनेले राखेको धर्मपुत्रीलाई समेत जनाउँछ।"

**संशोधन गर्नुपर्ने**

- "धर्मपुत्र धर्मपुत्री" भन्ने शब्दहरूको सट्टा "धर्मसन्तान" भन्ने शब्द राख्नु पर्ने।
- "समलिङ्गी" को परिभाषा थप गर्नु पर्ने।

**२. भूमि सम्बन्धी ऐन, २०२१ को दफा २ को खण्ड (ग),-**

**हालको व्यवस्था**

"(ग) कुनै व्यक्तिका सम्बन्धमा "परिवार" भन्नाले सो व्यक्ति र निजको देहायका अवस्थाका नातेदार सम्मलाई सम्झनु पर्छः–

(१) अंश छुट्टिएको वा नछुट्टिएको जे भए तापनि पति वा पत्नी,

(२) बाबु वा आमा जीवित छउन्जेल अंश छुट्टिएको वा नछुट्टिएको जे भए तापनि १६ वर्ष उमेर नपुगेका छोरा, छोरी,"

**संशोधन गर्नुपर्ने**

- "परिवार", "पति पत्नी", "बाबु आमा" शब्दहरुको परिभाषामा "समलिङ्गी दम्पती" लाई समेत समेट्नु पर्ने।
- "छोरा छोरी" भन्ने शब्दको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

३. **राप्तीदून विकास क्षेत्रको जमीनको (बिक्री वितरण) व्यवस्था ऐन, २०२४ को दफा २ खण्ड (ग),-**

**हालको व्यवस्था**

"(ग) "परिवार" भन्नाले कुनै व्यक्ति र निजको देहायका अवस्थामा अरू नातेदारलाई समेत जनाउँछ:-

(१) अंश छुट्टिएको वा नछुट्टिएको पति वा पत्नी,

(२) बाबु वा आमा जीवित छउन्जेल अंश छुट्टिएको वा नछुट्टिएको १६ वर्ष उमेर नपुगेका छोरा, छोरी"

**संशोधन गर्नुपर्ने**

- "परिवार", "पति पत्नी", "बाबु आमा" को परिभाषामा "समलिङ्गी दम्पती" लाई समेत समेट्नु पर्ने।
- "छोरा छोरी" भन्ने शब्दको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

४. **प्रमाण ऐन, २०३१ दफा ६ को खण्ड (घ१),-**

**हालको व्यवस्था**

"(घ१) पति र पत्नीको मञ्जुरीले कृत्रिम गर्भाधान प्रणालीद्वारा जन्मिएको शिशु विवाहित पतिबाट नै जन्मिएको हो भनी अदालतले अनुमान गर्नेछ।"

**संशोधन गर्नुपर्ने**

- “कृत्रिम गर्भाधान प्रणालीद्वारा जन्मिएको शिशु” सम्बन्धी व्यवस्थामा “समलिङ्गी दम्पतीद्वारा जन्मिएको शिशु” लाई समेत सम्बोधन गर्नु पर्ने।

**५. संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ दफा १७ को उपदफा (५),-**

**हालको व्यवस्था**

- “संवैधानिक निकायका पदाधिकारीको सगोलको पति, पत्नी, आमा, बाबु, छोरा वा छोरी बिरामी भएमा उपदफा (२) बमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधासम्म बिल बमोजिम भएको उपचार खर्चको नब्बे प्रतिशत रकम संवैधानिक निकायका पदाधिकारीले लिन पाउनेछ।”

**संशोधन गर्नुपर्ने**

- “पति पत्नी”, “बाबु आमा” भन्ने शब्दहरूले समलिङ्गी दम्पतीलाई पनि जनाउँछ भन्ने व्यवस्था गर्नु पर्ने।
- “छोरा छोरी” भन्ने शब्दहरूको सट्टा “सन्तान” भन्ने शब्द राख्नु पर्ने।

**दफा १९ को उपदफा (३),-**

**हालको व्यवस्था**

- “(३) संवैधानिक निकायका पदाधिकारीको पदमा बहाल छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै संवैधानिक निकायका पदाधिकारीको मृत्यु भएमा निजको विधवा पत्नी वा विधुर पतिले उपदफा (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पति वा पत्नीले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भइसकेपछि निजको पति वा पत्नीको मृत्यु भएकोमा मृत्यु भएको मितिदेखि आजीवन निजको विधुर पति वा विधवा पत्नीले निवृत्तभरणको आधा रकम पाउनेछ।”

**संशोधन गर्नुपर्ने**

- निवृत्तभरणको सम्बन्धमा "पति पत्नी" भन्ने शब्दले समलिङ्गी दम्पतीलाई पनि सम्बोधन गर्नु पर्ने।

**६. मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा २ को खण्ड (ञ),-**

**हालको व्यवस्था**

"(ञ) "दाता" भन्नाले अङ्ग दान गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले मृतकको हकमा त्यस्तो मृतकको अङ्ग दान गर्ने निजको परिवारको सदस्यलाई समेत जनाउँछ।

**स्पष्टीकरण** : "परिवारको सदस्य" भन्नाले प्राथमिकताक्रम अनुसार क्रमशः पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, धर्मपुत्र, धर्मपुत्री, दाजु, भाई, दिदी, बहिनी, बाजे, बज्यै, नाति, नातिनी, सासु, ससुरा सम्झनु पर्छ।"

**संशोधन गर्नुपर्ने**

- "परिवारको सदस्य" को परिभाषामा समलिङ्गी दम्पतीलाई समेटनु पर्ने।
- "धर्मपुत्र धर्मपुत्री" भन्ने शब्दहरूको सट्टा "धर्मसन्तान" र "छोरा छोरी" भन्ने शब्दहरूको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

**दफा २ को खण्ड (ठ)**

**हालको व्यवस्था**

"(ठ) "नजिकको नातेदार" भन्नाले अङ्ग ग्रहण गर्ने व्यक्तिको पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, धर्मपुत्र वा धर्मपुत्री राख्ने बाबु आमा, सौतेनी बाबु, सौतेनी आमा, बाजे, बज्यै, नाति, नातिनी, दाजु, भाई, दिदी, बहिनी, ठूलोबुबा, ठूलीआमा, काका, काकी, सानोबाबु, सानीआमा, भतिजा, भतिजी, सासु, ससूरा, जेठाजु, जेठानी, देउरानी, नन्द, देवर, भाउजु, बुहारी, मामा, माइजु, भान्जा, भान्जी, साला, साली, फूपु, फूपाजु, आमाजु, भदा, भदै, भिनाजु, ज्वाँई, जेठान सम्झनु पर्छ।



नेपाल कानून आयोग

तर धर्मपुत्र, धर्मपुत्री, धर्मपुत्र धर्मपुत्री राख्ने बाबुआमा र वैवाहिक सम्बन्धबाट कायम भएको नाता सम्बन्धको हकमा कम्तीमा दुई वर्षदेखि अटुट रुपमा नाता सम्बन्ध कायम रहि आएको हुनु पर्नेछ।"

**संशोधन गर्नुपर्ने**

- "नजिकको नातेदार" को परिभाषामा समलिङ्गी विवाह पश्चात् कायम हुने नातेदारलाई समेत समेट्नु पर्ने।
- "धर्मपुत्र धर्मपुत्री" भन्ने शब्दहरूको सट्टा "धर्मसन्तान" र "छोरा छोरी" भन्ने शब्दहरूको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

**७. आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ब),-**

**हालको व्यवस्था**

"(ब) "नातेदार" भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी, छोरा, छोरी (धर्मपुत्र, धर्मपुत्री समेत), बाबु, आमा, बाजे, बज्यै, दाजु, भाइ, भाउजू, बुहारी, दिदी बहिनी, सासू ससुरा, साला, जेठान, साली, जेठी सासू, काका, काकी, भतिजा, भतिजी, नाति र नातिनी सम्झनु पर्छ।"

**संशोधन गर्नुपर्ने**

- "नातेदार" को परिभाषामा "समलिङ्गी दम्पती र समलिङ्गी विवाह पश्चात् कायम हुने नातेदारहरू" लाई समेत जनाउछ भन्ने व्यवस्था गर्नु पर्ने।
- "धर्मपुत्र धर्मपुत्री" भन्ने शब्दहरूको सट्टा "धर्मसन्तान" र "छोरा छोरी" भन्ने शब्दहरूको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

**८. नेपाल नागरिकता ऐन, २०६३ को दफा ३,-**

**हालको व्यवस्था**

"३. **<u>वंशजको नाताले नेपाली नागरिकता प्राप्ति</u>** : (१) कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गर्ने नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानको हकमा दफा ५ को उपदफा (२) बमोजिम हुनेछ।

(३) नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिनेछ र निजले सोह्र वर्ष उमेर पूरा भएपछि वंशजको आधारमा नेपालको नागरिकता लिन सक्नेछ।

(४) संवत् २०७२ साल असोज ३ गतेभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निजको उमेर सोह्र वर्ष पूरा भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।

(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाबु वा आमा मध्ये कुनै एकले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्कोको नेपाली नागरिकता प्राप्त गर्नु अगावै मृत्यु भएको वा सम्पर्कविहीन रहेको व्यक्तिको हकमा दफा ५ को उपदफा (५क) बमोजिम हुनेछ।

(५) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।

(५क) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको व्यक्तिको बाबु सम्पर्कविहीन भई बाबुको पहिचान हुन नसकेको वा आमाले बाबु यिनै व्यक्ति हुन् भनी पहिचान गराउन नसकेको वा त्यस्तो व्यक्तिको जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणमा बाबुको नाम उल्लेख भए तापनि



नेपाल कानून आयोग

बाबुको पहिचान खुलाउन नसकेको भनी निज र निजको आमाले स्वघोषणा गरेमा त्यस्तो व्यक्तिको बाबुको पहिचान हुन नसकेको मानिनेछ र निजले उपदफा (५) बमोजिम वंशजको आधारमा नागरिकता प्राप्त गर्नेछ।

(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट नेपालमा जन्मिएको व्यक्तिले नेपाली नागरिकता लिँदाका बखत निजको आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मिएको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।

(७) उपदफा (५) बमोजिम नागरिकता प्राप्त गरेको कुनै व्यक्तिको बाबु विदेशी रहेको ठहरेमा त्यस्तो व्यक्तिले वंशजको आधारमा लिएको नागरिकता कायम रहने छैन र निजले बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको भनी तोकिए बमोजिम स्वघोषणा गरी वंशजको आधारमा प्राप्त गरेको नागरिकताको प्रमाणपत्र बुझाएमा अङ्गीकृत नागरिकता प्राप्त गर्नेछ।

(८) उपदफा (३) बमोजिम नागरिकता प्राप्त गरेको व्यक्तिको बाबु वा आमा पत्ता लागेमा निजले प्राप्त गरेको नागरिकता सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) यस ऐन बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त हुने भएमा सोही बमोजिमको विवरण अद्यावधिक गरी निजको नागरिकता कायम गर्ने,

(ख) यस ऐन बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त हुने भएमा निजले वंशजको आधारमा प्राप्त गरेको नागरिकता खिची निजलाई अङ्गीकृत नागरिकता प्रदान गर्ने।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा समलिङ्गी दम्पतीका सन्तानको नागरिकता प्राप्तिको अधिकार र प्रकृयाका सम्बन्धमा सम्बोधन गर्नु पर्ने।

## ९. बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा २ को खण्ड (ञ),-

**हालको व्यवस्था**

"(ञ) "परिवारको सदस्य" भन्नाले बैङ्क वा वित्तीय संस्था वा सहकारी बैङ्कको संस्थापक, सञ्चालक, प्रचलित कानून बमोजिम वित्तीय स्वार्थ रहेको मानिने शेयरधनी, प्रमुख कार्यकारी अधिकृत, कर्मचारी, मेनेजिङ्ग एजेण्ट वा सम्बद्ध व्यक्तिको सगोलमा रहेका पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा सम्झनु पर्छ। र सो शब्दले आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाइ र दिदी, बहिनी समेतलाई जनाउँछ।"

**संशोधन गर्नुपर्ने**

- "परिवारको सदस्य" को परिभाषामा "समलिङ्गी दम्पती र समलिङ्गी विवाह पश्चात् कायम हुने परिवारको सदस्य" लाई समेत समेटनु पर्ने।
- "धर्मपुत्र धर्मपुत्री" भन्ने शब्दहरूको सट्टा "धर्मसन्तान" र "छोरा छोरी" भन्ने शब्दहरूको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

## १०. सङ्घीय संसद् सचिवालय सम्बन्धी ऐन, २०६४ दफा २ को खण्ड (थ),-

**हालको व्यवस्था**

"(थ) "परिवार" भन्नाले कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहित महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहित महिला कर्मचारीको हकमा निजको सासू, ससुरा समेतलाई जनाउँछ।

**संशोधन गर्नुपर्ने**

- "परिवारको सदस्य" को परिभाषामा "समलिङ्गी दम्पती र समलिङ्गी विवाह पश्चात् कायम हुने परिवारको सदस्य" लाई समेत समेट्नु पर्ने।
- "धर्मपुत्र धर्मपुत्री" भन्ने शब्दहरूको सट्टा "धर्मसन्तान" र "छोरा छोरी" भन्ने शब्दहरूको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

**हालको व्यवस्था (दफा ५५)**

“५५. **<u>पारिवारिक निवृत्तभरण सम्बन्धी विशेष व्यवस्था</u>** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले खटाएको कार्य सम्पादन गर्ने सिलसिलामा द्वन्द्वको कारणले कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो कर्मचारीको पदावधि बीस वर्षभन्दा कम रहेछ भने बाँकी अवधि थप गरी निजको पति वा पत्नीलाई आजीवन यस ऐन बमोजिमको निवृत्तभरण दिइनेछ।

(२) उपदफा (१) बमोजिमको निवृत्तभरण प्राप्त गर्ने व्यक्तिले दफा ५३ बमोजिमको पारीवारिक निवृत्तभरण वा उपदान पाउने छैन।

(३) यस दफा बमोजिम निवृत्तभरण पाउने व्यक्तिले अर्को विवाह गरेमा निजले त्यस्तो निवृत्तभरण पाउने छैन।

(४) बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम यस दफा अनुसार निवृत्तभरण पाइरहेका व्यक्तिले खाइपाई आएको पारिवारिक निवृत्तभरण रकममा पनि थप गरिनेछ।

(५) यस दफा बमोजिम निवृत्तभरण पाइरहेको व्यक्तिको मृत्यु भएमा वा निजले अर्को विवाह गरेमा त्यस्तो निवृत्तभरणको रकम मृतक कर्मचारीको नाबालक छोरा छोरी भए त्यस्ता छोरा छोरीले बालिग नभएसम्म तोकिए बमोजिम पाउनेछन्।”

**संशोधन गर्नुपर्ने**

- पारिवारिक निवृत्तभरणमा “समलिङ्गी दम्पती” लाई पनि सम्बोधन गर्नु पर्ने।
- “छोरा छोरी” भन्ने शब्दहरूको सट्टा “सन्तान” भन्ने शब्द राख्नु पर्ने।

**हालको व्यवस्था (दफा ५९)**

**“५९. <u>कर्मचारीले पाउने बिदा</u>** : (१) कर्मचारीले देहायका बिदाहरु तोकिए बमोजिम पाउनेछः-

(क) भैपरी आउने र पर्व बिदा,

(ख) घर बिदा,



नेपाल कानून आयोग

(ग) विरामी बिदा,

(घ) प्रसूती बिदा,

(ङ) प्रसूती स्याहार बिदा,

(च) किरिया बिदा,

(छ) सट्टा बिदा,

(ज) अध्ययन बिदा,

(झ) असाधारण बिदा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारीको पति वा पत्नी विदेशस्थित नेपाली राजदूतावास वा कुनै नियोगमा खटिई गएमा त्यस्तो कर्मचारीले तोकिए बमोजिम बेतलबी बिदा पाउनेछ। यसरी बसेको बिदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन।"

**संशोधन गर्नुपर्ने**

- कर्मचारीले पाउने प्रसुती र प्रसुती स्याहार बिदामा समलिङ्गीलाई पनि सम्बोधन गर्नु पर्ने।
- "पति पत्नी" भन्ने शब्दले समलिङ्गी दम्पतीलाई समेत समेट्ने गरी व्यवस्था गर्नु पर्ने।

**११. गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा २ को खण्ड (च),-**

**हालको व्यवस्था**

"(च) "परिवार" भन्नाले पति, पत्नी, बाबु, आमा, छोराछोरी, बाजे बज्यै र सासू वा ससुरा सम्झनु पर्छ।"

**संशोधन गर्नुपर्ने**

- "परिवार" को परिभाषामा "समलिङ्गी दम्पतीको परिवार" लाई समेत समेट्नु पर्ने।
- "छोरा छोरी" भन्ने शब्दहरूको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

**१२. घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा २ को खण्ड (क) र (ख),-**

**हालको व्यवस्था**

"(क) ''घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ।

(ख) ''घरेलु सम्बन्ध" भन्नाले वंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरुका बीचमा भएको सम्बन्ध सम्झनु पर्छ र सो शब्दले सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेतलाई जनाउँछ।"

**संशोधन गर्नुपर्ने**

"घरेलु सम्बन्ध" को परिभाषामा "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने र "पति वा पत्नी" को भन्ने शब्दको सट्टा "दम्पती" शब्द राखी समलिङ्गी दम्पतीलाई समेत सम्बोधन गर्नु पर्ने।

**१३. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ दफा २ को खण्ड (ब),-**

**हालको व्यवस्था**

"(ब) "परिवार" भन्नाले सञ्चालकको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नु पर्ने दाजु भाउजू, भाइ बुहारी र दिदी बहिनी सम्झनु पर्छ।"

**संशोधन गर्नुपर्ने**

- "परिवार" को परिभाषामा "समलिङ्गी दम्पतीको परिवार" लाई समेत समेट्नु पर्ने।
- "धर्मपुत्र धर्मपुत्री" भन्ने शब्दहरूको सट्टा "धर्मसन्तान" र "छोरा छोरी" भन्ने शब्दहरूको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

**१४. निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा २० को खण्ड (क) को स्पष्टीकरण,-**



नेपाल कानून आयोग

**हालको व्यवस्था**

"**<u>स्पष्टीकरण</u>** : यस खण्डको प्रयोजनको लागि प्रयोजनको "परिवार" भन्नाले सगोलमा रहेका पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाइ, दिदी र बहिनी समेतलाई जनाउँछ।"

**संशोधन गर्नुपर्ने**

- "परिवार" को परिभाषामा "समलिङ्गी दम्पतीको परिवार" लाई समेत समेट्नु पर्ने।
- "धर्मपुत्र धर्मपुत्री" भन्ने शब्दहरूको सट्टा "धर्मसन्तान" र "छोरा छोरी" भन्ने शब्दहरूको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

**१५. मुलुकी देवानी संहिता, २०७४,-**

**हालको व्यवस्था**

**दफा ६७,-**

"६७. **<u>विवाह भएको मानिने</u>** : कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिनेछ।"

**संशोधन गर्नुपर्ने**

"पुरूष र महिला" शब्दहरुको सट्टा "व्यक्ति" भन्ने शब्द राख्नु पर्ने।

**दफा ६८,-**

"६८. **<u>विवाह अनतिक्रम्य सामाजिक बन्धन हुने</u>** : (१) विवाह पुरुष र महिला बीच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नको लागि कायम भएको एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानूनी बन्धन हुनेछ।"

**संशोधन गर्नुपर्ने**

"पुरूष र महिला" शब्दहरुको सट्टा "व्यक्ति" भन्ने शब्द राख्नु पर्ने।

**दफा ७०,-**

"७०. **<u>विवाह हुन सक्ने</u>** : (१) यस परिच्छेदको अधीनमा रही देहायका अवस्थामा पुरुष र महिला बीच विवाह हुन सक्नेछ :-

(क) पुरुष र महिलाले एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर गरेमा,

(ख) कानून बमोजिम पुरुष र महिला हाडनाता करणीमा सजाय हुने नाताको नभएमा,

(ग) पुरुष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्था नरहेमा,"

**संशोधन गर्नुपर्ने**

- उपदफा र खण्डहरुमा रहेका "पुरूष र महिला" भन्ने शब्दहरुको सट्टा "व्यक्ति" भन्ने शब्द राख्नु पर्ने।
- "पति पत्नी" भन्ने शब्दको सट्टा "दम्पती" भन्ने शब्द राख्नु पर्ने।

**दफा ७१,-**

"७१. **<u>विवाह गर्न, गराउन नहुने</u>** : (१) कसैले पनि दफा ७० बमोजिम विवाह हुन सक्ने अवस्था नरहेको पुरुष वा महिलासँग विवाह गर्न वा गराउन हुँदैन।

(२) कसैले पनि देहायका कुनै अवस्थाको पुरुष वा महिलालाई झुक्याई विवाह गर्न वा गराउन हुँदैन :-

(क) शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु (एच.आई.भी) वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागेको,

(ख) यौनाङ्ग नभएको, नपुङ्सक भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भैसकेको,

(ग) पूर्ण रूपमा बोल्न वा सुन्न नसक्ने, पूर्ण रूपमा दृष्टिविहीन वा कुष्ठ रोगी भएको,

(घ) होस ठेगानमा नरहेको,

(ङ) विवाह भैसकेको,

(च) गर्भवती भएको,

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट सजाय पाएको।"

**संशोधन गर्नुपर्ने**

- उपदफा (१) मा रहेको "पुरूष वा महिला" शब्दहरुको सट्टा "व्यक्ति" भन्ने शब्द राख्नु पर्ने।
- उपदफा (२) मा खण्ड थप गरी "समलिङ्गी तथा यौनिक अल्पसङ्ख्यक भएको झुक्याई" भन्ने व्यवस्था राख्नुपर्ने।
- उपदफा (२) मा रहेको झुक्याई विवाह गर्न गराउन नहुने अवस्थाको सम्बन्धमा समलिङ्गी व्यक्तिहरु बीच हुने विवाहको सम्बन्धमा त्यस्ता व्यक्तिहरुको शारीरिक, मानसिक तथा स्वास्थ्यजन्य कुनै पनि अवस्था झुक्याउन नहुने विषय थप गर्नु पर्ने।

**दफा ७२,-**

"७२. **<u>विवाह बदर हुने</u>** : (१) देहायको अवस्थामा भएको विवाह स्वतः बदर हुनेछः-

(क) पुरुष वा महिलाको मञ्जुरी नभई भएको विवाह,

(ख) हाडनाता करणीमा सजाय हुने नाताका व्यक्तिहरू बीच भएको विवाह,

(ग) दफा ७० को उपदफा (१) को खण्ड (घ) विपरीत भएको विवाह,

(घ) कानून बमोजिम अंश वण्डा गरी भिन्न भएको अवस्थामा बाहेक विवाहित पुरुष वा महिलाले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा गरेको अर्को विवाह।"

**संशोधन गर्नुपर्ने**

- "पुरूष वा महिला" शब्दहरुको सट्टा "व्यक्ति" भन्ने शब्द राख्नु पर्ने।

- समलिङ्गी व्यक्तिहरु बीच राजी खुसीमा भएको विवाह बदर नहुने गरी प्रतिबन्धात्मक व्यवस्था गर्नु पर्ने।

**दफा ७३,-**

"७३. **<u>विवाह बदर गराउन सक्ने</u>** : (१) देहायका अवस्थामा भएको विवाह त्यस्तो विवाह गर्ने कुनै व्यक्तिले मञ्जुर नगरेमा बदर गराउन सक्नेछ :-

(क) ..

(ख) दफा ७१ को उपदफा (२) बमोजिम झुक्याई विवाह गरे वा गराएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विवाहको परिणाम स्वरूप कुनै महिला गर्भवती भएमा वा निजबाट शिशु जन्मिएमा निजको मञ्जुरी भएमा मात्र विवाह बदर हुन सक्नेछ।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा समलिङ्गी सम्बन्धी व्यवस्थालाई पनि सम्बोधन गर्नु पर्ने।
- उपदफा **(२)** मा समलिङ्गी दम्पती कुनै माध्यमबाट गर्भवती भएको अवस्था वा निजबाट शिशु जन्मिएको अवस्थालाई समेत समावेश गर्नु पर्ने।

**दफा ७६,-**

"७६. **<u>विवाह दर्ता गर्नु पर्ने</u>** : (१) पति तथा पत्नीले कानून बमोजिम तोकिएको अधिकारी समक्ष निवेदन दिई आफ्नो विवाह दर्ता गराउनु पर्नेछ।

तर दफा ७४ को उपदफा (१) को अवस्थामा पति र पत्नी दुवैले वा कुनै एक जनाले विवाह दर्ता गराउन निवेदन दिन सक्नेछ।

(२) नेपाल बाहिर बसोबास गरेका पति तथा पत्नीले आफू रहे बसेको मुलुकमा रहेको नेपालको राजदूतावास वा महावाणिज्य दूतावासमा विवाह दर्ताको लागि निवेदन दिन सक्ने छन्।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा रहेका "पति पत्नी" भन्ने शब्दको सट्टा "दम्पती" भन्ने शब्द राख्नु पर्ने।

**दफा ७७,-**

"७७. **<u>दर्ताद्वारा विवाह गर्न सक्ने</u>** : (१) दफा ६९ को उपदफा (२) र दफा ७४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पुरुष र महिलाले दर्ताद्वारा विवाह गर्न चाहेमा आफ्नो नाम, थर, उमेर, ठेगाना, पेशा, बाबु, आमा, बाजे, बज्यैको नाम, अघि विवाह भए वा नभएको र विवाह भएको भए वैवाहिक सम्बन्ध अन्त्य भएको व्यहोरा तथा कम्तीमा दुई जना साक्षीको नाम समेत खुलाई नेपालभित्र भए सम्बन्धित जिल्ला अदालत र नेपाल बाहिर भए नेपालको राजदूतावास वा महावाणिज्य दूतावास समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिनको लागि पुरुष वा महिला वा दुवै निवेदन दिनु अघि जिल्ला अदालतमा निवेदन दिने भए सम्बन्धित जिल्लामा र राजदूतावास वा महावाणिज्य दूतावासमा निवेदन दिने भए राजदूतावास वा महावाणिज्य दूतावास रहेको सम्बन्धित देशमा कम्तीमा पन्ध्र दिनदेखि रहे बसेको हुनु पर्नेछ।"

**संशोधन गर्नुपर्ने**

यस दफाको ठाउँठाउँमा रहेका "पुरुष र महिला", "पुरुष वा महिला" भन्ने शब्दको सट्टा "व्यक्ति" भन्ने शब्द राख्नु पर्ने।

**दफा ७९,-**

"७९. **<u>सहमतिपत्र तयार गर्नु पर्ने</u>** : दफा ७८ बमोजिम निवेदक बीच विवाह हुने निर्णय भएमा सम्बन्धित अधिकारीले निवेदनमा उल्लिखित कुरा र विवाह गर्ने पक्षहरू कानून बमोजिम एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर भएको व्यहोरा समेत खुलाई विवाहको सहमतिपत्र तयार गरी आफ्नो रोहबरमा निजहरू तथा उपस्थित साक्षीहरूको सहीछाप गराई त्यस्तो सहमतिपत्रमा आफूले समेत सहीछाप गर्नु पर्नेछ।"

**संशोधन गर्नुपर्ने**

नेपाल कानून आयोग

यस दफामा रहेका “पति पत्नी” भन्ने शब्दको सट्टा “दम्पती” भन्ने शब्द राख्नु पर्ने।

**दफा ८१,-**

“८१. **<u>विवाहित महिलाको थर प्रयोग सम्बन्धी व्यवस्था</u>** : (१) विवाहित महिलाले विवाहपछि बाबु वा आमाले प्रयोग गरेको थर वा निजको पतिको थर वा दुवै थर प्रयोग गर्न सक्नेछिन्।

(२) विवाहित महिलाको थरको सम्बन्धमा कुनै प्रश्न उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले आफ्नो पतिको थर प्रयोग गरेको मानिनेछ।

(३) पतिको थर प्रयोग गरेकी महिलाको सम्बन्ध विच्छेद भएमा निजले चाहेमा निजको बाबु वा आमाले प्रयोग गरेको थर प्रयोग गर्न सक्नेछिन्।”

**संशोधन गर्नुपर्ने**

यस दफाको ठाउँठाउँमा प्रयोग भएका “महिला” र “पति” भन्ने शब्दपछि “वा समलिङ्गी दम्पती” भन्ने शब्द राख्नु पर्ने।

**दफा ८२,-**

“८२. **<u>वैवाहिक सम्बन्ध अन्त्य भएको मानिने</u>** : देहायका कुनै अवस्थामा पति पत्नी बीचको वैवाहिक सम्बन्ध अन्त्य भएको मानिनेछ :-

(क) दफा ७२ वा ७३ बमोजिम विवाह बदर भएमा,

(ख) कानून बमोजिम पति पत्नीको सम्बन्ध विच्छेद भएमा,

(ग) पत्नीले कानून बमोजिम सम्बन्ध विच्छेद नहुँदै अर्को विवाह गरेमा।”

**संशोधन गर्नुपर्ने**

यस दफाको ठाउँ-ठाउँमा रहेका “पति पत्नी” भन्ने शब्दको सट्टा “दम्पती” भन्ने शब्द राख्नु पर्ने।

**दफा ८३,-**

"८३. **<u>पुनः विवाह गर्न सक्ने</u>** : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुनै अवस्थामा पुरुष वा महिलाले पुनः विवाह गर्न सक्नेछः-

(क) दफा ८२ बमोजिम पति पत्नी बीच वैवाहिक सम्बन्ध अन्त्य भएमा,

(ख) पति वा पत्नीको मृत्यु भएमा,

(ग) पति वा पत्नीले कानून बमोजिम अंश वण्डा गरी भिन्न भएमा।"

**संशोधन गर्नुपर्ने**

- "पुरुष वा महिला" शब्दहरुको सट्टा "व्यक्ति" भन्ने शब्द राख्नु पर्ने।
- "पति पत्नी" भन्ने शब्दको सट्टा "दम्पती" भन्ने शब्द राख्नु पर्ने।

**दफा ८५,-**

"८५. **<u>पति र पत्नी मानिने</u>** : कुनै पुरुष र महिलाबीच विवाह भएमा त्यस्तो वैवाहिक सम्बन्ध कायम रहेसम्म निजहरू एक अर्काको पति र पत्नीको रूपमा रहेको मानिनेछ।"

**संशोधन गर्नुपर्ने**

- "पुरुष र महिला" शब्दहरुको सट्टा "व्यक्ति" भन्ने शब्द राख्नु पर्ने।
- "पति पत्नी" भन्ने शब्दको सट्टा "दम्पती" भन्ने शब्द राख्नु पर्ने।

**दफा ८६,-**

"८६. **<u>पति र पत्नीको सम्बन्ध र दायित्व</u>** : (१) पति र पत्नी बीच आपसी प्रेम र सद्भाव हुनु पर्नेछ।

(२) आपसी समझदारीबाट अन्यथा व्यवस्था भएकोमा बाहेक पति र पत्नी सँगै बसी पारिवारिक जीवन स्थापना गरी जीवनयापन गर्नु पर्नेछ।

(३) पति र पत्नीले एक अर्कोलाई सहयोग, संरक्षण र सम्मान गर्नु पर्नेछ।"

**संशोधन गर्नुपर्ने**

यस दफाको ठाउँ-ठाउँमा रहेका "पति पत्नी" भन्ने शब्दको सट्टा "दम्पती" भन्ने शब्द राख्नु पर्ने।

**दफा ८७,-**

“८७. **<u>पतिको घर बासस्थान मानिने</u>** : पति र पत्नीले आपसी समझदारीमा छुट्टै वासस्थान निर्धारण गरेकोमा बाहेक पत्नीको वासस्थान पतिको घरमा कायम भएको मानिनेछ।”

**संशोधन गर्नुपर्ने**

- यस दफामा “पति पत्नी” भन्ने शब्दको सट्टा “दम्पती” भन्ने शब्द राख्नु पर्ने।
- यस दफामा उपदफा थप गरी समलिङ्गी दम्पतीको घर बासस्थान दम्पतीको समझदारीमा टुङ्ग्याउन सक्ने व्यवस्था गर्ने।

**दफा ८८,-**

“८८. **<u>एक अर्काको प्रतिनिधि मानिने</u>** : कानूनमा अन्यथा व्यवस्था भएकोमा वा पति र पत्नी बीच कानूनी विवाद भएकोमा बाहेक सामान्य घर व्यवहारको काममा पति वा पत्नी एक अर्काको प्रतिनिधि रहेको मानिनेछ।”

**संशोधन गर्नुपर्ने**

यस दफामा ठाउँ-ठाउँमा रहेका “पति पत्नी” भन्ने शब्दको सट्टा “दम्पती” भन्ने शब्द राख्नु पर्ने।

**दफा ८९,-**

“८९. **<u>इज्जत अनुसार व्यवहार गर्नु, गराउनु पर्ने</u>** : पति वा पत्नीले एक अर्कालाई आफ्नो इज्जत र क्षमता अनुसार खान लगाउन तथा स्वास्थ्योपचारको व्यवस्था गर्नु वा गराउनु पर्नेछ।”

**संशोधन गर्नुपर्ने**

यस दफामा रहेका “पति वा पत्नी” भन्ने शब्दको सट्टा “दम्पती” भन्ने शब्द राख्नु पर्ने।

**दफा ९०,-**

“९०. **<u>सहमतिमा घर व्यवहार चलाउनु पर्ने</u>** : (१) एकासगोलका पति र पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरूप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्नेछ।

नेपाल कानून आयोग

(२) पति वा पत्नीले आफ्नो नाममा रहेको सम्पत्ति बिक्री वा अन्य तवरले हस्तान्तरण गर्दा कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक एक अर्कोको मञ्जुरी लिनु पर्नेछ।"

**संशोधन गर्नुपर्ने**

यस दफामा रहेका "पति र पत्नी" तथा "पति वा पत्नी" भन्ने शब्दको सट्टा "दम्पती" भन्ने शब्द राख्नु पर्ने।

**दफा ९१,-**

"९१. **<u>पेशा, व्यवसाय वा काम गर्न रोक्न नहुने</u>** : पति वा पत्नी वा परिवारका कुनै सदस्यले एक अर्कालाई निजको सीप, योग्यता वा क्षमता अनुसारको पेशा, व्यवसाय वा काम गर्न रोक्न हुँदैन।"

**संशोधन गर्नुपर्ने**

यस दफामा रहेका "पति वा पत्नी" भन्ने शब्दको सट्टा "दम्पती" भन्ने शब्द राख्नु पर्ने।

**दफा ९३,-**

"९३. **<u>दुवैको मञ्जुरीले सम्बन्ध विच्छेद गर्न सक्ने</u>** : पति पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि पति पत्नीको सम्बन्ध विच्छेद गर्न सक्नेछन्।"

**संशोधन गर्नुपर्ने**

यस दफामा रहेका "पति पत्नी" भन्ने शब्दको सट्टा "दम्पती" भन्ने शब्द राख्नु पर्ने।

**दफा ९४,-**

"९४. **<u>पतिले सम्बन्ध विच्छेद गर्न सक्ने</u>** : पतिले देहायका कुनै अवस्थामा पत्नीको मञ्जुरी नभए पनि सम्बन्ध विच्छेद गर्न सक्नेछ :-

(क) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,

(ख) पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,



नेपाल कानून आयोग

(ग) पत्नीले पतिको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्ज गरेमा,

(घ) पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा।"

**संशोधन गर्नुपर्ने**

यस दफामा रहेका "पति पत्नी" भन्ने शब्दको सट्टा "दम्पती" भन्ने शब्द राख्नु पर्ने।

**दफा ९५,-**

"९५. **<u>पत्नीले सम्बन्ध विच्छेद गर्न सक्ने</u>** : पत्नीले देहायका कुनै अवस्थामा पतिको मञ्जुरी नभए पनि सम्बन्ध विच्छेद गर्न सक्नेछिन्ः-

(क) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति पत्नी भिन्न बसेको अवस्थामा बाहेक पतिले पत्नीको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,

(ख) पतिले पत्नीलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,

(ग) पतिले पत्नीको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्ज गरेमा,

(घ) पतिले अर्को विवाह गरेमा,

(ङ) पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा,

(च) पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा।"

**संशोधन गर्नुपर्ने**

सम्बन्ध विच्छेद गर्ने प्रावधानमा दफा ९५ पछि नयाँ दफा थप गरी समलिङ्गी दम्पतीले सम्बन्ध विच्छेद गर्न सक्ने प्रावधान राख्नु पर्ने।

**दफा ९६,-**

"९६. **<u>सम्बन्ध विच्छेदको लागि निवेदन दिनु पर्ने</u>** : सम्बन्ध विच्छेद गर्न चाहने पति वा पत्नीले सम्बन्धित जिल्ला अदालतमा निवेदन दिनु पर्नेछ।"

**संशोधन गर्नुपर्ने**

यस दफामा रहेका “पति वा पत्नीले” भन्ने शब्दको सट्टा “दम्पतीमध्ये कुनै व्यक्तिले” शब्द राख्नु पर्ने।

**दफा ९७,-**

“९७. **<u>पति पत्नीको मेलमिलाप गराउनु पर्ने</u>** : दफा ९६ बमोजिम सम्बन्ध विच्छेदको लागि निवेदन परेमा अदालतले दुवै पक्षलाई भरसक सम्झाई बुझाई मेलमिलाप गराउनु पर्नेछ।”

**संशोधन गर्नुपर्ने**

- यस दफा शीर्षकमा रहेका “पति पत्नी” भन्ने शब्द हटाउन उपयुक्त हुने।

**दफा ९८,-**

“९८. **<u>सम्बन्ध विच्छेद गरिदिनु पर्ने</u>** : दफा ९७ बमोजिम सम्झाउँदा बुझाउँदा पनि पति पत्नीबीच मेलमिलाप गराउन नसकेमा र विवाह कायम राख्नुभन्दा सम्बन्ध विच्छेद हुन उपयुक्त देखेमा अदालतले निजहरूको सम्बन्ध विच्छेद गरिदिनु पर्नेछ।”

**संशोधन गर्नुपर्ने**

- यस दफामा रहेका “पति पत्नी” भन्ने शब्दको सट्टा “सम्बन्ध विच्छेद गर्न चाहने दम्पती” भन्ने शब्द राख्नु पर्ने।

**दफा ९९,-**

“९९. **<u>सम्बन्ध विच्छेद गर्नु अघि अंशबण्डा गर्नु पर्ने</u>** : (१) पतिको कारणबाट पति पत्नी बीच सम्बन्ध विच्छेद हुने अवस्थामा पत्नीले माग गरेमा सम्बन्धित अदालतले सम्बन्ध विच्छेद गर्नु अघि पति पत्नी बीच अंशबण्डा गर्न लगाउनु पर्नेछ।

(३) सगोलको सम्पत्ति पति पत्नी........वा पति पत्नीमध्ये......... सम्पत्तिको अंशबण्डा गर्नु पर्नेछ।

(४) सम्बन्ध विच्छेद हुने पतिले नै ........... पति पत्नीको अंश .......दिनु पर्नेछ।

(५) ....... पति पत्नी बीच ..... पतिबाट पत्नीलाई ...... दिन सक्नेछ। तर........

(६) .... पत्नीलाई ..... पति बाध्य हुने छैन।"

**संशोधन गर्नुपर्ने**

- यस दफाको ठाउँठाउँमा रहेका "पति पत्नी" भन्ने शब्दको सट्टा "दम्पती" भन्ने शब्द राख्नु पर्ने।
- दफा ९९ मा उपदफा (१) पछि उपदफा (१क) थपी समलिङ्गी दम्पतीको सम्बन्ध विच्छेद गर्नु अघि अंश वण्डा गर्नु पर्ने छुट्टै व्यवस्था राख्नु पर्ने।

**दफा १००,-**

"१००. **<u>एकमुष्ठ रकम वा खर्च भराई दिन सक्ने</u>** : दफा ९९ मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्ध विच्छेद हुने पत्नीले अंश नलिई पतिसँग एकमुष्ठ रकम वा वार्षिक वा मासिक रकम वा खर्च भराई लिन चाहेमा अदालतले पतिको सम्पत्ति वा आम्दानीको आधारमा त्यस्ती पत्नीलाई एकमुष्ठ रकम दिलाई दिन वा वार्षिक वा मासिक रूपमा रकम वा खर्च भराई दिन सक्नेछ।

तर त्यस्ती पत्नीले अर्को विवाह गरेमा त्यस्तो रकम वा खर्च दिनु पर्ने छैन।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा रहेको एकमुष्ठ रकम वा खर्च भराई दिन सक्ने व्यवस्था समलिङ्गी दम्पतीले सम्बन्ध विच्छेद गरेको अवस्थामा पनि गर्नु पर्ने।

**दफा १०१,-**

"१०१. **<u>खान लगाउने खर्च भराई दिन सक्ने</u>** : दफा ९९ बमोजिम अंशबण्डा गर्नु पर्दा कुनै सम्पत्ति नभई पतिबाट अंश नपाएकी पत्नीले पतिबाट खान लाउन खर्च भराउन चाहेमा र पतिको आम्दानी भएमा अदालतले त्यस्ती पत्नीलाई सम्बन्ध विच्छेद भएको पतिको आम्दानीको आधारमा खान लगाउने खर्च भराई दिन सक्नेछ।

तर,

(१) त्यस्ती पत्नीले अर्को विवाह गरेमा त्यस्तो खर्च दिनु पर्ने छैन।



नेपाल कानून आयोग

(२) पतिको भन्दा पत्नीको आम्दानी बढी भएमा त्यस्तो खर्च दिनु पर्ने छैन।"

**संशोधन गर्नुपर्ने**

- यस दफालाई भाषिक रुपमा मिलाई पुनर्लेखन गर्न उपयुक्त हुने।
- यस दफाको प्रावधान समलिङ्गी विवाह पश्चात् कायम हुने दम्पतीको हकमा समेत व्यवस्था हुने गरी संशोधन गर्नु पर्ने।

**दफा १०२,-**

"१०२. **सहमति बमोजिम हुने** : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पति पत्नी बीच सम्बन्ध विच्छेद हुँदा पत्नीले पाउने अंश वा खर्चको सम्बन्धमा पति पत्नी बीच कुनै लिखित सहमति भएकोमा सोही बमोजिम हुनेछ।

तर नाबालकको हित विपरीत हुने गरी कुनै सहमति गर्न सकिने छैन।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा समलिङ्गी विवाह पश्चात् कायम हुने दम्पतीको हकमा समेत सहमति बमोजिम हुने व्यवस्था गर्नु पर्ने।
- "पति पत्नी" भन्ने शब्दको सट्टा "दम्पती" भन्ने शब्द प्रयोग गर्न उपयुक्त हुने।

**दफा १०३,-**

"१०३. **अघिल्लो सन्तान वा पतिले सम्पत्ति पाउने** : सम्बन्ध विच्छेद गरेकी महिलाको मृत्यु भएमा निजको सम्पत्ति निजका छोरा, छोरी भए त्यस्ता छोरा, छोरीले र छोरा, छोरी नभए पूर्व पतिबाट पाएको सम्पत्ति त्यस्ता पतिले र अन्य सम्पत्ति माइतीपट्टिका हकवालाले पाउनेछ।

**संशोधन गर्नुपर्ने**

- यस दफामा समलिङ्गी विवाह पश्चात् कायम हुने दम्पतीको हकमा समेत व्यवस्था गर्नु पर्ने।
- "छोरा छोरी" भन्ने शब्दहरूको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

**दफा १०५,-**

“१०५. **<u>आमा, बाबुबाट मातृत्व वा पितृत्व निर्धारण हुने</u>** : (१) कुनै व्यक्तिको मातृत्व वा पितृत्व निर्धारण गर्नु पर्दा निजको आमा वा बाबुको आधारमा गरिनेछ।

(२) उपदफा (१) बमोजिम पितृत्व निर्धारण गर्दा अन्यथा प्रमाणित भएकोमा बाहेक त्यस्तो व्यक्ति जन्मदाका बखत निजको आमाको पति रहेको व्यक्ति निजको बाबु भएको अनुमान गरिनेछ।”

**संशोधन गर्नुपर्ने**

यस दफामा रहेका “आमा वा बाबु” भन्ने शब्दले “समलिङ्गी दम्पतीका सन्तानको हकमा त्यस्ता समलिङ्गी दम्पती” लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।

**दफा १०७,-**

“१०७. **<u>पितृत्व इन्कार गर्न सक्ने</u>** : (१) पति पत्नी बीच अन्यथा सहमति भएकोमा बाहेक विवाह भएको एक सय असी दिन अगाडि नै पत्नीबाट जन्मिएको शिशुको पितृत्वलाई पतिले र त्यस्तो शिशुको जन्म हुनु अगाडि नै पतिको मृत्यु भइसकेको रहेछ भने निजको हकवालाले इन्कार गर्न सक्नेछ।

(२) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भए तापनि विवाह गर्नु अगाडि कुनै महिला गर्भवती भएको थाहा पाएर वा थाहा पाउनु पर्ने मनासिब कारण भई कुनै पुरुषले त्यस्तो महिलासँग विवाह गरेको रहेछ भने त्यस्तो अवधि अगाडि जन्मिएको कारणले मात्र शिशुको पितृत्व इन्कार गर्न सकिने छैन।”

**संशोधन गर्नुपर्ने**

यस दफामा पितृत्व वा मातृत्व सम्बन्धी विषयमा समलिङ्गी विवाह पश्चात् जन्मिने शिशुको विषय पनि समेट्नु पर्ने।

**दफा १०८,-**

“१०८. **<u>छोरा, छोरी वा पितृत्व दाबी गर्नु पर्ने</u>** : (१) पितृत्व वा मातृत्वको ठेगान नभएको शिशु आफ्नो छोरा वा छोरी हो भनी दाबी गर्नु पर्दा त्यस्तो शिशु जन्मिएको वा पहिचान भएको मितिले दुई वर्षभित्र गरिसक्नु पर्नेछ।

(२) पितृत्वको ठेगान नभई जन्मिएको शिशुको पितृत्व दाबी गर्नु पर्दा त्यस्तो शिशु जन्मिएको मितिले दुई वर्षभित्र गरिसक्नु पर्नेछ।

तर त्यस्तो शिशुकै मृत्यु भई सकेपछि दाबी गर्न सकिने छैन।"

**संशोधन गर्नुपर्ने**

यस दफामा रहेका सन्तानको पितृत्व दाबी सम्बन्धी व्यवस्थामा समलिङ्गी दम्पतीको सन्तानको पितृत्व दाबीलाई समेत समेट्नु पर्ने।

**दफा १०९,-**

"१०९. **कृत्रिम गर्भाधानबाट जन्मिएको शिशुको पितृत्व बाबुको हुने** : पति पत्नीको मञ्जुरीले अन्य कुनै व्यक्तिको वीर्यबाट कृत्रिम गर्भाधान प्रणालीद्वारा जन्मिएको शिशु विवाहित पतिबाट नै जन्मिएको मानिनेछ र सोही बमोजिम निजको पितृत्व निर्धारण हुनेछ।"

**संशोधन गर्नुपर्ने**

- कृत्रिम गर्भाधानबाट जन्मिएको शिशुको मातृत्व वा पितृत्व निर्धारण गर्दा समलिङ्गी दम्पतीलाई पनि समेट्नु पर्ने।
- समलिङ्गी दम्पतीले कृत्रिम गर्भाधानबाट सन्तान जन्माउन सक्ने व्यवस्थाको छुट्टै दफा समेत राख्नु पर्ने।

**दफा १११,-**

"१११. **नाम र थर पाउने** : (१) प्रत्येक व्यक्तिले जन्मेपछि आ-आफ्नो धर्म, संस्कृति, चलन र परम्परा अनुसार निजको आमा वा बाबुले राखेको नाम पाउनेछ।

(२) कसैको आमा वा बाबु तत्काल उपलब्ध नभएमा वा उपलब्ध हुन सक्ने सम्भावना नरहेमा निजले आफूलाई हेरचाह गर्ने संरक्षक वा माथवरले राखे बमोजिमको नाम पाउनेछ।

(३) प्रत्येक व्यक्तिले जन्मेपछि निजको आमा बाबुको सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसकेमा निजको बाबुको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ।

तर पितृत्वको ठेगान नलागेको व्यक्तिले आफ्नो नाम पछाडि आमाको थर प्रयोग गर्न पाउनेछ।



नेपाल कानून आयोग

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न सक्नेछ।

(५) कुनै व्यक्तिको थरको सम्बन्धमा प्रश्न उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले आफ्नो बाबुको थर प्रयोग गरेको मानिनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाबु वा आमा दुवैको ठेगान नलागेको व्यक्तिले निजलाई हेरचाह गर्ने संरक्षकद्वारा दिइएको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ।"

**संशोधन गर्नुपर्ने**

यस दफामा रहेका "आमा वा बाबु" शब्दले "समलिङ्गी आमा वा बाबु" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।

**दफा ११२,-**

"११२. **<u>आमा, बाबु, बाजे तथा बजैको नाम उल्लेख गर्न पाउने</u>** : (१) कुनै औपचारिक कार्य, कानूनी काम कारबाही वा लिखतमा कानून बमोजिम आमा, बाबु तथा बाजे, बजैको नाम खुलाउनु पर्ने रहेछ भने त्यस्तो अवस्थामा कुनै पनि व्यक्तिले आफ्नो आमा, बाबु तथा बाजे, बजैको नाम उल्लेख गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आमा, बाबु तथा बाजे, बजैको नाम उल्लेख गर्नु पर्ने कुनै व्यक्तिको बाबु पत्ता नलागेको अवस्थामा निजले आमा र आमा तर्फको बाजे, बजैको नाम उल्लेख गर्न सक्नेछ र आमाको पनि नाम पत्ता नलागेको भए सोही व्यहोरा उल्लेख गरी निज नाबालक भए संरक्षक वा माथवरको र बालिग भए आफ्नो नाम मात्र उल्लेख गर्नु पर्याप्त हुनेछ।"

**संशोधन गर्नुपर्ने**

यस दफामा रहेका "आमा बाबु" शब्दले "समलिङ्गी आमा वा बाबु" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।

**दफा ११३,-**

"११३. **<u>छोरा, छोरीको जन्म दर्ता गर्नु पर्ने</u>** : (१) कुनै दम्पतीको कुनै छोरा, छोरी जन्मिएमा कानून बमोजिम तोकिएको अधिकारी समक्ष त्यस्तो छोरा, छोरी जन्मिएको तीन महिनाभित्र जन्म दर्ताको लागि आमा वा बाबुले निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्याद नाघेपछि कसैले छोरा वा छोरीको जन्म दर्ताको लागि निवेदन दिन चाहेमा प्रचलित कानूनमा तोकिदिए बमोजिमको रकम जरिवाना वापत तिर्नु पर्नेछ।

(३) ..........

(४) उपदफा (३) बमोजिमको दर्ता किताबमा विवरण उल्लेख गर्दा सम्बन्धित व्यक्तिको नाम, थर, जन्मिएको मिति (साल, महिना, गते र बार समेत) र ठाउँ, निजको आमा, बाबु तथा बाजे बजैको नाम, थर, ठेगाना समेत उल्लेख गर्नु पर्नेछ।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा रहेका "दम्पती" तथा "आमा बाबु" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।
- "छोरा छोरी" भन्ने शब्दहरूको सट्टा "सन्तान" राख्नु पर्ने।

**दफा ११४,-**

"११४. **<u>हेरचाह र स्याहार सम्भार गर्नु पर्ने</u>** : (१) प्रत्येक नाबालकलाई आमा बाबुले संयुक्त रूपमा हेरचाह र स्याहार सम्भार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम हेरचाह र स्याहार सम्भार गर्दा आमा बाबुले आफ्नो आर्थिक हैसियत र क्षमता अनुसार पालनपोषण, स्वास्थ्योपचार, शिक्षा, दीक्षा, खेलकूद, मनोरञ्जन तथा अन्य आवश्यक व्यवस्था गर्नु पर्नेछ।"

**संशोधन गर्नुपर्ने**

यस दफामा रहेका "आमा बाबु" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।

**दफा ११५,-**

"११५. **आमा वा बाबुको जिम्मामा रहने** : (१) दफा ११४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम पति पत्नीको वैवाहिक सम्बन्ध अन्त्य भएकोमा निजहरूबाट जन्मिएको नाबालक देहाय बमोजिम आमा वा बाबुको जिम्मामा रहनेछ :-

(क) पाँच वर्ष उमेर पूरा नभएको नाबालक भए आमाले अर्को विवाह गरेको भए वा नभएपनि निजले चाहेमा आमाको जिम्मा,

(ख) पाँच वर्षभन्दा माथिको नाबालक भए आमाले अर्को विवाह गरेकोमा बाहेक निजले चाहेमा निजको जिम्मा,

(ग) खण्ड (क) वा (ख) बाहेकको अन्य अवस्थामा बाबुको जिम्मा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पति पत्नी बीच सम्बन्ध विच्छेद हुँदा वा भिन्न हुँदाका बखत नाबालक जिम्मा लिने सम्बन्धमा छुट्टै सहमति भएकोमा सोही बमोजिम हुनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दश वर्ष उमेर पूरा गरिसकेको नाबालक बाबु वा आमा कसको जिम्मा रहने हो त्यस सम्बन्धमा निर्णय गर्नु पर्दा सम्बन्धित नाबालकको राय लिन सकिनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै नाबालक यस दफा अन्तर्गत आमा वा बाबुमध्ये कुनैको जिम्मामा रहेकोमा त्यसरी जिम्मा लिने बाबु वा आमाको मृत्यु भएमा जीवित रहेको आमा वा बाबुले अविलम्ब त्यस्तो नाबालक आफ्नो जिम्मामा लिनु पर्नेछ।

तर आमाले अर्को विवाह गरिसकेकोमा पाँच वर्ष पूरा भएको नाबालक जिम्मा लिन निजलाई कर लाग्ने छैन।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम पति पत्नी भिन्न भएमा निजहरूको कुनै नाबालक भए त्यस्तो नाबालकको पालनपोषण, शिक्षा र उपचारको व्यवस्थाको सम्बन्धमा पति पत्नी बीच कुनै सहमति भएकोमा सोही बमोजिम र त्यस्तो सहमति नभएकोमा देहाय बमोजिम हुनेछ :-

(क) पाँच वर्ष पूरा नगरेको नाबालक भए आमाको जिम्मा,

(ख) पाँच वर्ष वा सोभन्दा माथि दश वर्ष पूरा नभएको नाबालक भए बाबुको जिम्मा,

(ग) दश वर्ष पूरा गरेको नाबालक भए निजले आमा, बाबुमध्ये जोसँग बस्न मञ्जुर गरेकोछ निजको जिम्मा।"

**संशोधन गर्नुपर्ने**

यस दफामा ठाउँ-ठाउँमा रहेका "पति पत्नी" भन्ने शब्दको सट्टा "दम्पती" र "आमा बाबु" भन्ने शब्दहरूले "समलिङ्गी दम्पतीका सन्तानका आमा वा बाबु" लाई सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।

**दफा ११६,-**

"११६. **<u>आवश्यक हेरचाह र स्याहार सम्भार गर्नु पर्ने</u>** : (१) दफा ११५ बमोजिम नावालक जिम्मा लिएको आमा वा बाबुले आफूले जिम्मा लिएको नाबालकको हेरचाह र स्याहार सम्भार गर्नु पर्नेछ र त्यसरी हेरचाह र स्याहार सम्भार गर्दा दफा ११४ को उपदफा (२) मा उल्लेख भए बमोजिम गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नाबालक जिम्मा लिने आमा वा बाबुकोभन्दा जिम्मा नलिने आमा वा बाबुको आम्दानी बढी रहेछ भने त्यस्तो आमा वा बाबुले त्यस्तो नाबालकको पालनपोषण, शिक्षा र उपचारका लागि त्यस्तो आमा वाबुको सहमति बमोजिमको र त्यसरी सहमति हुन नसकेमा अदालतले तोके बमोजिमको खर्च त्यस्तो नाबालकलाई उपलब्ध गराउनु पर्नेछ।"

**संशोधन गर्नुपर्ने**

यस दफामा रहेका "आमा बाबु" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।

**दफा ११७,-**

"११७. **<u>भेटघाटको सुविधा पाउने</u>** : (१) कानून बमोजिम वैवाहिक सम्बन्ध अन्त्य भएको वा आमा र वाबु भिन्न बसेको अवस्थामा आमाको जिम्मा रहेको नाबालकलाई बाबुसँग र बाबुको जिम्मा रहेको नाबालकलाई आमासँग समय समयमा भेट गर्न वा आमा बाबुको सहमतिमा केही केही अवधिको लागि साथमा रहन दिनु पर्नेछ।

तर त्यसरी भेट गर्न वा साथमा रहन दिँदा नाबालकको हित प्रतिकूल हुने कुनै सम्भावना देखिएमा त्यसरी भेट गर्न वा साथमा रहन दिन रोक लगाउने गरी सम्बन्धित जिल्ला अदालतले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बाबु वा आमासँग भेट गर्ने पटक वा साथमा रहने अवधि सम्बन्धित आमा बाबुबाट निर्धारण भए बमोजिम हुनेछ र त्यसरी निर्धारण हुन नसकेमा सम्बन्धित जिल्ला अदालतको आदेश बमोजिम हुनेछ।

(३) यस दफा बमोजिम कुनै नाबालक बाबु वा आमाको साथमा रहेकोमा नाबालक राख्ने बाबु वा आमाले त्यस्तो नाबालकको हेरचाह र स्याहार सम्भार गर्दा दफा ११४ को उपदफा (२) मा उल्लेख भए बमोजिम गर्नु पर्नेछ।"

**संशोधन गर्नुपर्ने**

यस दफामा रहेका "आमा बाबु" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।

**दफा ११८,-**

"११८. <u>**छोरा छोरीको अधिकार कायमै रहने**</u> : (१) यस संहिता बमोजिम पति पत्नी बीचको वैवाहिक सम्बन्ध अन्त्य भए तापनि निजहरूबाट जन्मिएका छोरा, छोरीको बाबु, आमा माथिको कानूनी अधिकार र निज प्रतिको बाबु, आमाको दायित्व कायमै रहनेछ।

(२) कुनै व्यक्तिको बाबु आमा यस संहिता बमोजिम पति पत्नी हुन नसक्ने भएपनि निजहरूबाट जन्मिएका छोरा, छोरीको बाबु, आमा माथिको कानूनी अधिकार र निज प्रतिको बाबु, आमाको दायित्व कायमै रहनेछ।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा ठाउँ-ठाउँमा रहेका "पति पत्नी" भन्ने शब्दको सट्टा "दम्पती" र "आमा बाबु" भन्ने शब्दहरूले "समलिङ्गी दम्पतीका सन्तानका आमा वा बाबु" लाई सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।
- "छोरा छोरी" शब्दहरूको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

**दफा ११९,-**

"११९. **<u>सहमति बिना भिन्न बस्न नहुने</u>** : (१) आमा वा बाबुको सहमति बिना छोरा छोरीले आमा वाबुबाट भिन्न बस्न पाउने छैनन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुनै अवस्थामा छोरा छोरी आमा बाबुबाट भिन्न वस्न सक्ने छन्:-

(क) आमा बाबुबाट कानून बमोजिम अंश लिई वा नलिई छुट्टिएकोमा,

(ख निजले विवाह गरेकोमा,

(ग) निजको उमेर कम्तीमा एक्काईस वर्ष पूरा भएकोमा, वा

(घ) निजले रोजगारी प्राप्त गरिसकेकोमा।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा ठाउँ-ठाउँमा रहेका "आमा बाबु" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।
- "छोरा छोरी" शब्दहरूको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

**दफा १२०,-**

"१२०. **<u>नाबालकले श्रमिकको रूपमा काम गर्न नहुने</u>** : कानून बमोजिम श्रमिकको रूपमा काम गर्न पाउने नाबालकले आमा, बाबु, अन्य संरक्षक वा माथवरको सहमति बिना श्रमिकको रूपमा काम गर्न सक्ने छैन।"

**संशोधन गर्नुपर्ने**

यस दफामा रहेका "आमा बाबु" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।

**दफा १२१,-**

"१२१. **<u>नाबालक राख्ने बाबु, आमाको निर्णय बमोजिम हुने</u>** : यस संहिता बमोजिम वैवाहिक सम्बन्ध कायम हुन नसक्ने वा वैवाहिक सम्बन्ध अन्त्य भएका बाबु आमाबाट जन्मिएका नाबालकको हकहितका सम्बन्धमा कुनै निर्णय गर्नु पर्ने विषयमा बाबु, आमा

बीच विवाद उत्पन्न भएमा त्यस्तो नावालक बाबु, आमामध्ये जोसँग बसेको छ निजले निर्णय गरे बमोजिम हुनेछ।"

**संशोधन गर्नुपर्ने**

यस दफामा रहेका "आमा बाबु" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।

**दफा १२२,-**

"१२२. <u>**आमा बाबुलाई आदर, सम्मान र हेरचाह गर्नु पर्ने**</u> : (१) प्रत्येक छोरा छोरीले आफ्ना आमा बाबुलाई आदर तथा सम्मानका साथ व्यवहार गर्नु पर्नेछ।

(२) प्रत्येक छोरा छोरीले आमा बाबुलाई एकासगोलमा बसेको वा कानून बमोजिम भिन्न भइसकेको जेसुकै भए तापनि आफ्नो आर्थिक तथा सामाजिक हैसियत अनुसार आवश्यक हेरचाह, स्याहार सम्भार, औषधोपचार वा रेखदेख गर्नु पर्नेछ।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा रहेका "आमा बाबु" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।
- "छोरा छोरी" शब्दहरूको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

**दफा १३६,-**

"१३६. <u>**संरक्षकको प्राथमिकताक्रम**</u> : (१) यस परिच्छेदको अन्य दफाको अधीनमा रही देहायका प्राथमिकताक्रमको व्यक्ति असक्षम वा अर्धसक्षम व्यक्तिको स्वतः संरक्षक हुनेछः-

(क) एकासगोलका पति वा पत्नी,

(ख) बाबु वा आमा,

(ग) एकासगोलका छोरा, छोरी वा विधवा बुहारी,

(घ) भिन्न भएका पति वा पत्नी,

(ङ) भिन्न भएको छोरा, छोरी वा विधवा बुहारी,

(च) बाजे वा बजै,

(छ) नाति वा नातिनी,

(ज) दाजु, भाइ वा दिदी, बहिनी

(झ) मावलीपट्टिका बाजे, बज्यै, मामा, माइजू।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा ठाउँठाउँ रहेका "पति वा पत्नी" र "आमा वा बाबु" शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।
- "छोरा छोरी" शब्दहरूको सट्टा "सन्तान" शब्द राख्नु पर्ने।

**दफा १५५,-**

"१५५. **<u>नाबालकको माथवर आमा हुन सक्ने</u>** : दफा १५३ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै नाबालकको बाबुको मृत्यु भएको वा निज बेपत्ता भएको, होस ठेगानमा नरहेको वा विदेश गएको अवस्थामा दश वर्षभन्दा कम उमेरको नाबालकको आमा भएमा निजले अर्को विवाह गरिसकेको भएपनि निज नै त्यस्तो नाबालकको माथवर हुनेछ।"

**संशोधन गर्नुपर्ने**

यस दफामा रहेका "आमा बाबु" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।

**दफा १७२,-**

"१७२. **<u>धर्मपुत्र वा धर्मपुत्री राख्न सक्ने</u>** : (१) देहायका कुनै व्यक्तिले बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्न सक्नेछ :-

(क) विवाह भएको दश वर्षसम्म पनि छोरा वा छोरी नहुने दम्पती,

(ख) पैंतालीस वर्ष उमेर पूरा भएकी अविवाहित, विधवा, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेकी छोरा वा छोरी नहुने महिला,

(ग) पैंतालीस वर्ष उमेर पूरा भएको अविवाहित, विधुर, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेको छोरा वा छोरी नहुने पुरुष।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा "धर्मपुत्र वा धर्मपुत्री" भन्ने शब्दको सट्टा "धर्मसन्तान" भन्ने शब्द राख्न उपयुक्त हुने।

- यस दफामा समलिङ्गी दम्पतीले पनि धर्मसन्तान राख्न सक्ने व्यवस्था गर्नु पर्ने।

**दफा १७५,-**

"१७५. **धर्मपुत्र वा धर्मपुत्री राख्दा सहमति लिनु पर्ने** : (१) कसैले कुनै बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्दा त्यस्तो बालबालिकाका बाबु र आमा दुवै जीवित भए दुवै जनाको र बाबु र आमामध्ये कुनै एक मात्र जीवित भए जीवित बाबु वा आमाको लिखित सहमति लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पति र पत्नी बीच वैवाहिक सम्बन्ध अन्त्य भई वा न्यायिक पृथकीकरण भएको कारणबाट बाबु र आमा अलग भएकोमा त्यसरी सम्बन्ध अन्त्य हुँदा वा न्यायिक पृथकीकरण हुँदा भएको सहमति बमोजिम त्यस्तो बाबु वा आमासँग बसेका बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्दा त्यस्तो बालबालिका बाबु वा आमामध्ये जोसँग निज बसेको छ सोही बाबु वा आमाको सहमति लिनु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाबु आमा पत्ता नलागेको, जीवित नभएको वा बाबु आमा जीवित भए पनि बाबु वा आमाले अर्को विवाह गरी त्यस्तो बालबालिकालाई अन्य कुनै व्यक्ति वा संस्थाले पालनपोषण वा हेरविचार गरेको रहेछ भने यसरी पालनपोषण वा हेरविचार गर्ने व्यक्ति वा संस्थाको लिखित सहमति लिई त्यस्ता बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्न सकिनेछ।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा ठाउँठाउँमा रहेका "धर्मपुत्र वा धर्मपुत्री" शब्दको सट्टा "धर्मसन्तान" शब्द राख्न उपयुक्त हुने।
- यस दफामा रहेका "आमा बाबु" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।

**दफा १७९,-**

"१७९. **धर्मपुत्र वा धर्मपुत्रीको थर** : धर्मपुत्र वा धर्मपुत्री भएको व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री ग्रहण गर्ने बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न सक्नेछ।

तर,

(१) धर्मपुत्र वा धर्मपुत्री हुने व्यक्तिले चाहेमा निजलाई जन्माउने बाबु आमाको थर समेत प्रयोग गर्न सक्नेछ।

(२) धर्मपुत्र वा धर्मपुत्री बदर भएमा निजको थर निजलाई जन्माउने बाबु वा आमाको हुनेछ।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा ठाउँठाउँमा रहेका "धर्मपुत्र वा धर्मपुत्री" शब्दको सट्टा "धर्मसन्तान" शब्द राख्न उपयुक्त हुने।
- यस दफामा समलिङ्गी दम्पतीका पनि धर्मसन्तानले प्रयोग गर्ने थरको सम्बन्धमा व्यवस्था गर्नु पर्ने।

**दफा २०५,-**

"२०५. **<u>अंशियार मानिने</u>** : सगोलको सम्पत्ति अंशबण्डा गर्ने प्रयोजनको लागि यस परिच्छेदको अन्य दफाको अधीनमा रही पति, पत्नी, बाबु, आमा, छोरा, छोरी अंशियार मानिनेछन्।"

**संशोधन गर्नुपर्ने**

- यस दफाको ठाउँठाउँमा रहेका "पति वा पत्नी" र "आमा वा बाबु" शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्न उपयुक्त हुने।
- यस दफामा रहेका "छोरा छोरी" शब्दहरूको सट्टा "सन्तान" शब्द राख्नु पर्ने।

**दफा २०६,-**

"२०६. **अंश को समान हकदार हुने** : (१) प्रत्येक अंशियार अंश को समान हकदार हुनेछन्।

(२) अंशबण्डा गर्दाका बखत कुनै महिला अंशियार गर्भवती भएमा र निजले जन्माउने शिशु अंशियार हुने भएमा त्यसरी जन्मने शिशुलाई समेत समान अंशियार मानी निजको अंश भाग छुट्याएर मात्र अंशबण्डा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम गर्भवती महिलाबाट जिउँदो शिशु नजन्मिएमा त्यस्ता शिशुको लागि छुट्याइएको अंश अन्य अंशियारले बराबरी पाउनेछन्।"

**संशोधन गर्नुपर्ने**

यस दफामा समलिङ्गी दम्पती कृत्रिम माध्यमबाट गर्भवती भएमा निजले जन्माउन शिशुको अंश समेतलाई उल्लेख गर्नु पर्ने।

**दफा २०७,-**

"२०७. **<u>वैवाहिक सम्बन्ध अन्त्य भएका दम्पतीबाट जन्मेका छोरा, छोरीले अंश पाउने</u>** : कानून बमोजिम विवाह हुन नसक्ने, विवाह भएको नमानिने वा वैवाहिक सम्बन्ध अन्त्य भएका दम्पतीबाट जन्मिएका छोरा छोरीले त्यस्ता बाबु आमाबाट अंश पाउनेछन्।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा रहेका "आमा बाबु" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।
- यस दफामा रहेका "छोरा छोरी" शब्दहरूको सट्टा "सन्तान" शब्द राख्नु पर्ने।

**दफा २०८,-**

"२०८. **<u>आमाबाट अंश पाउने</u>** : (१) बाबुको पहिचान नभएका छोरा छोरीले आमाको सम्पत्तिबाट मात्र अंश पाउनेछन्।

(२) प्रकाश नगरी बाहिर राखेका पत्नीले वा निजबाट जन्मेका छोरा छोरीले पति वा बाबु मरेपछि अंशमा दाबी गर्न पाउने छैन।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा समलिङ्गी दम्पतीको सन्तानको विषय पनि समेट्नु पर्ने।
- यस दफामा रहेका "छोरा छोरी" शब्दको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।
- यस दफामा रहेका "आमा बाबु" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।

**दफा २०९,-**

"२०९. **<u>बाबु वा पतिको भागबाट अंश  पाउने</u>** : (१) सगोलमा बसेका दाजु भाइका छोरा छोरी वा पत्नीले आफ्ना बाबु वा पतिको भागबाट मात्र अंश पाउनेछन्।

(२) अंश नहुँदै पति वा बाबु आमा मरेमा निजले पाउने अंश निजका पत्नी वा छोरा, छोरीले पाउनेछन्।

(३) कुनै व्यक्तिको एकभन्दा बढी पत्नीहरू भएमा निजहरूले पतिको भागबाट मात्र अंश पाउनेछन्।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा समलिङ्गी दम्पतीको विषय पनि समेट्नु पर्ने।
- यस दफामा रहेका "छोरा छोरी" शब्दको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।
- यस दफामा रहेका "आमा बाबु" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।

**दफा २१०,-**

"२१०. **पछिल्लो पत्नी वा सन्तानले पति वा बाबुको भागबाट अंश पाउने** : (१) कुनै व्यक्तिले पत्नी, छोरा छोरीसँग अंशबण्डा गरी भिन्न भएपछि वा त्यसरी भिन्न भएकोसँग आफ्नो अंश मिलाई सँगै बसेको अवस्थामा अर्को विवाह गरेमा वा त्यसरी विवाह गरेकी पत्नीबाट छोरा छोरी जन्मिएमा त्यस्ता पत्नी वा छोरा, छोरीले पति वा बाबुको अंश भागवाट मात्र अंश पाउनेछन्।

(२) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पत्नी जीवित हुने कुनै व्यक्तिले अंश नहुँदै अर्को विवाह गरेमा अन्य अंशियारको अंश भाग छुट्याई आफूले पाउने अंश भागबाट त्यसरी विवाह गर्ने महिलालाई अंश दिनु पर्नेछ।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा समलिङ्गी दम्पतीको विषय पनि समेट्नु पर्ने।
- यस दफामा रहेका "छोरा छोरी" शब्दको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।
- यस दफामा रहेका "पति पत्नी" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।

**दफा २११,-**

"२११. **अंश लिन सक्ने** : (१) सगोलको सम्पत्ति भएका पति, पत्नी, बाबु, आमा, छोरा, छोरीले पत्नी, पति, छोरा, छोरी, बाबु र आमालाई आफ्नो इज्जत आमद अनुसार खान लाउन दिन र आर्थिक हैसियत अनुसार शिक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था पूरा गर्नु पर्ने दायित्व भएका व्यक्तिले त्यस्तो दायित्व पूरा नगरेमा अंशियारले आफ्नो अंश लिई भिन्न हुन सक्नेछ।

**संशोधन गर्नुपर्ने**

- यस दफामा ठाउँठाउँमा रहेका "पति वा पत्नी" र "आमा बाबु" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।
- "छोरा छोरी" शब्दहरूको सट्टा "सन्तान" शब्द राख्नु पर्ने।
- यस दफामा समलिङ्गी दम्पतीको दायित्व समेत समावेश गर्नु पर्नेछ।

**दफा २१२,-**

"२१२. **<u>जहिलेसुकै भिन्न हुन सक्ने</u>** : (१) अंशियारहरू बीच आपसी सहमति भएमा निजहरू जहिलेसुकै पनि अंश लिई भिन्न हुन सक्नेछन्।

(२) पति, बाबु, आमा वा घरको मुख्य भई काम गर्ने व्यक्तिलाई सबै अंशियारहरू एउटै परिवारमा बस्नुभन्दा अंशबण्डा गरी अलग अलग बस्न उपयुक्त लागेमा जहिलेसुकै पनि अंशबण्डा गरी छुट्टिई भिन्न हुन सक्नेछन्।

**<u>स्पष्टीकरण</u>** : यस संहिताको प्रयोजनको लागि "घरको मुख्य भई काम गर्ने व्यक्ति" भन्नाले घरको मुख्य भई काम गर्ने वा सगोलमा बसी विभिन्न ठाउँमा खेती, व्यापार, व्यवसाय वा अन्य कुनै काम गरी घर व्यवहार चलाउने जिम्मेवारी भएको कानून बमोजिम उमेर पूरा गरेको व्यक्ति सम्झनु पर्छ।"

**संशोधन गर्नुपर्ने**

यस दफामा घरको मुख्य भई काम गर्ने व्यक्तिमा समलिङ्गी दम्पतीलाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।

**दफा २१३,-**

"२१३. **<u>पति वा पत्नीले अंश लिई भिन्न हुन सक्ने</u>** : दफा २११ मा जुनसुकै कुरा लेखिएको भए तापनि पति वा पत्नीले देहायका कुनै अवस्थामा जहिलेसुकै आफ्नो अंश लिई भिन्न हुन सक्नेछः-

(क) पति वा पत्नीले पत्नी वा पतिलाई घरबाट निकाला गरिदिएमा,

(ख) पति वा पत्नीले पत्नी वा पतिलाई शारीरिक वा मानसिक यातना दिएमा।"

**संशोधन गर्नुपर्ने**

यस दफामा ठाउँठाउँमा रहेका "पति वा पत्नी" शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्ने गरी व्यवस्था गर्नु पर्ने।

**दफा २१४,-**

"२१४. **विधवाले अंश लिई भिन्न हुन सक्ने** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विधवाले जहिलेसुकै आफ्नो अंश लिई भिन्न हुन सक्नेछ।

(२) विधवाले अर्को विवाह गरेमा निजले अंश वापत पाएको सम्पत्ति त्यस्ती विधवाको अघिल्लो पति तर्फ छोरा छोरी भएमा त्यस्ता छोरा छोरीले र नभएमा निज आफै लिन पाउनेछ।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा "विधवा" भन्नाले "समलिङ्गी दम्पतीमा कुनै एकको मृत्यु भएमा" भन्ने विषय समेत सम्बोधन गर्नु पर्ने।
- यस दफामा रहेका "छोरा छोरी" शब्दको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

**दफा २१५,-**

"२१५. **अंश छोडपत्र गर्न सक्ने** : (१) कुनै अंशियारले आफ्नो अंश आंशिक रूपमा लिई वा नलिई वा अंश वापत केही नगदी वा जिन्सी मात्र लिई अंश छोडपत्र गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अंश छोडपत्र गर्दा कुनै अंशियारको पति, पत्नी वा उमेर लिएमा मात्र अंश पुगेका छोरा, छोरी भएमा त्यस्ता पति, पत्नी वा छोरा, छोरीको मन्जुरी लिएमा छोडपत्र गर्न सक्नेछ। तर नाबालक अंशियारको अंश हक छोडपत्र गर्न सकिने छैन।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा रहेका "पति पत्नी" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने।
- "छोरा छोरी" शब्दको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

**दफा २३९,-**

"२३९. **<u>अपुताली पाउने हकवालाको प्राथमिकताक्रम</u>** : (१) अपुताली पाउने नजिकको हकवालाको प्राथमिकताक्रम यस परिच्छेदको अन्य दफाको अधीनमा रही देहाय बमोजिम हुनेछ :-

(क) सगोलको पति वा पत्नी,

(ख) सगोलको छोरा, छोरी, विधवा बुहारी, बुहारी,

(ग) सगोलका बाबु, आमा, सौतेनी आमा, छोरा छोरी तर्फका नाति, नातिनी, नातिनी, बुहारी,

(घ) भिन्न भएका पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा,

(ङ) भिन्न भएका छोरातर्फका नाति, नातिनी,

(च) भिन्न भएका बाजे, बज्यै,

(छ) सगोलका जिजुबाजे, जिजुबज्यै, दाजु, भाइ, दिदी, बहिनी, विधवा भाउजू वा भाइ, बुहारी

(ज) सगोलका काका, काकी, भतिजा, भतिजी

(झ) भिन्न भएका दाजु, भाइ, दिदी, बहिनी, विधवा भाउजू वा भाइ बुहारी।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा ठाउँठाउँमा रहेका "पति वा पत्नी" र "आमा वा बाबु" भन्ने शब्दहरूले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने।
- "छोरा छोरी" शब्दहरूको सट्टा "सन्तान" शब्द राख्नु पर्ने।

**१६. मुलुकी देवानी कार्यविधि संहिता, २०७४**

**हालको व्यवस्था**

**दफा २७१,-**

"२७१. **<u>स्वार्थ बाझिएको मुद्दा हेर्न नहुने</u>** : (१) न्यायाधीशले देहायका मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्न हुँदैन :-

(क) आफ्नो वा आफ्नो नजिकको नातेदारको हक, हित वा सरोकार रहेको मुद्दा,

**<u>स्पष्टीकरण</u>** : यस दफाको प्रयोजनका लागि "नजिकको नातेदार" भन्नाले अपुताली खुला हुँदा कानून बमोजिम अपुताली प्राप्त गर्न सक्ने प्राथमिकताक्रममा रहेको व्यक्ति, मामा, माइजू, सानी आमा, ठूलीआमा, सानो बाबु, ठूलो बाबु, पति वा पत्नी तर्फका सासू, ससुरा, फुपू, फुपाजु, साला, जेठान, साली, दिदी, बहिनी, भिनाजु, बहिनी ज्वाइँ, छोरी ज्वाइँ, भाञ्जा, भाञ्जी, भाञ्जी ज्वाइँ, भाञ्जीबुहारी तथा त्यस्तो नाताका व्यक्तिको परिवारको सदस्य सम्झनु पर्छ।"

**संशोधन गर्नुपर्ने**

यस दफामा रहेको "नजिकको नातेदार" शब्दको परिभाषामा "समलिङ्गी दम्पती र समलिङ्गी विवाह पश्चात् कायम हुने नातेदारहरू" लाई समेत समेटनु पर्ने।

**संशोधन गर्नुपर्ने अन्य विषयहरू**

- अनुसुची-६, अनुसुची-७, अनुसुची-९, अनुसुची-१९, तथा अनुसूची-२२, २३, २४, २५, २६ र २७ को ढाँचामा "पति वा पत्नीको" भन्ने शब्दहरु प्रयोग भएका छन। जस्तैः-..................... को छोरा/छोरी ..................... को पति/पत्नी ...........। यी अनुसूचीहरूमा उल्लिखित "पति/पत्नी" शब्दको सट्टा "समलिङ्गी दम्पती" र "छोरा/छोरी" शब्दको सट्टा "सन्तान" शब्दले सम्बोधन गर्नु पर्ने।

**१७. मुलुकी अपराध संहिता, २०७४**

**हालको व्यवस्था**

**दफा २१९,-**

"२१९. **<u>जवर्जस्ती करणी गर्न नहुने</u>** : (१) कसैले जवर्जस्ती करणी गर्न हुँदैन।

(२) कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिनेछ।

**<u>स्पष्टीकरणः</u>** यस परिच्छेदको प्रयोजनको लागिः

(क) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

(ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

(ग) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जवर्जस्ती करणी गरेको मानिनेछ।

(३) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी देहाय बमोजिम कैद हुनेछः-

(क) दश वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त, अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका महिला भए जन्म कैद

(ख) दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए अठार वर्षदेखि बीस वर्षसम्म,

(ग) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए बाह्र वर्षदेखि चौध वर्षसम्म,

(घ) सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरकी महिला भए दश वर्षदेखि बाह्र वर्षसम्म,

(ङ) अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला भए सात वर्षदेखि दश वर्षसम्म।

(३क) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई उपदफा (३) बमोजिमको कैद सजायको अतिरिक्त देहाय बमोजिमको जरिवाना समेत हुनेछ र त्यस्तो जरिवाना बापत प्राप्त सबै रकम प्रचलित कानून बमोजिम स्थापना भएको पीडित राहत कोषमा जम्मा गरिनेछः-

(क) उपदफा (३) को खण्ड (क) वा (ख) बमोजिम कैद सजाय हुने कसूरदारलाई सात लाख रुपैयाँ जरिवाना,

(ख) उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिम कैद सजाय हुने कसूरदारलाई पाँच लाख रुपैयाँ जरिवाना,

(ग) उपदफा (३) को खण्ड (ङ) बमोजिम कैद सजाय हुने कसूरदारलाई तीन लाख रुपैयाँ जरिवाना।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जवरजस्ती करणी गरेमा पाँच वर्ष सम्म कैद हुनेछ।

तर देहायको अवस्थालाई वैवाहिक सम्बन्ध कायम रहेको मानिने छैनः-

(क) पतिसँग मानो छुट्टिई अंश मुद्दा चलेको,

(ख) पतिसँग अंश लिई छुट्टै बसेको,

(ग) पतिसँग सम्बन्ध विच्छेद मुद्दा चलेको।

(५) उपदफा (४) बमोजिमको अवस्थामा पीडितको निवेदन माग बमोजिम आवश्यक भएमा अदालतले पतिको नाममा देहाय बमोजिमको आदेश जारी गर्न सक्नेछः-

(क) पत्नीलाई निज बसी आएको घरमा नै बसोबास गर्न दिन, पत्नीलाई खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न लगाउन,

(ख) पत्नीलाई आवश्यक उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन लगाउन,

(ग) दुवैलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पतिलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पत्नीको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न लगाउन,

(घ) पत्नीलाई कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न र पत्नीको हित र सुरक्षाको निमित्त आवश्यक र उपयुक्त कुरा गर्न गराउन।

(६) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफूलाई मानवरोग प्रतिरोधक क्षमता ह्रास गर्ने जिवाणु (एच.आई.भी.पोजिटिभ) वा सरुवा यौनरोग (सेक्सुअली ट्रान्समिटेड डिजिज) भएको थाहा पाउँदा पाउँदै कसैले जवर्जस्ती करणी गरेको रहेछ भने त्यस्तो कसूरदारलाई उपदफा (३) मा लेखिएको सजायमा देहाय बमोजिमको थप सजाय समेत हुनेछः-

नेपाल कानून आयोग

(क) मानवरोग प्रतिरोधक क्षमता ह्रास गर्ने जिवाणु (एच.आई.भी. पोजिटिभ) भएको थाहा पाउँदा पाउँदै जवर्जस्ती करणी भएको भए दफा १०५ बमोजिमको सजाय,

(ख) अन्य सरुवा यौनरोग (सेक्सुअली ट्रान्समिटेड डिजिज) भएको थाहा पाउँदा पाउँदै जवर्जस्ती करणी भएको भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना।

(७) सामूहिक रुपमा जवर्जस्ती करणी गरेमा वा छ महिनाभन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रुपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जवर्जस्ती करणी गरेमा उपदफा (३) मा लेखिएको सजायमा थप पाँच वर्षसम्म कैद सजाय हुनेछ।

तर पूर्ण अशक्त अपाङ्गता भएकी महिला भएमा उपदफा (३) को खण्ड (क) बमोजिमको सजाय हुनेछ।

(८) कसैले हाडनाताकी महिलालाई जवर्जस्ती करणी गरेकोमा निजलाई हाडनाता करणीमा सजाय हुने रहेछ भने यस परिच्छेद बमोजिमको सजायमा हाडनाताको करणीमा हुने सजाय समेत थप हुनेछ।

**संशोधन गर्नुपर्ने**

- जबरजस्ती करणीको विषयमा समलिङ्गी सम्बन्धी विषय पनि थपी सम्बोधन गर्नु पर्ने।
- वैवाहिक जबरजस्ती करणीमा समलिङ्गी जोडीको विषय समेत उल्लेख गर्नु पर्ने।
- अठार वर्षभन्दा कम उमेरको "कुनै बालिका" भन्ने शब्दसँगै "बालक र अन्तरलिङ्गी" शब्दहरु समेत राखी सम्बोधन गर्नु पर्ने।
- समलिङ्गीहरूबीच वा समलिङ्गी बाहेकका व्यक्तिलाई हुन सक्ने जवर्जस्तीकरणीको छुट्टै दफा राखी कसूर कायम हुने स्पष्ट व्यवस्था गर्नु पर्ने।
- समलिङ्गीले गर्न सक्ने यौन दुर्व्यवहारको विषय थप गर्नु पर्ने।

**दफा २२०,-**

"२२०. **<u>हाडनातामा करणी गर्न नहुने</u>** : (१) कसैले आफ्नो जात वा कुलमा चली आएको चलन, परम्परा वा मान्यता अनुसार विवाह गर्न नहुने नाताको व्यक्ति हो भन्ने जानीजानी त्यस्तो व्यक्तिसँग करणी लिनु दिनु हुँदैन।

(२) देहायका नातामा उपदफा (१) बमोजिमको कसूर गर्नेलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) जन्माउने आमा छोराको वा बाबु छोरीको करणी भएमा जन्मकैद,

(ख) सौतेनी आमा छोरा वा बाबु छोरी, सहोदर दिदी भाइ वा दाजु बहिनी, एकै हाँगाको ससुरा बुहारी, एकै हाँगाको बाजे नातिनी वा पनातिनी, एकै हाँगाका जेठाजु र भाइ बुहारी वा देवर भाउजूको करणी भएमा चार वर्षदेखि दश वर्षसम्म कैद र चालीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना,

(ग) एकै हाँगाको तीन पुस्तासम्मको बज्यै, नाति वा पनाति, एकै हाँगाको ठूलो बाबु वा काका भतिजी, एकै हाँगाको भतिजो ठूली आमा वा काकी, एकै हाँगाको ससुरो भतिजी बुहारी, साख्यै मामा भाञ्जी वा भानिज माइजु, आमा तर्फका ठूली आमा वा सानी आमा र छोरा र आफ्नी श्रीमती तर्फकी सासू र ज्वाँइको करणी भएमा तीन वर्षदेखि छ वर्षसम्म कैद र तीस हजार रुपैयाँदेखि साठी हजार रुपैयाँसम्म जरिवाना,

(घ) खण्ड (क), (ख) वा (ग) मा लेखिएदेखि बाहेक आफ्नो वंशका सात पुस्तासम्मका अन्य नातामा करणी भएमा हाँगो, नाता र पुस्ता समेत विचार गरी एक वर्षदेखि तीन वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा समलिङ्गी विवाह सम्बन्धी व्यवस्थासमेत सम्बोधन गर्नु पर्ने।
- हाडनाता करणी सम्बन्धी कानुनलाई परिमार्जन गरी समलिङ्गी नातालाई समेत यसको परिधिभित्र समेट्नु पर्ने।

**दफा १७५,-**

"१७५. **<u>बहुविवाह गर्न नहुने</u>** : (१) विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्नु हुँदैन।

(२) कुनै पुरुष विवाहित हो भन्ने जानीजानी त्यस्तो पुरुषसँग कुनै महिलाले विवाह गर्नु हुँदैन।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पति पत्नीले कानून बमोजिम अंश वण्डा गरी भिन्न भएमा पुरुष वा महिलाले पुनः विवाह गर्न सक्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(५) उपदफा (१) बमोजिमको विवाह स्वतः बदर हुनेछ।"

**संशोधन गर्नुपर्ने**

- यस दफामा समलिङ्गी दम्पतीले समेत बहुविवाह गर्न नहुने व्यवस्था राखी त्यस्तो विवाहलाई पर्ने।
- उपदफा (३) मा रहेका "पुरूष वा महिला" भन्ने शब्दको सट्टा "व्यक्ति" शब्द राख्नु पर्ने।

**दफा १८८,-**

"१८८. **<u>गर्भपतन गर्न नहुने</u>** : (१) दफा १८९ को अवस्थामा बाहेक कसैले गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने कुनै काम गरी गर्भपतन गराउनु हुँदैन।

(२) कसैले गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन हुँदैन।

(३) उपदफा (१) वा (२) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः-

(क) बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना,

(ख) बाह्र हप्ताभन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना,

(ग) पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना।

(४) गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मी त्यस्तो कामको परिणाम स्वरुप जन्मिएको बच्चा तत्काल मरेमा यस दफाको प्रयोजनका लागि गर्भपतन गराएको मानिने छ।

(५) कसैले कुनै गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा त्यस्ती महिला नमरी निजको गर्भमा रहेको पच्चीस हप्ता वा पच्चीस हप्ताभन्दा बढी अवधिको गर्भ पतन हुन गएमा सो काम गर्ने कसूरदारलाई यस संहिता वा अन्य कानून बमोजिमको सजायमा थप पाँच वर्षसम्म कैद हुनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले कुनै गर्भवती महिला विरुद्ध कुनै रिसइवीले कुनै काम गर्दा गर्भपतन हुन गएमा गर्भपतन गर्ने नियतले त्यस्तो काम गरेको रहेनछ भने पनि देहाय बमोजिमको सजाय हुनेछः-

(क) बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद,

(ख) बाह्र हप्ताभन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद,

(ग) पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद।

(७) कसैले गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै काम गर्न वा गराउन र त्यसरी लिङ्ग पहिचान भएपछि गर्भपतन गर्न वा गराउनु हुँदैन।

(८) उपदफा (७) बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः-

(क) गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्ने वा गराउनेलाई तीन महिनादेखि छ महिनासम्म कैद, र

(ख) लिङ्ग पहिचान गरी गर्भपतन गर्ने वा गराउनेलाई उपदफा (३) मा लेखिएको सजायमा थप एक वर्षसम्म कैद।"

**संशोधन गर्नुपर्ने**

यस दफामा गर्भपतन सम्बन्धी व्यवस्थामा समलिङ्गी दम्पतीलाई समेत समावेश गर्नु पर्ने।

## १८. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

**दफा १७६,-**

**हालको व्यवस्था**

"१७६. **स्वार्थ बाझिने मुद्दा हेर्न नहुने** : (१) न्यायाधीशले देहायका मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्न हुँदैनः-

(क) आफ्नो वा आफ्नो नजिकको नातेदारको हक हित वा सरोकार भएको मुद्दा,

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "नजिकको नातेदार" भन्नाले अपुताली परे खान पाउने नाताको व्यक्ति वा मामा, माइज्यू, सानी आमा, ठुली आमा, सानु बाबु, ठुला बाबु, सासू, ससुरा, फुपू, फुपाजु, जेठान, साला, जेठी सासू, साली, दिदी, बहिनी, भिनाजु, बहिनी ज्वाइ, छोरी ज्वाइ, भाञ्जा, भाञ्जी, भाञ्जी ज्वाइ, भाञ्जी बुहारी, आमाका बाबु, आमाकी आमा वा त्यस्तो नाता पर्ने व्यक्तिको परिवारको सदस्य सम्झनु पर्छ।

**संशोधन गर्नुपर्ने**

यस दफामा "नजिकको नातेदार" को परिभाषामा "समलिङ्गी दम्पती र समलिङ्गी विवाह पश्चात् कायम हुने नातेदारहरू" लाई समेत समेट्नु पर्ने।

## १९. श्रम ऐन, २०७४ को दफा ४८,-

**हालको व्यवस्था**

"किरिया बिदा : (१) पति वा पत्नीको मृत्यु भई वा आफ्नो कूल धर्म अनुसार श्रमिक आफैले किरिया बस्नु पर्ने भएमा वा विवाहित महिला श्रमिकले आफ्नो मातापिता वा सासू ससुराको मृत्यु भई किरिया बस्नु पर्ने भएमा तेह्र दिन किरिया बिदा पाउनेछ।"

**संशोधन गर्नुपर्ने**

यस दफामा रहेका "पति पत्नी" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने।

**२०. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ को उपदफा (४) को खण्ड (छ),-**

**हालको व्यवस्था**

"(१) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,"

**संशोधन गर्नुपर्ने**

"धर्मपुत्र धर्मपुत्री" भन्ने शब्दहरूको सट्टा "धर्मसन्तान" भन्ने शब्द राख्नु पर्ने।

**२१. आवासको अधिकार सम्बन्धी ऐन, २०७५ को दफा २,-**

**हालको व्यवस्था**

"(च) "परिवार" भन्नाले आवास सुविधा प्राप्त गर्ने नागरिकको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा, दाजु, भाउजू, भाइ, भाइबुहारी र दिदी, बहिनी सम्झनु पर्छ।"

**संशोधन गर्नुपर्ने**

- "पति पत्नी" र "आमा बाबु" भन्नाले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने।
- "छोरा छोरी" भन्ने शब्दको सट्टा "सन्तान" र "धर्मपुत्र धर्मपुत्री" भन्ने शब्दको सट्टा "धर्मसन्तान" भन्ने शब्द राख्नु पर्ने।

**२२. अनिवार्य तथा निःशुल्क शिक्षाको सम्बन्धी ऐन, २०७५ को दफा २,-**

**हालको व्यवस्था**

"(ख) "अभिभावक" भन्नाले बालबालिकाको बाबु, आमा वा विद्यालयमा अभिभावकको रूपमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजको संरक्षक वा माथवरलाई समेत जनाउँछ।"

**संशोधन गर्नुपर्ने**

- "अभिभावक" को परिभाषामा "समलिङ्गी दम्पती" लाई समेत समेट्नु पर्ने।



नेपाल कानून आयोग

**दफा ३ को उपदफा (९),-**

**हालको व्यवस्था**

“(९) जनआन्दोलन, सशस्त्र सङ्घर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहीद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पिडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोरा छोरीहरूलाई तोकिए बमोजिम विशेष अवसर पाउने अधिकार हुनेछ।”

**संशोधन गर्नुपर्ने**

- “छोरा छोरी” भन्ने शब्दको सट्टा “सन्तान” भन्ने शब्द राख्नु पर्ने।

२३. **बालबालिका सम्बन्धी ऐन, २०७५**

**दफा २ को खण्ड (ज),-**

**हालको व्यवस्था**

“(ज) "परिवार” भन्नाले बालबालिकाका बाबु, आमा, एकासगोलका दाजु, भाइ, दिदी, बहिनी, हजुरबुबा वा हजुरआमा सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने नजिकका अन्य नातेदारलाई समेत जनाउँछ।”

**संशोधन गर्नुपर्ने**

- “परिवार” को परिभाषामा “समलिङ्गी दम्पती” समेतलाई समेट्नु पर्ने।

**दफा ४,-**

**हालको व्यवस्था**

“४. **<u>नाम, राष्ट्रियता र पहिचानको अधिकार</u>** : (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ।

(२) बालबालिका जन्मेपछि निजको बाबु वा आमाले बालबालिकाको नाम राखी प्रचलित कानून बमोजिम जन्म दर्ता गर्नु पर्नेछ।

(३) जबरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिकाको आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्नेछ।

(५) प्रत्येक बालबालिकाले जन्मेपछि निजको बाबु आमाको सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसकेमा निजको बाबुको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ।

(८) कुनै बालबालिकाको थरको सम्बन्धमा विवाद उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले बाबुको थर प्रयोग गरेको मानिनेछ।

(९) बाबु र आमा दुवैको ठेगान नलागेका बालबालिकाले संरक्षकद्वारा दिइएको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ।

(१०) उपदफा (९) बमोजिम संरक्षकले नाम थर राखि दिँदा बालकल्याण अधिकारीलाई जानकारी दिनु पर्नेछ।

(११) कुनै औपचारिक कानूनी काम कारबाही वा लिखतमा कानून बमोजिम बाबु, आमा तथा बाजे, बजैको नाम उल्लेख गर्नु पर्ने भएमा त्यस्ता बालबालिकाको बाबु पत्ता नलागेको अवस्थामा निजले आमा र आमाको बाबु, आमाको नाम उल्लेख गर्न सक्नेछ र आमाको पनि नाम पत्ता नलागेको भए सोही व्यहोरा उल्लेख गरे पुग्नेछ।

(१२) आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम थर परिवर्तन गर्न हुँदैन।

**संशोधन गर्नुपर्ने**

- "बाबु वा आमा" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने।
- थरको प्रयोगमा समलिङ्गी दम्पतीलाई समेत सम्बोधन गर्नु पर्ने।

**दफा ५,-**

**हालको व्यवस्था**

"५. **<u>भेदभाव विरूद्धको अधिकार</u>** : (१) कुनै पनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा भेदभाव गरिने छैन।

(२) कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा छोरा छोरी, छोरा, छोरा वा छोरी, छोरी वा अघिल्लो पति वा पत्नी वा पछिल्लो पति वा पत्नीबाट जन्मेको छोराछोरीका बीच कुनै भेदभाव गर्नु हुँदैन।

(३) कसैले पनि आफ्नो छोरा छोरी र धर्मपुत्र धर्मपुत्री वा आफ्नो संरक्षणमा रहेका बालबालिका बीच कुनै किसिमको भेदभाव गर्न पाइने छैन।

(४) कुनै महिला र पुरुषको वैवाहिक सम्बन्ध कायम हुनु अघि र वैवाहिक सम्बन्ध कायम भएपछि निजहरूबाट जन्मेका बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गर्नु हुँदैन।

**संशोधन गर्नुपर्ने**

- "पति पत्नी" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने।
- "छोरा छोरी" भन्ने शब्दहरूको सट्टा "सन्तान" र "धर्मपुत्र धर्मपुत्री" शब्दको सट्टा "धर्मसन्तान" राख्नु पर्ने।
- उपदफा (४) मा "महिला र पुरूष" भन्ने शब्दपछि "वा व्यक्ति" भन्ने शब्द राख्नु पर्ने।

**दफा ६,-**

**हालको व्यवस्था**

"६. **<u>बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार</u>** : (१) कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत बाबु वा आमाबाट भिन्न वा अलग गर्नु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएमा बाल अदालतले कुनै बालबालिकालाई बाबु वा आमाबाट अलग गरी कुनै संरक्षकको जिम्मामा रहने आदेश दिन सक्नेछ।

तर त्यसरी आदेश दिनु अघि सम्बन्धित पक्षलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौकाबाट वञ्चित गर्नु हुँदैन।

(३) बालबालिकाको अहित हुने भनी बाल अदालतले रोक लगाएको अवस्थामा बाहेक बाबु वा आमा वा दुवैसँग भिन्न वा अलग बसेको बालबालिकालाई बाबु

आमासँग व्यक्तिगत सम्बन्ध कायम राख्न वा नियमित रूपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने अधिकार हुनेछ।

(४) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री हुने बालबालिकालाई आफ्नो जन्मदिने बाबु आमासँग भेटघाट, सम्पर्क तथा पत्राचार गर्न दिनु पर्नेछ।

(५) वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थाले आफ्नो हेरचाह वा संरक्षणमा रहेका बालबालिकालाई निजको जन्म दिने बाबुआमा वा परिवारसँग भेटघाट गर्न दिनु पर्नेछ।"

**संशोधन गर्नुपर्ने**

- "आमा बाबु" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने।
- "छोरा छोरी" भन्ने शब्दहरूको सट्टा "सन्तान" र "धर्मपुत्र धर्मपुत्री" शब्दको सट्टा "धर्मसन्तान" राख्नु पर्ने।

**दफा ७,-**

**हालको व्यवस्था**

"७. **संरक्षणको अधिकार** : (१) प्रत्येक बालबालिकालाई आफ्नो बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार हुनेछ।

(२) बालबालिकाको हेरचाह, संरक्षण तथा पालनपोषण गर्ने सम्बन्धमा बाबुआमाको समान दायित्व हुनेछ। बाबुआमाको सम्बन्ध विच्छेद भएको वा अन्य कुनै कारणले अलग बसेको अवस्थामा बालबालिकाको पालनपोषणको खर्च आर्थिक क्षमता अनुसार बाबुआमा दुवैले व्यहोर्नु पर्नेछ।

(३) कुनै पनि बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले आफ्नो छोराछोरी वा संरक्षकत्वमा रहेका बालबालिकालाई बेवारिस छोड्न वा त्याग्न पाउने छैन।

(५) प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक

हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछूतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषण विरूद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ।"

**संशोधन गर्नुपर्ने**

"आमा बाबु" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने।

**दफा १६,-**

**हालको व्यवस्था**

"१६. **<u>बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्ने</u>** : (१) बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्नेछ।

(२) जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ।

(३) यस ऐन बमोजिम बालकल्याण अधिकारी वा बाल अदालतले बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्था गर्दा, बालबालिकालाई बाबुआमा वा संरक्षकबाट अलग गर्नु पर्दा, बाबु आमाको सम्बन्ध विच्छेद भई छोराछोरीको हेरचाह र पालनपोषण कसले गर्ने भन्ने निर्णय गर्दा तोकिए बमोजिमको उच्चतम हित निर्धारण प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

(४) बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने सार्वजनिक र नीजि सामाजिक संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।"

**संशोधन गर्नुपर्ने**

- "आमा बाबु" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने।
- "छोरा छोरी" भन्ने शब्दहरूको सट्टा "सन्तान" राख्नु पर्ने।

## २४. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६

नेपाल कानून आयोग

**दफा ११,-**

**हालको व्यवस्था**

"११. **<u>अभिलेख राख्ने</u>** : (१) यस ऐन बमोजिम प्रदान गरिने परिचयपत्रको विद्युतीय चिप्स र राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा परिचयपत्र वा परिचय नम्बर प्रदान गरिएको व्यक्तिको देहाय बमोजिमको विवरणको अभिलेख राख्नु पर्नेछः-

(क) नाम, थर,

(ख) जन्म मिति,

(ग) लिङ्ग,

(घ) राष्ट्रियता,

(ङ) राष्ट्रिय परिचय नम्बर,

(च) परिचयपत्र जारी मिति र जारी गर्ने अधिकारी,

(छ) फोटो,

(ज) ठेगाना (स्थायी र अस्थायी),

(झ) नागरिकताको किसिम र नागरिकता नम्बर (नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा),

(ञ) जैविक विवरण,

(ट) बाबु, आमाको नाम,

(ठ) बाजे, बज्यैको नाम,

(ड) पति वा पत्नीको नाम,

(ढ) तोकिए बमोजिमका अन्य विवरण।"

**संशोधन गर्नुपर्ने**

- "आमा बाबु" र "पति पत्नी" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने।

नेपाल कानून आयोग

- बाजे, बज्यै भन्नाले बाबुको मात्र नभई दुवैतर्फका बाजे र बज्यैलाई समान रूपमा समेट्ने गरी लिङ्ग तटस्थ व्यवस्था गरिनुपर्ने।

**दफा १८,-**

**हालको व्यवस्था**

"१८. **<u>व्यक्तिगत घटनाको सूचना</u>** : (१) देहायको अवस्थामा देहायका व्यक्तिले व्यक्तिगत घटना दर्ता गराउनको लागि त्यस्तो घटना घटेको पैंतीस दिनभित्र तोकिए बमोजिमको फाराम भरी स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा सूचना गर्नु पर्नेछः-

(क) जन्मको सूचना बाबु वा आमाले र निजहरुको अनुपस्थितिमा परिवारको अठार वर्ष उमेर पुगेको व्यक्तिले,

(ख) मृत्युको सूचना बाबु, आमा, पति, पत्नी, छोरा वा छोरीले र निजहरुको अनुपस्थितिमा परिवारको अठार वर्ष उमेर पुगेको व्यक्तिले,

(ग) विवाहको सूचना पति पत्नी दुवैले,

(घ) सम्बन्ध विच्छेदको सूचना सम्बन्ध विच्छेद भएका सम्बन्धित व्यक्तिमध्ये कुनै एकले,

(ङ) बसाइँ सराइको सूचना परिवारको अठार वर्ष उमेर पुगेको व्यक्तिले।"

**संशोधन गर्नुपर्ने**

- "आमा बाबु" र "पति पत्नी" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने।
- "छोरा छोरी" भन्ने शब्दको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

**२५. बीमा ऐन, २०७९ को दफा २,-**

**हालको व्यवस्था**

**दफा २ को खण्ड (ङ),-**

"(ङ) "एकाघरको परिवार" भन्नाले सम्बन्धित व्यक्तिको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने वा आफूलाई पालन पोषण गर्ने अन्य व्यक्ति सम्झनु पर्छ।"

**<u>संशोधन गर्नुपर्ने</u>**

- "एकाघरको परिवार" को परिभाषामा "समलिङ्गी दम्पती" समेतलाई समेट्नु पर्ने।
- "आमा बाबु" र "पति पत्नी" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने।
- "छोरा छोरी" भन्ने शब्दहरूको सट्टा "सन्तान" र "धर्मपुत्र धर्मपुत्री" भन्ने शब्दहरुको सट्टा "धर्मसन्तान" भन्ने शब्द राख्नु पर्ने।

**दफा २ को खण्ड (ट),-**

"(ट) "नजिकको नातेदार" भन्नाले एकाघरको परिवार वा सासु, ससुरा, दाजु, भाई, दिदी, बहिनी, भाउजु, बुहारी, साला, साली, भिनाजु, काका, काकी,मामा, माइजु, नाति, नातिनी, नातिनी बुहारी, भान्जा, भान्जी, फुपु, फुपाजु, भतिजा, भतिजी, भदा, भदै तथा ति नाताहरूको श्रीमान, श्रीमती, छोरा बुहारी वा छोरी ज्वाईं समेतको नातेदार सम्झनु पर्छ।"

**संशोधन गर्नुपर्ने**

- "एकाघरको परिवार" को परिभाषामा "समलिङ्गी दम्पती" समेतलाई समेट्नु पर्ने।
- "श्रीमान श्रीमती" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने।
- "छोरा छोरी" भन्ने शब्दहरूको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

## २६. विवाह दर्ता नियमावली, २०२८

**<u>हालको व्यवस्था</u>**

"नियम ३.**<u>विवाहको दरखास्तः</u>** (१) ऐन बमोजिम दर्ताद्वारा विवाह गर्न चाहने पुरुष र स्त्रीले ऐनमा तोकिएको म्याद भित्र अनुसूची-१ को ढाँचामा संयुक्त अरूपमा दरखास्त लेखी सही गरी विवाह अधिकारी समक्ष पेश गर्नु पर्छ।



नेपाल कानून आयोग

अनुसूची-१ मा विवाह गर्ने दरखास्तमा पुरूष र स्त्रीको नाम, थर र हस्ताक्षर उल्लेख रहेको।

अनुसूची-२ मा विवाह दरखास्त किताबमा पुरूष र स्त्रीको नाम, थर र हस्ताक्षर उल्लेख रहेको।

अनुसूची-३ मा उद्घोष पत्रमा विवाह दरखास्त किताबमा पुरूष र स्त्री साथै पति र पत्नी उल्लेख भएको।

अनुसूची-४ मा विवाह दर्ता किताबमा पुरूष र स्त्रीको नाम, थर र हस्ताक्षर उल्लेख रहेको।

अनुसूची-५ मा विवाहको प्रमाणपत्रको ढाँचामा .......... को छोरा र .........को छोरी .........  पति पत्नी उल्लेख रहेको।

<u>**संशोधन गर्नुपर्ने**</u>

- "पुरूष र स्त्री" शब्दको सट्टा "व्यक्ति" भन्ने शब्द राख्नु पर्ने।
- "पति पत्नी" भन्नाले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने।
- "छोरा छोरी" शब्दको सट्टा "सन्तान" शब्द राख्नु पर्ने।

**२७. सामाजिक व्यवहार (सुधार) नियमावली), २०३३**

**हालको व्यवस्था**

"नियम ५. <u>**स्वयम्बर गर्दा**</u> : स्वयम्बर गर्दा आ-आफ्नो प्रचलन एवम् वैदिक विधि अनुसार पूजा आजा गरी दुलहाले दुलहीलाई बढीमा आधा तोलासम्मको सुनको औंठी एउटा वा दुई तोलासम्मको सुनको सिक्री एउटा बाहेक अन्य कुनै किसिमको सामग्री दिन हुँदैन। दुलही तर्फबाट पनि दुलहालाई कुनै किसिमको सामग्री दिन हुँदैन।

(२) स्वयम्बर गर्न जाँदा पुरोहित बाहेक पाँचजना भन्दा बढी व्यक्ति लान हुँदैन।

नियम ६. <u>**विवाहमा लुगा, गहना लैजाने सम्बन्धमा**</u> : जन्त जाँदा दुलहीलाई लुगा गहना लैजाने प्रचलन भएकाहरुले दुलहीलाई तीन जोर भन्दा बढी लुगा र एकसरो भन्दा बढी गहना लैजान हुँदैन।

नियम ७. **जन्तीलाई खुवाउने** : दुलहीको घरमा रात बस्ने गरी जन्ती आउने व्यक्तिहरुलाई दुलही तर्फबाट दुई छाक भन्दा बढी खुवाउन हुँदैन।

तर दुलहीकै घरमा विवाह सम्बन्धी प्रायः सबै व्यवहार सम्पन्न गर्नु पर्ने प्रचलन भएकाहरुको हकमा दुलहा समेत बढीमा पाँचजना सम्मलाई दुई छाक भन्दा बढी खुवाउन बाधा पर्ने छैन।

नियम ८. **कन्यादान गर्दा** : कन्यादान गर्दा आ-आफ्नो प्रचलन एवम् परम्परा अनुसार नगरी नहुने कार्यसम्म गरी पच्चीस रुपैंयाँ भन्दा बढीको सुन दान प्रतिष्ठा गर्नु हुँदैन।

नियम ९. **मुख हेर्न जाँदा** : (१) विवाह पश्चात् छोरीबेटीको मुख हेर्न जाने प्रचलन भएकाहरुले छोरीबेटीको मुख हेर्न जाँदा आ-आफ्नो प्रचलन एवम् परम्परा अनुसार दही, माछा, मसला, मिठाई र फलफूल जस्ता चीजबीजहरु सबै गरी बढीमा पाँच किस्ती र छोरीबेटीलाई एक जोर लुगा बाहेक अन्य कुनै किसिमको सामग्री लैजान हुँदैन।

नियम १०. **सम्धी सम्धिनीको ढोग भेट** : विवाह पश्चात् सम्धी सम्धिनीको ढोग भेट गर्दा दुलही पक्षका सम्धी सम्धिनीले दुलहा पक्षका सम्धी सम्धिनीलाई एक रुपैंयाँ भन्दा बढी राखी ढोग भेट गर्नु हुँदैन।

नियम ११.**दुलान फर्काउँदा वा दुरागमन गर्दा** : आफ्ना छोरीबेटी र दुलहालाई घर फर्काउँदा आ-आफ्नो प्रचलन एवम् परम्परा अनुसार बढीमा पाँच किस्तीसम्म खाने कुरा र दुलहालाई एक जोर लुगा बाहेक अन्य कुनै किसिमको सामग्री दिन हुँदैन।"

**संशोधन गर्नुपर्ने**

- यस नियमावलीको ठाउँ-ठाउँमा रहेका "दुलाह र दुलही" शब्दको सट्टा "व्यक्ति" शब्द राख्नु पर्ने।
- यस नियमावलीमा समलिङ्गी विवाह सम्बन्धी विषयलाई पनि समेट्नु पर्ने।

**२८. मालपोत नियमावली, २०३६ को नियम १७,-**

**हालको व्यवस्था**

"१७. <u>हाल आवादीको लागि दिइने दरखास्त र वितरण गरिने जग्गाको अधिकतम हद</u> : उपनियम (५) यस परिच्छेदको प्रयोजनको लागि "परिवार" भन्नाले पति, पत्नी, अंश छुट्टिएको वा नछुट्टिएको भएतापनि नाबालक छोरा तथा अविवाहित छोरी सम्झनुपर्छ।"

**संशोधन गर्नुपर्ने**

- "परिवार" को परिभाषामा "समलिङ्गी विवाह" भएका दम्पतीका परिवारलाई समेत समेट्नु पर्ने।
- "नाबालक छोरा तथा अविवाहित छोरी" को सट्टा "सन्तान" भन्ने शब्दले राख्नु पर्ने।

**२९. अध्यागमन नियमावली, २०५१ को दफा २ को खण्ड,-**

**हालको व्यवस्था**

"(ग) "परिवार" भन्नाले लोग्ने, स्वास्नी तथा आमा, बाबु आश्रित छोरा, छोरी सम्झनु पर्छ।"

**संशोधन गर्नुपर्ने**

- "परिवार" को परिभाषामा "समलिङ्गी दम्पती" लाई समेत समेट्नु पर्ने।
- "छोरा छोरी" भन्ने शब्दको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

**३०. नेपाल नागरिकता नियमावली, २०६३ को नियम १६,-**

**हालको व्यवस्था**

"१६. <u>कर्मचारीको परिवारले नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि</u> : (१) कुनै कर्मचारीका परिवारले त्यस्तो कर्मचारी कार्यरत रहेको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहेमा देहायका कागजात संलग्न गरी प्रमुख जिल्ला अधिकारीसमक्ष अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) बाबु वा आमाको नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) कर्मचारी वहाल रहेको कार्यालयको सिफारिस,

(ग) विवाहित महिलाको हकमा पतिको नागरिकता र विवाह दर्ता प्रमाण।

**<u>स्पष्टीकरणः</u>** यस नियमको प्रयोजनको लागिः-



नेपाल कानून आयोग

(२) “परिवार” भन्नाले खण्ड (१) मा उल्लिखित कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा, वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहित महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहित महिला कर्मचारीको हकमा निजको सासु, ससुरासमेतलाई जनाउँछ।”

**संशोधन गर्नुपर्ने**

- “परिवार” को परिभाषामा “समलिङ्गी दम्पती” लाई समेत समेट्नु पर्ने।
- “छोरा छोरी” भन्ने शब्दको सट्टा “सन्तान” र “धर्मपुत्र धर्मपुत्री” शब्दको सट्टा “धर्मसन्तान” भन्ने शब्द राख्नु पर्ने।

**३१. निजामती सेवाका कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५ को नियम (२),-**

**हालको व्यवस्था**

“(ख) “परिवार” भन्नाले निजामती कर्मचारीसँग बस्ने वा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहित महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहित महिला कर्मचारीको हकमा निजको सासु, ससुरालाई समेत जनाउँछ।”

**संशोधन गर्नुपर्ने**

- यस नियममा “पति पत्नी” र “आमा बाबु” भन्नाले “समलिङ्गी दम्पती” लाई समेत सम्बोधन गर्नु पर्ने।
- यस नियममा “छोरा छोरी” शब्दको सट्टा “सन्तान” भन्ने शब्द राख्नु पर्ने।
- “पुरूष वा अविवाहित महिला कर्मचारी, विवाहित महिला” शब्दहरूको सट्टा “व्यक्ति” शब्द राख्नु पर्ने।

**३२. सैनिक सेवा नियमावली, २०६९**

**नियम २ को खण्ड (द),-**

**हालको व्यवस्था**



नेपाल कानून आयोग

"(द) "परिवार" भन्नाले सैनिक व्यक्तिसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले विवाहित महिला सैनिक व्यक्तिको हकमा निजको सासु ससुरा समेतलाई जनाउँछ।"

**संशोधन गर्नुपर्ने**

- "परिवार" को परिभाषामा "समलिङ्गी दम्पती" लाई समेत समेट्नु पर्ने।
- "छोरा छोरी" भन्ने शब्दको सट्टा "सन्तान" र "धर्मपुत्र धर्मपुत्री" शब्दको सट्टा "धर्मसन्तान" राख्नु पर्ने।

**नियम ३३ को उपनियम (४),-**

"**<u>स्पष्टीकरण:</u>** यस उपनियमको प्रयोजनका लागि "नजिकको नातेदार" भन्नाले बाबु, आमा, सौतेनीआमा, पति, पत्नी, आफ्नै दाजु, भाउजू, भाइ, भाइबुहारी, छोरा, छोराबुहारी, बहिनी, बहिनीज्वाँइ, छोरी, छोरीज्वाँइ, नाति, नातिनी बुहारी, नातिनी, नातिनी ज्वाँइ, भान्जा, भान्जी, भान्जीबुहारी, भान्जी ज्वाँइ, भतिजा, भतिजी, भतिजाबुहारी, भतिजी ज्वाँइ, सासु, ससुरा, देवर, देउरानी, जेठाजु, जेठानी, जेठान, साला, साली समेतलाई जनाउनेछ।"

**संशोधन गर्नुपर्ने**

- "नजिकको नातेदार" को परिभाषामा "समलिङ्गी दम्पती" लाई समेत समेट्नु पर्ने।
- "छोरा छोरी" भन्ने शब्दको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

**नियम ५८,-**

**हालको व्यवस्था**

"५८. <u>प्रसूति र प्रसूति स्याहार बिदा</u> : (१) महिला सैनिक व्यक्ति गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी अन्ठानब्बे दिन प्रसूति बिदा पाउनेछ।

(२) उपनियम (१) बमोजिम प्रसूति बिदा लिएका महिला सैनिक व्यक्तिले चाहेमा कुनैपनि बिदाबाट कट्टा नहुने गरी थप छ महिनासम्म बेतलवी प्रसूति बिदा लिन सक्नेछन्। यस्तो बिदा लिंदा उपनियम (१) बमोजिमको बिदासँग लगातार रुपमा लिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम बेतलवी बिदामा बसेको अवधि नोकरी अवधिमा जोडीनेछ।

(४) कुनै पुरुष सैनिक व्यक्तिको पत्नी सुत्केरी हुने भएमा त्यस्तो सैनिक व्यक्तिले सुत्केरीको अघि पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा लिन पाउनेछ।

(५) प्रसूति र प्रसूति स्याहार बिदामा बस्दा सैनिक व्यक्तिले पूरा तलब पाउनेछ।

(६) प्रसूति बिदा तथा प्रसूति स्याहार बिदा पाएका सैनिक व्यक्तिलाई बच्चाको स्याहारको निमित्त बढीमा दुई बच्चाको लागि जनही एकमुष्ठ पाँच हजार रुपैयाँ शिशु स्याहार भत्ता दिइनेछ।

(७) प्रसूति स्याहार बिदा लिएको सैनिक व्यक्तिले बिदा लिएको मितिले तीन महिना भित्रमा बच्चाको जन्मदर्ता प्रमाणपत्र आफू कार्यरत कार्यालयमा पेश गर्नु पर्नेछ।

**संशोधन गर्नुपर्ने**

प्रसुति बिदा र प्रसुति स्याहार बिदाका सम्बन्धमा समलिङ्गी दम्पतीलाई समेत सम्बोधन गर्नु पर्ने।

**नियम ८३,-**

**हालको व्यवस्था**

"८३. <u>पारिवारिक निवृत्तभरण र उपदान</u> : (१) कुनै सैनिक व्यक्तिको सेवामा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको परिवारलाई नियम ७९ वा ८० मा लेखिए बमोजिम उपदान वा निवृत्तभरण प्राप्त हुनेछ।

तर निवृत्तभरणको हकमा यस्तो निवृत्तभरण सात वर्षभन्दा बढी समय प्राप्त हुने छैन। निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएको सैनिक व्यक्तिको परिवारलाई सात वर्ष पुगेपछि निवृत्तभरण प्राप्त हुने छैन।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण पाउने व्यक्ति नावालक रहेछ भने निज अठार वर्षको उमेर नभएसम्म त्यस्तो निवृत्तभरण पाउनेछ।

(३) सैनिक व्यक्तिको विधुर पति वा विधवा पत्नीले निजको पति वा पत्नी सेवामा छदैं वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा उपनियम (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिले र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पति वा पत्नीले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भइसकेपछि मृत्यु भएकोमा निजको मृत्यु भएको मितिदेखि जीवनभर निजले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ।

(४) कुनै सैनिक व्यक्तिको यस नियमावली बमोजिम पाउने कुनै रकम लिन नपाउँदै मृत्यु भएमा सो रकम निजको परिवारको सदस्यहरु मध्ये यस नियमावली बमोजिम निजको निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ।

(५) निवृत्तभरण वा उपदान दिँदा मृतक सैनिक व्यक्तिले कसैलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि इच्छाएको नभए सो रकम निजको परिवारको सदस्यमध्ये नेपाल सरकारले उचित ठह-याएको व्यक्तिलाई दिनेछ।

(६) आफ्नो कर्तव्य पालन गर्दा कुनै सैनिक व्यक्तिको मृत्यु भएमा निजको सेवा अवधि जति सुकै वर्ष पुगेको भए तापनि मृतक सैनिक व्यक्तिको परिवारको सबैभन्दा नजिकको व्यक्तिलाई त्यस्तो सैनिक व्यक्तिले खाइपाई आएको तलबको आधा रकम पारिवारिक निवृत्तभरण र देहाय बमोजिम पारिवारिक उपदान समेत दिइनेछः-

(क) दश वर्षसम्मको सेवा अवधि नपुग्दै मृत्यु भएमा निजले खाइपाई आएको छ महिनाको तलब बराबरको रकम,

(ख) दश वर्षदेखि बीस वर्षसम्मको सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाइपाई आएको नौ महिनाको तलब बराबरको रकम,

(ग) बीस वर्षभन्दा बढी जतिसुकै सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाइपाई आएको एक वर्षको तलब बराबरको रकम।

(७) कुनै सैनिक व्यक्तिको जङ्गी कारबाही, सेना परिचालन भएको, विश्व शान्ति स्थापनाको लागि शान्ति सैनिकको रूपमा तैनाथ भएको, विपद् व्यवस्थापन, विकास



नेपाल कानून आयोग

निर्माण वा प्रकृति संरक्षणको कर्तव्य पालना गर्दाका बखत आकस्मिक दुर्घटना परी तत्कालै वा सोही कारणले निको नभई मृत्यु भएमा त्यस्तो सैनिक व्यक्तिलाई मरणोपरान्त एक तह माथिको पदमा बढुवा गरी सोही पद अनुसारको पूरा तलब निजको परिवारलाई त्यस्तो सैनिक व्यक्तिको उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाघ्ने गरी बढीमा सात वर्षसम्म दिइनेछ। यसरी पूरा तलब पाउने अवधि व्यतित भएपछि मृतक सैनिक व्यक्तिको सेवा अवधि निवृत्तभरण पाक्ने अवधिभन्दा कम भएमा निवृत्तभरण पाकेको अवधि सरह र निवृत्तभरण पाक्ने अवधिभन्दा वढी भएमा सोही बमोजिम मृतक सैनिक व्यक्तिको परिवारले निवृत्तभरण पाउनेछ।

(८) उपनियम (६) र (७) बमोजिम उपदान र पारिवारिक निवृत्तभरण मृतक सैनिक व्यक्तिको पति वा पत्नी, बाबु, आमा भए आजीवन र छोरा, छोरी भए एक्काईस वर्षको उमेर पुरा गरेको वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मितिसम्म पाउनेछ।

(९) बहालवाला सैनिक व्यक्तिको तलब वृद्धि हुँदा तलबको शुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम यस नियम अनुसार पारिवारिक निवृत्तभरण पाई रहेका व्यक्तिले खाईपाई आएको पारिवारिक निवृत्तभरण रकममा पनि थप गरिनेछ।

(१०) यस नियमावली बमोजिम निवृत्तभरण पाई रहेका कुनै सैनिक व्यक्तिको विधुर पति वा विधवा पत्नीले अर्को विवाह गरेमा निवृत्तभरण प्राप्त हुनेछैन।

(११) उपनियम (७) बमोजिम सैनिक व्यक्तिको पति वा पत्नीको पारिवारिक निवृत्तभरण उपभोग गरिरहेको अवस्थामा मृत्यु भएमा निजले खाइपाइ आएको पारिवारिक निवृत्तभरण निजको छोराछोरी भएमा जतिजना छोराछोरी छन् सबैले दामासाहीले भाग गरी एक्काईस वर्ष उमेर पूरा नभएसम्म पाउने र एक जनाको उमेर एक्काईस वर्ष पूरा भएपछि निजले पाउँदै आएको निवृत्तभरण क्रमशः पछिको भाईबहिनीहरुमा थपिंदै जानेछ।

(१२) उपनियम (१०) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण पाइरहेका कुनै सैनिक व्यक्तिको विधुर पति वा विधवा पत्नीले अर्को विवाह गरेमा त्यस्तो सैनिक

व्यक्तिको नाबालिग सन्तानले बालिग नभएसम्म त्यस्तो निवृत्तभरणको रकम तोकिए बमोजिम पाउनेछ।

(१३) यो नियम लागू हुनु पूर्व उपनियम (७) बमोजिम सैनिक व्यक्तिको परिवारले खाइपाई आएको निवृत्तभरण नघट्ने गरी यस नियममा उल्लेख भए बमोजिमको सुविधा प्रदान गर्नु पर्नेछ।

(१४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्य देशको नागरिकता लिएको वा अन्य देशमा स्थायी बसोबासको अनुमति प्राप्त गरेको व्यक्तिले यस नियम बमोजिमको पारिवारिक निवृत्तभरण तथा उपदान प्राप्त गर्ने छैन।"

**संशोधन गर्नुपर्ने**

- पारिवारिक निवृत्तभरण तथा उपदान प्राप्त गर्ने सम्बन्धमा समलिङ्गी दम्पतीलाई समेत सम्बोधन गर्नु पर्ने।
- "पति पत्नी" र "आमा बाबु" भन्नाले समलिङ्गी दम्पतीलाई समेत सम्बोधन गर्नु पर्ने।
- "छोरा छोरी" भन्ने शब्दहरूको सट्टा "सन्तान" शब्द राख्नु पर्ने।

**३३. एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० नियम २ को खण्ड (ख),-**

**हालको व्यवस्था**

"(ख) "एकल महिला" भन्नाले आर्थिक दृष्टिले विपन्न देहायका महिला सम्झनु पर्छः-

(१) सम्बन्ध विच्छेद गरेकी महिला,

(२) विधवा,

(३) पैंतीस वर्ष उमेर पूरा गरेकी अविवाहित महिला,

(४) पाँच वर्ष भन्दा बढी समयदेखि पति हराई वा वेपत्ता भएकी महिला,

(५) अशंवण्डा गरी वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिला।"

**संशोधन गर्नुपर्ने**

- "एकल महिला" को परिभाषामा समलिङ्गी सम्बन्धी विषयलाई समेत समेट्नु पर्ने।



नेपाल कानून आयोग

- "पति पत्नी" शब्दले "समलिङ्गी दम्पती" लाई पनि जनाउछ भन्ने व्यवस्था गर्नु पर्ने।

**३४. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को नियम १०,-**

**हालको व्यवस्था**

"१०. **<u>अनुसन्धान अधिकृत हेरफेर गर्न सक्ने</u>** : (१) कुनै अनुसन्धान अधिकृतलाई तोकिएको काम कुनै कारणले निजबाट सम्पन्न हुन सक्ने नदेखिएमा वा निजबाट सो काम गराउन उपयुक्त छैन भन्ने मनासिब कारण भएमा महानिर्देशकले निजको सट्टा अर्को अनुसन्धान अधिकृत तोक्न सक्नेछ।

(२) अनुसन्धान तथा तहकिकात गर्न तोकिएको राजस्व चुहावट सम्बन्धी सूचना आफ्नो नजिकको नातेदारसँग सम्बन्धित भएमा वा त्यस्तो विषयमा आफ्नो समेत साझेदारी वा हिस्सा वा संलग्नता भएमा वा सो विषयसँग सम्बन्धित व्यक्तिसँग लेनदेन, कारोबार वा व्यवहार भएमा अनुसन्धान अधिकृतले सोको जानकारी तत्काल महानिर्देशकलाई दिनु पर्नेछ।

**<u>स्पष्टीकरणः</u>** यस उपनियमको प्रयोजनका लागि "नजिकको नातेदार" भन्नाले एकासगोलको अंशियार वा पति, पत्नी, बाबु, आमा, सासू, ससुरा, दाजु भाइ, दिदी, बहिनी, भाउजू, बुहारी, साला, साली, भिनाजु, काका, काकी, मामा, माइजू, छोरा, छोरी, छोराबुहारी, नाति, नातिनी, नातिनीबुहारी वा ज्वाईं सम्झनु पर्छ।"

**संशोधन गर्नुपर्ने**

- "नजिकको नातेदार" को परिभाषामा "समलिङ्गी विवाह पश्चातका नाता" लाई समेत समेट्नु पर्ने।
- "पति पत्नी" र "आमा बाबु" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने।
- "छोरा छोरी" भन्ने शब्दहरूको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

**३५. श्रम नियमावली, २०७५ को नियम ७४ को उपनियम (३) को खण्ड (ख),-**

**हालको व्यवस्था**

"(ख) खण्ड (क) बमोजिम इच्छाएको व्यक्ति नभएमा वा इच्छाएको व्यक्तिको मृत्यु भैसकेको अवस्थामा देहायको क्रम अनुसारको परिवारको सदस्यलाई भन्ने व्यवस्था रहेको छ।

(१) सगोलमा बस्ने श्रीमान वा श्रीमती,

(२) सगोलमा बस्ने छोरा, बुहारी वा अविवाहित छोरी,

(३) सगोल बस्ने नाति नातिनी वा एकाघरका बाबु, आमा वा सासु, ससुरा,

(४) भिन्न बस्ने श्रीमान वा श्रीमती, छोरा, बुहारी वा विवाहित छोरी।"

**संशोधन गर्नुपर्ने**

- यस नियमको प्रयोजनको लागि "श्रीमान श्रीमती" र "आमा बाबु" भन्नाले "समलिङ्गी दम्पती" समेत भनी स्पष्टीकरण राख्नु पर्ने।
- "छोरा र छोरी" शब्दको सट्टा "सन्तान" शब्दको राख्नु पर्ने।

**३६. फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६ को नियम ५,-**

**हालको व्यवस्था**

"५. <u>निवेदन दिनु पर्ने</u> : (१) अदालतको फैसला बमोजिम कैदको सजाय पाएका ऐनको दफा ३७ मा उल्लेख भएको अवधिको कैद सजाय भुक्तान गरिसकेका र नियम ३ को उपनियम (३) मा उल्लिखित कसूरमा सजाय पाएका कसूरदार बाहेकका अन्य कसूरदारले आफूलाई भएको कैद सजाय कट्टा गरी पाउनको लागि देहाय बमोजिमका कागजातहरु संलग्न गरी आफू कैदमा रहेको कारागार समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) नागरिकता वा राहदानीको प्रमाणित प्रतिलिपि,

(ख) अन्तिम फैसलाको प्रमाणित प्रतिलिपि वा पुनरावेदन, पुनरावलोकन, मुद्दा दोहोऱ्याउने सम्बन्धी कारबाही गरे वा नगरेको व्यहोरा खुल्ने कागजात,

(ग) जरिवाना बुझाएको वा कैद बसेको प्रमाणित गर्ने कागजात,

(घ) सजाय माफी, मुलतबी, मिनाहा, परिवर्तन वा कम गर्ने कारबाही चलाएको भए सो व्यहोरा खुल्ने कागजात,

(घ१) ज्यान सम्बन्धी कसूरको हकमा पीडित आफैं वा निजको पति, पत्नी, बाबु, आमा, छोरा, छोरी, बाजे वा बज्यैले अनुसूची-२क. बमोजिमको ढाँचामा दिएको सहमति पत्र,"

**संशोधन गर्नुपर्ने**

- "परिवार" भन्नाले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने।
- "छोरा छोरी" भन्ने शब्दको सट्टा "सन्तान" भन्ने शब्द राख्नु पर्ने।

**३७. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ नियम ८,-**

**हालको व्यवस्था**

"८. **अभिलेख राख्ने** : परिचयपत्रको विद्युतीय चीप्स र राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा ऐनको दफा ११ को उपदफा (१) मा उल्लिखित विवरणका अतिरिक्त उपलब्ध भएसम्म सम्बन्धित व्यक्तिको देहाय बमोजिमको विवरणको समेत अभिलेख राख्नु पर्नेछ :-

(क) जन्म स्थान,

(ख) नागरिकता जारी मिति र जिल्ला (नागरिकताको प्रमाणपत्रप्राप्त व्यक्तिको हकमा),

(ग) अघिल्लो राष्ट्रियता र सम्बन्धित मुलुकको राष्ट्रियता जनाउने प्रमाणपत्र (अन्य देशको नागरिकता त्याग गर्ने व्यक्तिको हकमा),

(घ) जन्म दर्ता नम्बर,

(ङ) फोन नम्बर,

(च) इमेल ठेगाना,

(छ) वैवाहिक स्थिति,

(ज) शैक्षिक योग्यता,

(झ) पेशा,

(ञ) बाबु, आमाको परिचय नम्बर,

(ट) बाबु, आमा विदेशी भएमा निजहरुको राष्ट्रियता,

(ठ) पति वा पत्नीको परिचय नम्बर,



नेपाल कानून आयोग

(ङ) पति वा पत्नी विदेशी भए निजको राष्ट्रियता, र

(ढ) पति वा पत्नीको ठेगाना (सम्बन्धित व्यक्तिको भन्दा फरक भएमा)।"

**संशोधन गर्नुपर्ने**

"पति पत्नी" र "आमा बाबु" भन्ने शब्दले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने।

**नियम ११,-**

**हालको व्यवस्था**

"११. **नाबालक राष्ट्रिय परिचयपत्र सम्बन्धी व्यवस्था** : (१) नाबालक राष्ट्रिय परिचयपत्र लिन चाहने नाबालकको बाबु, आमा, संरक्षक वा माथवर व्यक्तिले देहाय बमोजिमका कागजात र विवरण संलग्न गरी अनुसूची-५ बमोजिमको ढाँचामा स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क) जन्म दर्ता प्रमाणपत्र, र

(ख) बाबु वा आमाको राष्ट्रिय परिचय नम्बर वा नागरिकताको प्रमाणपत्र।

(२) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाबु र आमा दुवै पत्ता नलागेको वा मृत्यु भएको कारणले बाबु वा आमाको परिचय नम्बर वा नागरिकताको प्रमाणपत्र पेश गर्न नसक्ने व्यक्तिको हकमा नाबालक राष्ट्रिय परिचयपत्रको लागि निवेदन दिँदा त्यस्तो व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न प्रचलित कानून बमोजिम पेश गर्नु पर्ने कागजात पेश गर्नु पर्नेछ।

(५) नाबालक राष्ट्रिय परिचयपत्र जारी गर्दा राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा देहाय बमोजिमका विवरणको अभिलेख राख्नु पर्नेछः-

(क) नाम, थर,

(ख) जन्म मिति,

(ग) जन्म स्थान,

(घ) लिङ्ग,

(ङ) राष्ट्रियता,

(च) परिचय नम्बर,

(छ) फोटो,

(ज) जैविक विवरण (दश वर्ष उमेर पूरा नगरेका नाबालकको हकमा विद्युतीय (डिजिटल) तस्वीर मात्र र दश वर्ष उमेर पूरा गरेका नाबालकको हकमा अन्य जैविक विवरण समेत)

(झ) स्थायी ठेगाना,

(ञ) सम्पर्क फोन नम्बर,

(ट) सम्पर्क इमेल ठेगाना,

(ठ) बाबु, आमाको नाम,

(ड) बाजे, बज्यैको नाम,

(ढ) संरक्षक वा माथवर भएमा निजको नाम,

(ण) जन्म दर्ता नम्बर र दर्ता मिति, र

(त) नाबालक राष्ट्रिय परिचयपत्र जारी मिति र जारी गर्ने अधिकारी।"

**संशोधन गर्नुपर्ने**

यस नियमको ठाउँ-ठाउँमा रहेका "पति पत्नी" र "आमा बाबु" भन्ने शब्दले समलिङ्गी दम्पतीलाई समेत सम्बोधन गर्नु पर्ने।

**नियम २५,-**

**हालको व्यवस्था**

"२५. **घटना दर्ता सम्बन्धी विशेष व्यवस्था** : (१) प्रचलित कानून बमोजिम धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले घटना दर्ताको लागि स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा अनुसूची-२७ बमोजिमको ढाँचामा सूचना दर्ता गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सूचना दर्ता गर्दा पति, पत्नी दुवैको तर्फबाट धर्मपुत्र वा धर्मपुत्री राखिएकोमा दुवै जना उपस्थित हुनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम सूचना दर्ता भएपछि स्थानीय पञ्जिकाधिकारीले आवश्यक जाँचबुझ गरी धर्मपुत्र वा धर्मपुत्री राखिएको यकिन गरी उपयुक्त देखिएमा अनुसूची-२८ बमोजिमको दर्ता किताबमा अभिलेख राखी अनुसूची-२९ बमोजिमको प्रमाणपत्र जारी गर्नु पर्नेछ।

(४) कुनै व्यक्तिको कम्तीमा सात महिनाको गर्भावस्था पछि मृत बच्चा जन्मिएमा वा बच्चा जन्मनासाथ मृत्यु भएमा सो सम्बन्धमा स्वास्थ्य संस्थाले प्रमाणित गरेको कागजात तथा सम्बन्धित वडा अध्यक्षले गरेको सिफारिस सहित त्यस्तो बच्चाको बाबु, आमा वा परिवारको अठार वर्ष उमेर पूरा गरेको सदस्यले स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा अनुसूची-३० बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ।

**संशोधन गर्नुपर्ने**

- "परिवार" भन्नाले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने।
- "छोरा छोरी" भन्ने शब्दको सट्टा "सन्तान" र "धर्मपुत्र धर्मपुत्री" भन्ने शब्दको सट्टा "धर्मसन्तान" राख्नु पर्ने।

**३८. राहदानी नियमावली, २०७७ को नियम ४ खण्ड (च),-**

**हालको व्यवस्था**

"(च) विवाहित महिलाले पतिको थर समेत समावेश गरी राहदानी लिनु पर्ने भएमा विवाह दर्ताको प्रमाणपत्र तथा पतिको नागरिकताको प्रमाणपत्रको सक्कल र सोको प्रतिलिपि,"

**संशोधन गर्नुपर्ने**

- "विवाहित महिला" शब्दको पछि "वा व्यक्ति" शब्द राख्नु पर्ने।
- "पति" शब्दको पछि "वा व्यक्ति" भन्ने शब्द राख्नु पर्ने।

**३९. लोक सेवा आयोग नियमावली, २०७९ को नियम २,-**

**हालको व्यवस्था**

"(ख) "नजिकको नातेदार" भन्नाले कुनै व्यक्तिको बाबु-आमा, सासु-ससुरा, पति, पत्नी, छोरा-बुहारी, छोरी-ज्वाइँ, दाजु-भाउजू, भाइ-बुहारी, दिदी-भिनाजु, बहिनी-ज्वाइँ, जेठाजु-जेठानी, देवर-देउरानी, आमाजु, नन्द, काका-काकी, ठुलोबुबा-ठुलीआमा, सानीआमा-सानोबुबा, भतिजा, भतिजी, भाञ्जा, भाञ्जी, मामा-माइजु, फुपू-फुपाजु, जेठान, जेठी सासु, साला, साली, साढु दाइ, साढु भाइ र तीनका छोराछोरी सम्झनु पर्छ।"

**संशोधन गर्नुपर्ने**

"नजिकको नातेदार" को परिभाषामा समलिङ्गी दम्पतीलाई समेत समेट्नु पर्ने।

**४०. विशेष अदालत नियमावली, २०८० को नियम ११ उपनियम (१) को खण्ड (ख),-**

**हालको व्यवस्था**

"(ख) लिखत दर्ता गर्न ल्याउने व्यक्तिको र अर्को पक्षको हकमा थाहा भएसम्म नाम, थर, उमेर, पति, पत्नी, बुबा, आमा, बाजे र बज्यैको नाम, उपलब्ध भएसम्म मोबाइल नम्बर, टेलिफोन नम्बर, इमेल, फ्याक्स, राष्ट्रिय परिचय नम्बर, नागरिकता नम्बर र अन्य परिचयात्मक विवरण र स्थायी तथा हाल बसोबास गरेको ठेगाना (गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका, वडा नं., टोल, सडकको नाम र उपलब्ध भएसम्म घर नं. आदि) उल्लेख गर्नु पर्ने,"

**संशोधन गर्नुपर्ने**

यस नियममा "पति पत्नी" र "आमा बाबु" भन्नाले "समलिङ्गी दम्पती" लाई समेत सम्बोधन गर्नु पर्ने।

## ५.२ समलिङ्गी विवाहसम्बन्धी कानूनले प्रभाव पार्न सक्ने क्षेत्र

नेपाली समाजमा पछिल्लो समय समलिङ्गी विवाह भैरहेको भए तापनि यसले कानूनी मान्यता भने प्राप्त गर्न सकेको छैन। कानूनी मान्यता प्राप्त गर्न नसक्दा समलिङ्गी विवाहित जोडीहरूले सामाजिक तथा कानूनी लगायतका समस्याहरू झेल्नु परेको गुनासो समलिङ्गीहरूको हक हितका लागि कार्य गर्ने विभिन्न संस्थाहरूबाट सुनिने गरेको छ।

नेपालको सन्दर्भमा समलिङ्गी विवाहलाई कानूनी मान्यता दिँदा देहायका क्षेत्रमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा पार्ने प्रभाव विश्लेषण गर्नु आवश्यक रहेको छः-

- **पहिचान र अधिकारको क्षेत्रमा प्रभाव**

  समलिङ्गी विवाह सम्बन्धी कानूनले समलिङ्गी विवाहितलाई कानूनी रूपमा पहिचान स्थापित गर्न मद्दत गर्दछ। जसको माध्यमबाट उनीहरू समाजमा निर्धक्कसँग आफ्नो लैङ्गिकतालाई स्वीकार गर्दै सहज ढङ्गले आफ्नो परिवारिक जीवन बिताउन सक्दछन्। समलिङ्गी विवाहलाई कानूनी मान्यता दिए पश्चात् पति र पत्नी, आमा र बाबु, दम्पती, श्रीमान र श्रीमती, लोग्ने र स्वास्नी जस्ता शब्दहरूको प्रयोगमा समलिङ्गी विवाहित जोडी भन्ने बुझाउने खालको भाषा मिलाउनु पर्दछ। यसले सामाजिक र पारिवारिक सम्बन्धको परिभाषामा समेत भिन्नता ल्याउन सक्ने देखिन्छ।

  छोरा वा छोरी, धर्मपुत्र वा धर्मपुत्री भन्ने शब्दलाई पनि परिवर्तन गरी सन्तान भन्ने शब्द प्रयोग गर्नु पर्ने देखिन्छ।

- **विद्यमान विवाह सम्बन्धी व्यवस्थामा प्रभाव**

  समलिङ्गी विवाह सम्बन्धी कानून तर्जुमा गर्दा विवाहको अर्थ र परिभाषामा नै परिवर्तन गर्नु पर्ने देखिन्छ। विवाह कुनै महिला र पुरूषले गर्न सक्दछन् भन्ने शब्द पछि विवाह कुनै महिला र पुरुष वा कुनै व्यक्ति व्यक्तिकबिच हुन सक्ने भन्ने व्यवस्था राख्नु पर्ने देखिन्छ।

  यसरी समलिङ्गी विवाह सम्बन्धी कानूनले पति पत्नीको भुमिकालाई पनि पुनः परिभाषित गर्नु पर्नु देखिन्छ। यसले परम्परागत रूपमा समाजमा पति पत्नीले निर्वाह गर्ने भुमिकामा परिवर्तन गर्दछ। मुलुकी देवानी संहिता, २०७४ मा व्यवस्था भएका पारिवारिक कानून पनि संशोधन गर्नु पर्ने देखिन्छ। जसले विवाह, विवाह पश्चात् हुने भुमिका, विवाहको परिणाम, विवाह पश्चात् बासस्थानको छनौट, विवाह बदर, सम्बन्ध विच्छेद जस्ता विभिन्न पक्षमा प्रभाव पार्ने देखिन्छ। यसले समाजमा विवाहसम्बन्धी अवधारणा नै परिवर्तन गर्न सक्ने देखिन्छ।

- **पारिवारिक संरचनामा प्रभाव**

समलिङ्गी विवाह सम्बन्धी कानून निर्माण गर्दा पारिवारिक संरचनामा पर्ने सक्ने प्रभावको समेत विश्लेषण गर्नु देखिन्छ। विवाह सम्बन्धी परम्परागत मान्यतालाई पनि यसले चुनौती दिदै विवाह पश्चातको पारिवारिक कर्तव्य वा भुमिकामा समेत परिवर्तन गर्न सक्ने देखिन्छ। जन्म र मृत्युसम्बन्धी संस्कारमा पनि प्रभाव पर्न सक्ने देखिन्छ।

- **सम्बन्ध विच्छेदसम्बन्धी व्यवस्थामा प्रभाव**

  समलिङ्गी विवाहलाई मान्यता दिएसँगै सम्बन्ध विच्छेद गर्न सक्ने आधारमा समेत संशोधन गर्नु पर्ने देखिन्छ। जसले सम्बन्ध विच्छेद गर्दा पतिले पत्नीलाई खर्च भराउन, बाबु आमाको सन्तानप्रतिको दायित्व, नाबालकको संरक्षण लगायतका विषयमा प्रभाव पर्ने देखिन्छ।

- **सम्पत्तिसम्बन्धी अधिकारमा प्रभाव**

  समलिङ्गी विवाह सम्बन्धी कानूनले सम्पत्तिसम्बन्धी कानूनमा पनि प्रभाव पार्ने देखिन्छ। सम्बन्धविच्छेद गर्दा हुने अंश वण्डा, पैतृक सम्पत्तिमा अधिकार जस्ता सम्पत्तिसम्बन्धी अधिकारमा समेत प्रभाव पार्ने देखिन्छ। आयकर सम्बन्धी व्यवस्थामा पनि प्रभाव पर्ने देखिन्छ।

- **वंशजको क्षेत्रमा प्रभाव**

  समलिङ्गी विवाह सम्बन्धी कानूनले नागरिकता प्राप्ति सम्बन्धी विषय, विदेशीसँग समलिङ्गी वैवाहिक सम्बन्धमा भएमा नागरिकता र राहदानी प्राप्ति सम्बन्धी व्यवस्था, वंशजको संरचना (तीन पुस्ते विवरण) लगायतका विषयमा प्रभाव पार्न सक्ने देखिन्छ।

- **प्रजननसम्बन्धी अधिकार व्यवस्थामा प्रभाव**

  समलिङ्गी विवाहसम्बन्धी कानून तर्जुमा गर्दा समलिङ्गीको प्रजनन अधिकार सम्बन्धी समेत व्यवस्था गर्नु पर्दछ। जसका लागि डिम्बदान र सरोगेसीलाई समेत कानूनी मान्यता दिनुपर्ने देखिन्छ। आइभिएफ, गर्भ संरक्षण लगायतका विषयलाई समेत संशोधन गर्नु पर्ने देखिन्छ।

- **करणी सम्बन्धी**

हाल प्रचलित कानूनमा करणीसम्बन्धी व्यवस्थामा महिलालाई मात्र समेटेको छ। यसमा समलिङ्गीलाई र समलिङ्गीबाट हुन सक्ने करणी समेतलाई समेट्नु पर्ने देखिन्छ। समलिङ्गी विवाह सम्बन्धी कानून तर्जुमा गर्दा वैवाहिक करणीलाई समेत संशोधन गर्नु पर्ने देखिन्छ। हाडनाता करणी, निजको संरक्षणउपर रहने व्यक्तिको करणी, यौन दुर्व्यवहार लगायतका विषयमा समेत प्रभाव पर्ने देखिन्छ। साथै समलिङ्गी विवाहसम्बन्धी कानूनी व्यवस्था गर्दा विद्यमान अप्राकृतिक मैथुनसम्बन्धी व्यवस्था समलिङ्गी दम्पतीको हकमा आवश्यक पर्ने भएकोले त्यस्ता समलिङ्गी दम्पतीको हकमा कानूनी मान्यता दिने गरी व्यवस्था गर्नु पर्ने अवस्था आउँछ। जसले गर्दा समाजको सामाजिक संरचनामा नै परिवर्तन हुन सक्ने देखिन्छ।

- **धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी व्यवस्था**

  समलिङ्गी जोडीले धर्मुपुत्र वा धर्मपुत्री राख्न पाउने वा नपाउने र राख्न पाउने भए राख्न सक्ने आधार निर्धारण गर्नु पर्ने देखिन्छ। धर्मपुत्र वा धर्मुत्री राख्न दिँदा सम्बन्ध विच्छेद पश्चात् दायित्व कस्को हुने, सम्पत्तिको अधिकार जस्ता विषयलाई समेत सम्बोधन गर्नु पर्ने देखिन्छ।

- **सामाजिक सुरक्षा**

  समलिङ्गी विवाहसम्बन्धी कानून तर्जुमा गर्दा पेन्सन सम्बन्धी सुविधा, स्वास्थ्य बिमा, जस्ता विभिन्न सामाजिक सुरक्षा लगायतका विषयमा पनि प्रभाव पर्ने देखिन्छ।

- **घरेलु हिंसा**

  समलिङ्गी विवाह सम्बन्धी कानूनले घरेलु हिंसा सम्बन्धी कसूरलाई समेत संशोधन गर्नु पर्ने देखिन्छ।

- **जन्म दर्ता विशेषत अन्तरलिङ्गी**

  जन्म दर्ता गर्दा विशेषत अन्तरलिङ्गीहरूलाई पर्ने प्रभाव सम्बन्धी समेत विश्लेषण गर्नु पर्दछ।

- **बालबालिकाको हुर्काइमा बाबु र आमाको दायित्व र पर्न सक्ने मानसिक प्रभाव**



नेपाल कानून आयोग

समलिङ्गी विवाह सम्बन्धी कानूनले समलिङ्गी अभिभावकको भुमिकामा समेत परिवर्तन गर्ने हुँदा बालबालिकाको मानसिक स्वास्थ्यमा पर्न सक्ने प्रभावको समेत विश्लेषण गर्नु पर्ने देखिन्छ।

व्यक्तिको अधिकारको प्रयोगका सम्बन्धमा भएका अन्तर्राष्ट्रिय अभ्यासहरु, बदलिंदो विश्व समाज र अल्पसङ्ख्यकको अधिकारको सम्मान गर्ने परिपाटीलाई हामीले पनि क्रमशः आत्मसात गर्दै जानु पर्दछ। समाजमा विकृति फैलिन्छ कि भन्ने धारणाका आधारमा मात्र यस्ता व्यक्तिको अधिकारलाई कानूनी रुपमा नै बेवास्ता गर्दै जाने हो भने हाम्रो मानव अधिकार प्रतिको प्रतिबद्धतामा अन्तर्राष्ट्रियस्तरमा नै प्रश्न उठ्न जान्छ। यस्ता व्यक्तिहरुले उनीहरुको आत्मानुभूति अनुरुपको व्यवहार, गतिविधि, आचरण गर्दैमा समाजले लैङ्गिक पहिचान बमोजिम निर्धारण गरिदिएको भन्दा अलग प्रकारको लवाई (Cross dress) हुदैमा समाजमा विकृति फैलन्छ भन्न मिल्दैन। किनकी अरुको अनुकरणबाट मात्र मानिसले आफ्नो स्वाभाविक लैङ्गिक पहिचान त्यागेर अर्को पहिचान अगाल्ने होइन। यो समस्या कुनै Psychiatric समस्या नभएर प्राकृतिक रुपमा नै आउने स्वभावगत अवस्था हो भन्ने कुरा चिकित्सा विज्ञानले प्रमाणित गरिसकेको छ। अब चिकित्साशास्त्र र विज्ञानले देखाएका निचोडहरुलाई अस्वीकार गरी यथास्थितिमा रहन सकिने अवस्था पनि हुँदैन। मानिसको स्वतन्त्रता, प्रतिष्ठा र आत्मसम्मानमा चोट पुऱ्याउने खालका कुनै पनि व्यवस्थाहरु मानव अधिकारको दृष्टिकोणबाट मान्य हुन सक्दैनन्। धर्म, संस्कृति, परम्परा, मूल्य मान्यता जस्ता कुनै पनि आधारमा व्यक्तिको आधारभूत अधिकारलाई सङ्कुचन गरिनु पनि हुँदैन।[४२]

---

४२ https://www.sbs.com.au/language/nepali/ne/podcast-episode/first-same-sex-marriage-registered-in-nepal/8doabwpwv

## परिच्छेद -६
## निष्कर्ष र सुझाव

**निष्कर्ष र सुझाव**

१. समलिङ्गी विवाह गरेका जोडीहरुको हकमा निजहरुको दैनिक व्यवहारमा आवश्यक पर्ने आधारभूत विषयहरुमा सहजिकरण हुने गरी तत्काल व्यवस्था गर्नु पर्ने,

२. प्रस्तुत विषयमा यस आयोगले कानूनी पक्षमा मात्र केन्द्रित रही अध्ययन गरिएको र आर्थिक, सामाजिक तथा समाजशास्त्रीय पक्षबाट अध्ययन गरिएको छैन। समलिङ्गी विवाहलाई कानूनी रूपमा मान्यता दिइँदा त्यस्ता अन्तरसम्बन्धित विषयहरू र जनसङ्ख्या नीतिमा पर्ने दीर्घकालीन असर र प्रभावको सम्बन्धमा सम्बन्धित विज्ञ तथा सरोकारवालाहरुसँग छलफल गरी राय, परामर्श लिई थप विस्तृत अध्ययन तथा अनुसन्धान गर्न उपयुक्त हुने,

३. निष्कर्ष र सुझाव खण्डको बुदाँ नं. २ बमोजिम गरिने विस्तृत अध्ययन तथा अनुसन्धानको सुझाव र माथि परिच्छेद-५ मा गरिएको समलिङ्गी विवाह सम्बन्धी कानूनी व्यवस्थाले



नेपाल कानून आयोग

नेपाली समाजमा पार्न सक्ने दीर्घकालीन प्रभाव, त्यस्तो कानून बनाउँदा विद्यमान प्रचलित कानून मध्ये कुन-कुन कानूनमा कहाँ, के कस्तो संशोधन गर्नु पर्ने हो सो विषय र त्यस्तो कानूनले पार्न सक्ने प्रभाव समेतका आधारमा समलिङ्गी विवाह सम्बन्धी कानूनी व्यवस्थाको सम्बन्धमा नेपाल सरकारबाट नीतिगत स्पष्टता सहित आवश्यक निर्णय हुनु पर्ने,

४. निष्कर्ष र सुझाव खण्डको बुदाँ नं. ३ बमोजिम नेपाल सरकारले समलिङ्गी विवाहलाई कानूनी मान्यता दिने गरी नीतिगत निष्कर्ष निकालेको र नीतिगत स्पष्टता भएको अवस्थामा परिच्छेद-५ मा उल्लिखित तथा अन्तरसम्बन्धित अन्य कानूनका सम्बन्धमा समेत कानूनी व्यवस्था गर्न उपयुक्त हुने।

**सन्दर्भ सामग्री**


- नेपालको संविधान
- ऐन सङ्ग्रह र नियम सङ्ग्रहको खण्ड १ देखि १७ सम्म
- नेपाल कानून पत्रिकामा प्रकाशित भएका नजिरहरू
- विभिन्न पत्रपत्रिका तथा वेवसाइटमा प्रकाशित लेख रचनाहरू
- समलिङ्गी विवाह सम्बन्धी केही अन्तर्राष्ट्रिय कानूनहरू
- अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरू
- राष्ट्रिय जनगणना, २०७८
- समलिङ्गी विवाह सम्बन्धी अध्ययन प्रतिवेदन,२०७१
- LGBTQI+ सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूको वेवसाइट
- यौन अभिमुखीकरण, लैङ्गिक पहिचान तथा यौन विशेषता (यौभिकयौता) : आधारभूत अवधारणा, क्वयेर युथ ग्रुप र क्याम्पेन फर चेन्ज, २०७८


नेपाल कानून आयोग